दर्ता नं.: ७२४/०५७/५८
पान नं.: ३०१०९५२८०४

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

"दिगो साकोस, सुखी र समृद्ध सदस्य"

# 22ND ANNUAL REPORT

18-20 Ashwin 2080

दिगो साकोस,
सुखी र समृद्ध
सदस्य

## २२औं वार्षिक साधारण सभा

वार्षिक प्रतिवेदन आ.व. २०७९/०८०


चन्द्रागिरि नगरपालिका-७,
थानकोट महादेवस्थान, काठमाडौं, नेपाल

०१-४३१३०५८, ०१-४३१३०५९
०१-४३१६७७७, ०१-४३१२७७७

info@chandragiri.coop.np
saccoschandragiri@gmail.com

www.chandragiri.coop.np

# सञ्चालक समिति


योगेन्द्रकुमार कुँवर
अध्यक्ष


हरिहर सिग्देल
उपाध्यक्ष


अच्युतकुमार कार्की
सचिव


मिनाकुमारी पाठक
कोषाध्यक्ष


शरद कुँवर
सहसचिव


शिवशंकर मानन्धर
सदस्य


ऋषिराम घिमिरे
सदस्य


लक्ष्मीबहादुर महर्जन
सदस्य


दिलकुमारी महर्जन
सदस्य


गोविन्द बस्नेत
सदस्य


रविना महर्जन
सदस्य


सुबास श्रेष्ठ
सदस्य

# लेखा सुपरिवेक्षण समिति


भानुप्रकाश ढकाल
संयोजक


इन्द्रबहादुर महर्जन
सदस्य


सुष्मा कुँवर
सदस्य



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ।।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।
बहुल जाती भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

## सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

तल उल्लेखित सहकारी सिद्धान्तहरु अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारी संस्थाहरूले आफ्ना मुल्यहरूलाई व्यवहारमा उतार्नका लागि प्रतिपादन गरेका मार्गदर्शनहरु हुन् ।

१) स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntary and Open Membership)
२) सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Member Control)
३) सदस्यहरुको आर्थिक सहभागिता (Member Economic Participation)
४) स्वायत्तता तथा स्वतन्त्रता (Autonomy and Independence)
५) शिक्षा, तालिम र सूचना (Education, Training & Information)
६) सहकारी संस्थाहरुका बिच सहयोग (Co-operation among Co-operatives)
७) समुदाय प्रति चासो (Concern for Community)

# नेपालको नक्सा


N
प्रदेश १
ताप्लेजुङ
पाँचथर
इलाम
झापा
तेह्रथुम
संखुवासभा
धनकुटा
मोरङ
सुनसरी
भोजपुर
सोलुखुम्बु
खोटाङ
उदयपुर
ओखलढुंगा
सप्तरी
मधेश प्रदेश
सिराहा
धनुषा
महोत्तरी
सर्लाही
रौतहट
बारा
पर्सा
बागमती
दोलखा
रामेछाप
सिन्धुली
सिन्धुपाल्चोक
काभ्रे
रसुवा
नुवाकोट
का.
भ.
ल.
धादिङ
मकवानपुर
चितवन
गण्डकी
गोरखा
लम्जुङ
मनाङ
तनहुँ
कास्की
मुस्ताङ
स्याङ्जा
म्याग्दी
पर्वत
बाग्लुङ
नवलपरासी (पू.प.)
नवलपरासी (प.सु.)
लुम्बिनी
पाल्पा
रुपन्देही
गुल्मी
अर्घाखाँची
कपिलवस्तु
प्यूठान
रोल्पा
रुकुम (पू.)
दाङ
बाँके
बर्दिया
कर्णाली
डोल्पा
मुगु
हुम्ला
जुम्ला
जाजरकोट
रुकुम (प.)
सल्यान
कालिकोट
दैलेख
सुर्खेत
सुदूर पश्चिम
बाजुरा
बझाङ
अछाम
दार्चुला
बैतडी
डोटी
कैलाली
डडेलधुरा
कञ्चनपुर
संस्थाको कार्यक्षेत्र

# संस्थाको गतिविधिहरूका झलक:



२२ औं वार्षिक साधारण सभाको समुद्घाटन गर्नुहुँदै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका तत्कालिन सचिव श्री दामोदर रेग्मी




६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा अध्यक्ष, लेखा संयोजक, सहसचिव लगायत पदाधिकारी तथा कर्मचारीहरु




च.न.पा. ६ र ७ नं वडा सँगको सहकार्यमा रोड डिभाईडरमा दुवो तथा बिरुवा रोप्ने र सरसरसफाई कार्यक्रम




ACCU FORUM 2023 को अन्तर्राष्ट्रियस्तरको कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्नुहुँदै संस्थाका प्रमुख कार्यकारी अधिकृत

# संस्थाको गतिविधिहरूका झलक:



२०७९ माघ २९ देखि चैत्र ४ सम्म हरिद्वार ऋषिकेश तिर्थाटन कार्यक्रममा सहभागी सदस्यहरूको एक झलक




एस.इ.इ. दिइसकेका विद्यार्थीहरूको लागि २०८० जेठ १९ मा आयोजित करियर काउन्सेलिङ कार्यक्रम



काभ्रेको बिन्धवासिनी साकोससँग भगिनी सम्बन्ध स्थापनाको सहमति पत्र आदान प्रदान गर्दै



संस्थाको आयोजनामा सम्पन्न एक्सेस ब्राण्डिङ बागमती क्लस्टर तेश्रो ब्याचको ३३ औं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्याशाला

# संस्थाको गतिविधिहरूका झलक:



२०८० असार २३ मा सम्पन्न आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम तथा बजेट कार्यशालामा सहभागीहरू




२२ औं स्थापना दिवस २०८० बैशाख ६ मा स्मार्ट सापटी सेवा शुभारम्भ कार्यक्रम




संस्थामा आयोजित बंगलादेशी सहकारीकर्मीहरूलाई स्वागत गर्नुहुँदै उपाध्यक्ष




कर्मचारी शिष्टाचार सम्बन्धी तालिम कार्यक्रममा पदाधिकारी तथा कर्मचारीहरू

## चन्द्रागिरि साकोसमा उपलब्ध रेमिट्यान्स सेवा प्रदायक कम्पनीहरु :

- IME International Money Express
- Prabhu Money Transfer
- himal remit
- Reliable Remit
- Xpress Money
- Prithivi Remit
- Remit2Nepal
- Samsara Remit
- SewaRemit
- Siddhartha Remit
- Sigue Money Transfer
- NMB Bank Sulav remit
- Kumari Remit
- worldremit
- easylink Remittance
- EzRemit Money Transfer
- Janata Remit
- JME Remit Company
- Ria Money Transfer
- MoneyGram Money Transfer
- Panos Remit
- NepalRemit International Pvt Ltd
- Yes Remit
- Boom Remit
- City Express Money Transfer
- Al Ansari Exchange
- CG Money
- Worldwide Cash Express Money Transfer
- NIC Asia Remit
- QS Remit
- IME pay
- Bhatbhateni Money Transfer Pvt. Ltd.
- Best Remit
- Sanima Bank सानिमा रेमिट
- United Remit
- सूर्योदय Remit
- Nabil Remit
- सेञ्चुरी रेमिट
- Trans-Fast Worldwide Money Transfer
- eSewa Money Transfer
- Modern Remittance Pvt. Ltd

दर्ता नं.: ७२४/०५७/५८
पान नं. ३०१९५२८०४

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

"दिगो साकोस, सुखी र समृद्ध सदस्य"

प.स. : २०८०/०८१

च.न. : २६४

मिति:- २०८०/०५/१८

श्री ............................................................ ज्यू

विषय: **२२ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

यस संस्थाको सञ्चालक समितिको मिति २०८०/०४/३१ गते बसेको बैठकको निर्णय अनुसार संस्थाको २२ औं वार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएकोले तोकिएको मिति, समय र स्थानमा तोकिएका इकाईहरूमा उपस्थित भई साधारण सभामा सहभागी भईदिनु हुन सम्पूर्ण सदस्य महानुभावहरूमा अनुरोध छ ।

**तपसिलः**

**निर्णयार्थ प्रस्तावित कार्यसूचीहरूः**

१. आ.व. २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०७९/०८० को लेखासुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८०/८१ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. शेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. सहकारी एकीकरण सम्बन्धमा ।
८. आन्तरिक नीति तथा कार्यविधिहरू संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
९. विनियम संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
१०. कानूनी प्रक्रियामा रहेका संस्थाको लेना रकमहरू असुल उपर सम्बन्धमा ।
११. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
१२. सदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।
१३. विविध ।

**साधारण सभा कार्यक्रमः**

| मिति | इकाई | क्षेत्र | समय | स्थान |
|---|---|---|---|---|
| २०८०/०६/१८ बिहीबार | १ | शुभतारा सेवाकेन्द्र र ललितपुर जिल्ला अन्तर्गत रहनु भएका र पायक पर्ने अन्य क्षेत्रका सदस्यहरू | बिहान १० बजे | होटल ट्रिनिटी, खुमलटार, ललितपुर |
| | २ | काठमाडौं महानगरपालिका, बुढालिनकण्ठ न.पा. र पायक पर्ने अन्य क्षेत्रका सदस्यहरू | बिहान १० बजे | श्री जुद्धोदय मा. वि. को व्यवसायिक भवन, क्षेत्रपाटी, ठमेल |
| | ३ | दहचोक सेवाकेन्द्रको कार्यालय अन्तर्गत रहनु भएका सदस्यहरू | बिहान १० बजे | दहचोक सेवाकेन्द्रको कार्यालय प्राङ्गण |
| २०८०/०६/१९ शुक्रबार | ४ | मुख्य कार्यालय स.न. १ देखि स.न. ९००० सम्म | बिहान ८ बजे | ग्रीनल्याण्ड ब्यांक्वेट, च.न.पा. ७, चेकपोष्ट |
| २०८०/०६/१९ शनिबार | ५ | मुख्य कार्यालय स.न. ९००१ देखि स.न. २१००० सम्म | बिहान ८ बजे | ग्रीनल्याण्ड ब्यांकवेट, च.न.पा. ७, चेकपोष्ट |

**इकाई सभाबाट चुनिनुहुने प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा** : मिति २०८० आश्विन २७ गते शनिबार, ११ बजे, ग्रीनल्याण्ड ब्यांक्वेट, च.न.पा. ७, चेकपोष्ट

**पुनश्चः**

१. वार्षिक प्रतिवेदनको विद्युतीय प्रति संस्थाको वेबसाईट र फेसबुकबाट साधारण सभा हुनु भन्दा अगावै डाउनलोड गरी अध्ययन गर्न सकिनेछ भने उपस्थिति दर्ता स्थलबाट प्रतिवेदनको छपाई संस्करण प्राप्त गर्न सकिनेछ ।
२. उपस्थित सदस्यहरूलाई यातायात तथा खाजा खर्च वापत रू. ४००/- उपलब्ध गराइनेछ ।
३. उपस्थिति दर्ता गराउन आउँदा सदस्यता परिचय-पत्र वा सदस्यता खुल्ने कागजातहरू सहित सदस्य स्वयं उपस्थित हुनु पर्नेछ ।
४. इकाई सभाबाट चुनीनुहुने प्रतिनिधिहरूले मिति २०८० आश्विन २७ गते शनिबार हुने निर्णय प्रमाणित गर्ने सभामा सहभागी हुनुपर्नेछ ।

**अच्युतकुमार कार्की**
(सचिव)

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

"दिगो साकोस, सुखी र समृद्ध सदस्य"

## संक्षिप्त परिचय

**संक्षिप्त पृष्ठभूमि :**

काठमाडौंको पश्चिम तर्फ रहेको चन्द्रागिरि पहाडको उत्तरी काखमा अवस्थित चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को वि.स. २०५७ साल पौष २२ गते तत्कालिन महादेवस्थान गा.वि.स. तथा यसका आसपासका २५ जना किसान, विभिन्न पेशासँग आवद्ध तथा सामाजिक अभियन्ताहरू मिली स्थापना गरिएको थियो । स्थापना गर्दा यसको नाम चन्द्रागिरि ग्रामिण विकास सहकारी संस्था लि. रहेको थियो । वि.स. २०५८ साल बैशाख ६ गते डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता भएपछि यसले मिति २०५८ बैशाख १३ गतेदेखि औपचारिक कारोवार प्रारम्भ गरेको थियो । सुरूदेखि नै समुदायमा आधारित रहेर सञ्चालन भएको यस संस्थाको मुख्य कार्यालय चन्द्रागिरि न.पा. वडा नं ७ थानकोट महादेवस्थानमा अवस्थित छ भने चन्द्रागिरि न.पा. १२, सृजनाचोकमा दहचोक सेवाकेन्द्र र ललितपुर महानगरपालिका वडा नं १४ मा शुभतारा सेवाकेन्द्र रहेका छन् ।

**कार्यक्षेत्र :**

यस संस्थाको कार्यक्षेत्र काठमाडौं तथा ललितपुर जिल्ला भर र धादिङ जिल्लाको धुनीबेसी नगरपालिका भर रहेको छ ।

**परिकल्पना :**

दिगो साकोस, सुखी र समृद्ध सदस्य ।

**ध्येय :**

बचत तथा ऋण सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तहरूलाई आत्मसात गर्दै नविन विधि र अत्याधुनिक प्रविधिको समुचित प्रयोग गरी उत्कृष्ट वित्तीय सेवा एवं सामाजिक सुरक्षा सहित अन्य सेवाहरू मार्फत सदस्यहरूको जीवनस्तर अभिवृद्धि गर्ने ।




**अन्तर निहित मुल्य :**

यस संस्था देहायका कुराहरूमा आफ्नो प्रतिवद्धता जाहेर गर्दछ ।

(क) यस संस्था सहकारीका सर्वमान्य अन्तर्राष्ट्रिय सिद्धान्तहरू र मुल्य मान्यताहरूलाई आत्मसात गर्दै आफ्नो कार्य सञ्चालन प्रक्रियामा तिनीहरूलाई अनुसरण गर्न प्रतिवद्ध छ ।

(ख) सदस्यता प्रदान गर्दा वा सदस्यहरूलाई सेवा प्रदान गर्दा जाती लिङ्ग धर्म आस्था र आर्थिक स्तरको आधारमा कुनै किसिमको भेद्भाव र पक्षपात गर्ने छैन ।

(ग) संस्थामा सुशासन कायम गरी संस्थालाई दिगो रूपमा सञ्चालन गर्न र सदस्यहरूको आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्न प्रतिवद्ध छ ।

(घ) सदस्यहरूको निःस्वार्थ सेवा आफ्नो धर्मको रूपमा लिइनेछ साथै इमान्दारिता, पारदर्शिता र खुल्लापन मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्नेछ ।

(ङ) सदस्यहरूवाट प्राप्त सल्लाह र सुझावहरू संस्था सञ्चालनका आधारहरू बन्नेछ ।

(च) सञ्चालक एवं कर्मचारीहरू संस्थाप्रति स्वउत्तरदायी र जवाफदेही हुनेछन् र सदस्यहरूको काममा कुनै किसिमको ढिला सुस्ती हुन दिने छैन ।

(छ) संस्थाले सदस्यलाई सेवा प्रदान गर्ने सिलसिलामा कुनै किसिमको नाजायज फाईदा उठाइने छैन र कसैलाई पनि उठाउन दिने छैन ।

(ज) सदस्यहरूको आर्थिक कारोवारको गोपनियता राख्न संस्था प्रतिवद्ध छ ।

(झ) गोपनीयता राख्नैपर्ने बाहेक संस्थाका हरेक कारोवार र क्रियाकलापहरू सबै सदस्य तथा सरोकारवालाहरूका लागि पारदर्शी हुनेछ ।

**आवद्धता :**

यस संस्था देहायका राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा आवद्ध रहेको छ ।

- एसियाली ऋण महासंघ (ACCU), थाइल्याण्ड
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), काठमाडौं
- राष्ट्रिय सहकारी बैंक लि., ललितपुर
- बागमती प्रदेश सहकारी संघ लि., ललितपुर
- बागमती प्रोस्कुन लि., काभ्रे
- जिल्ला सहकारी संघ लि., काठमाडौं
- काठमाडौं जिल्ला संघ लि., काठमाडौं
- सृमद्धि आवास विशिष्टीकृत स.सं. लि., काठमाडौं
- महामञ्जूश्री आवास तथा हाउजिङ विशिष्टीकृत सहकारी संघ लि., भक्तपुर

**विशेषता :**

- समुदायमा आधारित
- ३६५ दिन काउन्टर सेवा
- मुख्य कार्यालयमा बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म सेवा
- सामाजिक सुरक्षा, एम्बुलेन्स तथा शवबाहन सुविधा
- डिजिटल सहकारी सेवा
- लघुवित्त कार्यक्रम सञ्चालन

**संस्थाले प्राप्त गरेका पुरस्कार तथा सम्मान :**

| क्र.स. | सम्मान तथा पुरस्कार | सम्मान/पुरस्कार प्रदान गर्ने संघ संस्था/निकाय |
|---|---|---|
| १ | देशभरिमा उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) पुरस्कार, २०८० | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि (नेफ्स्कून) |
| २ | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७६ | राष्ट्रिय सहकारी महासंघ |
| ३ | नेफ्स्कून प्रशंसा पुरस्कार, २०७८ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि. (नेफ्स्कून) |
| ४ | उत्कृष्ट साकोस सम्मान, २०७७ | काठमाडौं बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (कास्कुन) |
| ५ | सर्वोत्कृष्ट बचत र नवीकरण शुल्क सम्मान, २०७६ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि. (नेफ्स्कून) |

| क्र.स. | सम्मान तथा पुरस्कार | सम्मान/पुरस्कार प्रदान गर्ने संघ संस्था/निकाय |
|---|---|---|
| ६ | शाखा स्तरीय उत्कृष्ट कारोवार सम्मान २०७९ | राष्ट्रिय सहकारी बैंक |
| ७ | उत्कृष्ट संस्था सम्मान, २०७२ | ५९ औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |
| ८ | उत्कृष्ट संस्था सम्मान, २०६७ | ५४ औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |

**संस्थाको बचत सेवा र ब्याजदर :**

| क्र.स. | बचतको प्रकार | ब्याजदर |
|---|---|---|
| १ | नियमित बचत | ७% |
| २ | मासिक बचत | ७% |
| ३ | वाल बचत | ७% |
| ४ | साधारण बचत | ६.५% |
| ५ | खुत्रुके बचत | ६.५% |
| ६ | रेमिट्यान्स बचत | ८.५% |
| ७ | छुनुमुनु बचत | ८%-१२.५% |
| ८ | सदस्य उन्नती बचत | ९% |
| ९ | विशेष बचत | ७.५% |
| १० | जेष्ठ सदस्य बचत | ८.५% |
| ११ | दैनिक बचत | ७% |
| १२ | शेयर लाभांस बचत | ६.५% |
| १३ | कर्मचारी सञ्चय कोष बचत | १२% |
| १४ | कर्मचारी हितकोष | १२% |
| १५ | संरक्षित पुँजी फिर्ता कोष बचत | ६.५% |
| १६ | पेन्सन नियमित बचत | १२% |
| १७ | अक्षयकोष बचत | १३% |
| १८ | आवधिक बचत १०० दिने | ११% |
| १९ | आवधिक बचत छ महिने | १२.१०% |
| २० | सरल आवधिक बचत | १२% |
| २१ | आवधि बचत १ वर्षे | १२.२५%-१२.७५% |
| २२ | आवधि बचत २ वर्षे | १२.७५%-१३.२५ % |
| २३ | रेमिट्यान्स आवधिक बचत | १२.१०%-१ ३.५०% |

**संस्थाको ऋण सेवा र ब्याजदर :**

| क्र.स. | बचतको प्रकार | ब्याजदर |
|---|---|---|
| १ | कृषि तथा पशुपालन ऋण | १५.२५% |
| २ | व्यापार तथा व्यवसाय ऋण | १५.७५% |
| ३ | उद्यमी पुनरूत्थान ऋण | १५.७५% |
| ४ | उद्यमी ऋण | १५.५०% |
| ५ | युवा उद्यमशीलता ऋण | १४.००% |
| ६ | आवास ऋण | १५.७५% |
| ७ | जग्गा खरिद ऋण | १५.७५% |
| ८ | प्रोफेशनल ऋण | १५.७५% |
| ९ | हायर पर्चेज ऋण | १५.७५% |
| १० | शैक्षिक ऋण | १५.००% |
| ११ | समूह जमानी लघुवित ऋण | १५.७५% |
| १२ | सामाजिक कर्म ऋण | १५.७५% |
| १३ | वैदेशिक रोजगार ऋण | १५.७५% |
| १४ | नियमित बचत जमानी ऋण | १४.००% |
| १५ | लघुवित शेयर जमानी ऋण | १५.७५% |
| १६ | आवास ऋण | १५.७५% |
| १७ | वैकल्पिक उर्जा ऋण | १३.००% |
| १८ | चालु पुँजी ऋण | १५.७५% |
| १९ | चन्द्रागिरि सरल ऋण | १५.७५% |
| २० | बचत जमानी ऋण | १५.००% |
| २१ | आवधिक बचत ऋण | +२% |

**सदस्यहरूले प्राप्त गर्ने सेवा सुविधा :**

| क्र.स. | सेवा सुविधा | विवरण |
|---|---|---|
| १. | काजक्रिया राहत | सदस्यको मृत्य भएमा ५ देखि १५ हजार र सदस्यको परिवारको मृत्यु भएमा ५ हजारसम्म । |

| क्र.स. | सेवा सुविधा | विवरण |
|---|---|---|
| २. | स्वास्थ्य उपचार राहत | अस्पतालमा भर्ना भई उपचार गराउँदा वर्षको ३० हजारसम्म । शल्यक्रिया गर्नु पर्ने भएमा भर्ना नभएतापनि सुविधा प्राप्त हुने । |
| ३. | घातक रोग उपचार राहत | घातक रोग लागेमा कारोवारको आधारमा वर्षमा बढीमा रू. ५ लाखसम्मको घातक रोग उपचार राहत सुविधा प्राप्त हुने । हाल १८ घातक रोगहरूमा यो सुविधा उपलब्ध छ । |
| ४. | सुरक्षित मातृत्व खर्च | अस्पताल भर्ना भई सुत्केरी भएमा ५ हजारदेखि ७ हजारसम्म । |
| ५. | एम्बुलेन्स सुविधा | सदस्यहरूले वर्षको ३ पटकसम्म निःशुल्क सेवा लिन सक्ने । |
| ६. | शवबाहन सुविधा | सदस्य र सदस्यको परिवारले निःशुल्क सेवा लिन सक्ने । |
| ७. | आकस्मिक सापटी सुविधा | स्वास्थ्य उपचार, दुर्घना, दैवीप्रकोप, महामारी, आगलागी, भुकम्प आदि जस्ता आकस्मिक अवस्थाहरूमा रू. १५ हजारसम्म ९० दिनको लागि निर्व्याजी सापटी सुविधा उपलब्ध हुने । |
| ८. | तिर्थाटन | वार्षिक कारोवारको आधारमा सदस्यहरूको समेत योगदान रहने गरी देश भित्र, देश बाहिरका विभिन्न धार्मिक स्थलहरूको दर्शन कार्यक्रममा सहभागी हुने अवसर । |
| ९. | छात्रवृत्ति | कार्यक्षेत्रको सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययन गर्ने आर्थिक रूपले विपन्न र जेहेन्दार विद्यार्थीहरूको लागि चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति प्रदान गरिने । |
| १०. | विभिन्न तालिम तथा परामर्श | वित्त व्यवस्थापन, पारिवारिक योजना र बजेट, उद्यमशीलता विकास, व्यवसाय प्रवर्द्धन, बजारीकरण, व्यक्तित्व विकास, सिप विकास आदिको लागि विभिन्न तालिम तथा परामर्श । |
| ११. | दुर भुक्तानी सेवा | सदस्यहरूले सहकारीमा रहेको आफ्नो खाताको रकम दुर भुक्तानी पुर्जाको आधारमा सहकारीमा उपस्थित नै नभई आफ्नो बैंक खातामा भुक्तानी प्राप्त गर्ने सुविधा । |

**प्रविधिमा आधारित डिजिटल सेवाहरू :**

१. **चन्द्रागिरि एम.सर्भिस.**

- बैंकिङ्ग सेवा
- बैंकबाट संस्था र संस्थाबाट बैंकमा फण्ड ट्रान्स्फर सेवा
- स्मार्ट सापटी सेवा
- वालेटहरूमा रकम लोड सेवा
- रेमिट्यान्स सेवा
- QR भुक्तानी सेवा
- क्रेडिट कार्ड भुक्तानी सेवा
- बिल र युटिलिटी बिल भुक्तानी सेवा
- टिकेटिङ र बुकिङ सेवा
- मोबाईल टपअप, टेलिफोन महसुल, इन्टरनेट, टि.भी. टुटल पठाओ, ट्राफिक जरिवाना, शेयर र ब्रोकर आदिको भुक्तानी सेवा
- विमाशुल्क, विद्युत महसुल, खानेपानी आदिको भुक्तानी सेवा
- एनसेल Ncell Voice/Data Pack खरिद

२. **एटिएम सेवाः**

चन्द्रागिरि साकोसको एटिएम कार्डबाट रकम निकाल्न सकिने एटिएम धारक बैंक वित्तीय संस्था

- चन्द्रागिरि साकोसको आफ्नै एटिएम
- नेपालमा एटिएम सेवा सञ्चालन गर्ने सबै सहकारी संस्था
- विभिन्न वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स कम्पनी

**संस्थाले सञ्चालन गरेका महत्वपूर्ण क्रियाकलापहरू :**

- सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई कक्षा ११ देखि स्नातकोत्तर तहसम्म अध्ययनको लागि चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको ।

- संस्थाको सदस्यहरूको सवारी साधनको ब्लुबुक नविकरण र कर्मचारी सञ्चयकोषको ऋण सापटीको किस्ता भुक्तानीको लागि स्मार्ट काउन्टर सेवा ।
- मिति २०७६ माघ १ गतेदेखि संस्थाका सदस्यहरूका लागि चन्द्रागिरि यातायातको बस भाडामा छुटको व्यवस्था ।
- कोभिड १९ को महामारीको समयमा नि:शुल्क पिपिई वितरण तथा भ्यान्टीलेटर निर्माण, स्वावटेस्ट बुथ निर्माणमा हौसला प्रदान गर्ने उद्देश्यले राष्ट्रिय आविश्कार केन्द्रलाई आर्थिक सहयोग ।
- मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालले स्थापना गरिएको कोरोना भाईरस नियन्त्रण सहकारी केन्द्रलाई आर्थिक सहयोग ।
- कोभिड १९ को महामारीबाट प्रभावित ऋणहरूको भाखा सार्ने सुविधा उपलब्ध गराउनुको साथै ५ देखि १५ प्रतिशत ब्याज रिबेट उपलब्ध गराइएको ।
- लकडाउन अवधिमा अस्पतालमा उपचार गराईरहेका सदस्यहरूलाई उपचार खर्चको अभाव भएमा रू. २५ हजारसम्मको अस्पतालको बिल संस्थाकै तर्फबाट भुक्तानी गर्ने व्यवस्था गरिएको ।
- कोभिड १९ को महामारी तथा लकडाउनको कारण प्रभावित साना स्वरोजगार सञ्चालन गरिरहेका, अनौपचारिक क्षेत्रमा श्रमिक सदस्यहरूलाई रू. १५ हजारसम्म ९० दिनको लागि निर्ब्याजी सापटी उपलब्ध गराइएको ।
- वि.स. २०७२ इन्धन अभावको कारण सार्वजनिक यातायात सहज नहुँदा नि:शुल्क यातायात सञ्चालन ।
- मितव्ययी सामाजिक जागरणका लागि नियमित सामुहिक ब्रतवन्धको कार्यक्रम सञ्चालन ।
- युवाहरू सशक्तिकरणका लागि खेलकुद कार्यक्रम सञ्चालन ।
- स्थानीयस्तरमा वातावरण संरक्षणको लागि रोड डिभाइडरमा हरियाली अभियान र सरसफाई तथा प्लाष्टिक झोला मुक्त गर्ने अभियान सफल पार्न सदस्यहरूलाई पुन: प्रयोग गर्न सकिने झोला नियमित वितरण ।
- विगत ९ वर्षदेखि सदस्य, अशक्त, असहाय, विपन्न वर्गलाई नि:शुल्क शवबाहन तथा एम्बुलेन्स सेवा प्रदान गर्दै आएको ।
- आर्थिक रूपमा कमजोर तथा जेहेन्दार विद्यार्थीहरूलाई कक्षा १० सम्म छात्रवृत्ति प्रदान ।
- सहकारी, शैक्षिक तथा सामाजिक क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेका व्यक्ति तथा संस्थाहरूलाई निरन्तर सम्मान तथा सहयोग ।
- नियमित सदस्य तथा समुदायका अन्य सदस्यहरूलाई स्वास्थ्य परीक्षणको लागि स्वास्थ्य शिविर र विशेष गरी महिलासँग सम्बन्धित रोग निवारण तथा पहिचानका लागि स्वास्थ्य सचेतनात्मक कार्यक्रमको निरन्तरता ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी दिवसमा आयोजित कार्यक्रम तथा सार्वजनिक यातायात, सडक ट्राफिक व्यवस्थापन सरसफाई लगायत विभिन्न स्थानीयस्तरमा रहेका समस्याहरू समाधानमा सक्रिय सहभागिता ।

## संस्थाको स्थापना कालदेखि वर्तमान समयसम्म संस्थाको कारोवारको झलक:

| आ.व. | शेयर पुँजी रू. | बचत रू. | ऋण रू. | कुल सम्पत्ति रू. |
|---|---|---|---|---|
| २०५७/५८ | ३,५८,००० | ३६,१२९ | ३४,१२५ | ३,९६,६८४ |
| २०५८/५९ | ७,२९,००० | ३,०६,०२२ | ८,९१,२०० | ११,१२,७२८ |
| २०५९/६० | १२,३३,००० | १३,२२,६०१ | १८,५९,९७३ | २६,३७,५५३ |
| २०६०/६१ | १५,००,००० | ३४,९०,३२० | ३२,२८,६९६ | ५३,५०,३७१ |

| आ.व. | शेयर पुँजी रू. | बचत रू. | ऋण रू. | कुल सम्पत्ति रू. |
|---|---|---|---|---|
| २०६१/६२ | २३,४३,००० | १,०३,५१,६३६ | १,०८,५३,४७३ | १,३८,५३,३४० |
| २०६२/६३ | ३०,००,००० | १,६३,२६,८९९ | १,४२,३१,८२३ | २,१०,४७,३८३ |
| २०६३/६४ | ४०,००,००० | २,६०,१३,६४३ | २,५५,६०,५१४ | ३,२४,५७,६१४ |
| २०६४/६५ | ६०,००,००० | ४,१५,०९,२०३ | ३,९६,१२,१४८ | ५,१६,३२,०५३ |
| २०६५/६६ | १,०२,००,००० | ८,३८,९१,५९२ | ८,५४,४०,०४३ | १०,३७,४३,२९३ |
| २०६६/६७ | २,०७,००,००० | १४,४४,४८,८४२ | १२,२२,५६,०४९ | १७,८८,५६,८३० |
| २०६७/६८ | ३,१३,००,००० | २३,९७,५०,०२० | २१,३०,७८,४६४ | २९,४४,८४,२८४ |
| २०६८/६९ | ४,१३,००,००० | ३९,४४,२१,८६८ | २८,०८,३९,५१० | ४७,२६,७९,५६५ |
| २०६९/७० | ४,५५,७२,८०० | ४४,२३,४०,४५० | ४८,०३,३५,६३९ | ६२,०२,९०,३९३ |
| २०७०/७१ | ५,२७,३७,९०० | ५३,९४,६८,३०२ | ४९,२७,४२,१६१ | ७०,४१,०३,१७३ |
| २०७१/७२ | ६,७६,००,००० | ६५,८०,९५,६३७ | ६०,९६,४०,७५५ | ९५,२४,१८,५९१ |
| २०७२/७३ | ७,४२,०२,३०० | ८८,३८,११,२९८ | ७३,३८,६३,२५३ | १,२०,४९,६४,३१० |
| २०७३/७४ | ८,४९,९३,७०० | ९५,०३,१४,२५२ | ८७,४१,३१,६०६ | १,४०,५२,८७,३९४ |
| २०७४/७५ | ९,२६,९२,८०० | १,१०,०३,८४,६७५ | ८१,०७,५८,७१२ | १,४५,२६,७२,७०८ |
| २०७५/७६ | १०,२०,००,००० | १,४०,२६,७२,९३९ | १,१०,६६,१६,३७२ | १,७२,८५,०२,६७० |
| २०७६/७७ | १०,६४,००,००० | १,७४,८४,६७,८०० | १,२८,३९,०४,६८७ | २,१०,९३,६१,८९५ |
| २०७७/०७८ | १६,१३,८०,००० | २,२१,२४,८१,७०० | १,७३,८५,४७,७८२ | २,७२,६९,८१,६७८ |
| २०७८/०७९ | १७,४०,४९,५०० | २,४१,६९,५८,६९१ | २,००६,७७,६४९८ | २,९४,२५,५१,२२३ |
| २०७९/०८० | १९१,२२५,४०० | २,६७६,०३१,८५४ | २,१२१,८५७,७६१ | ३,०५,०५,९०,२७० |

## आ.व. २०६४/०६५ देखि सदस्यहरुले प्राप्त गरेको सुविधा रकमको विवरण:

| आ.व. | सेवा सुविधाको विवरण | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | काजकिरिया सुविधा रू. | स्वाथ्य उपचार सुविधा रू. | घातक रोग उपचार सुविधा रू. | दुर्घटनाक्षति सुविधा रू. | सुरक्षित मातृत्व सुविधा रू. | एम्बुलेन्स सुविधा रू. | शव बाहन सुविधा सुविधा रू. | |
| २०६४/६५ | ९१,००० | १,३५,६८० | | ४०,००० | ३०,१६० | | | २,९६,८४० |
| २०६५/६६ | १,१६,००० | २,७९,०५५ | | | ३१,१७३ | ६,९५० | | ४,३३,१७८ |
| २०६६/६७ | १,२३,००० | ४,४४,२०० | | | ३३,६३७ | ९,२३० | | ६,१०,०६७ |
| २०६७/६८ | १,८५,००० | ४,७९,५५५ | | २०,००० | ३६,५८९ | ७,२५० | | ७,२८,३९४ |
| २०६८/६९ | १,६४,००० | ६,०६,०१७ | | | १,३१५५९ | २३४३० | | ९,२५,००६ |
| २०६९/७० | १,६८,००० | १०,३७,११८ | | | १,७५,९१३ | १,०७,२५० | ११,००० | १४,९९,२८१ |
| २०७०/७१ | २,२३,८०० | १६,६०,६१२ | | | ८७,४११ | १,१०,७६१ | १८,५०० | २१,०१,०८४ |
| २०७१/७२ | २,१५,५०० | १३,२७,६६५ | | ९१,००० | १,६०,३५३ | ७१,९०२ | १९,७५० | १८,८६,१७० |
| २०७२/७३ | १,७६,६०० | ११,५१,७३२ | | १,०४,००० | १,५२,८१८ | ८७,३१० | ११,२६० | १६,८३,७२० |
| २०७३/७४ | १,६७,७०० | १५,४८,६५४ | | | १,०५,,५०० | ८१,५८५ | १२,७६२ | १९,१६,२०१ |
| २०७४/७५ | ४,०५,५५० | १७,७८,७९९ | | ९९,००० | २,५८,४५० | १,०५,४९५ | ९,०६० | २६,५६,३५४ |
| २०७५/७६ | ५,२१,७०० | ३४,२६,५४२ | | १,००,००० | ४४४,५२६ | १,२८,७७५ | ३१,०९० | ४६,५२,६३३ |
| २०७६/७७ | ५,३५,६२५ | २६,१३,६७४ | ४८,००० | ९०,००० | ४,५३,३११ | १,२४,३१९ | २७,८८३ | ३८,९२,८१२ |
| २०७७/०७८ | ५,५३,३७५ | २५,०९,५३४ | ५,९६,८२२ | | ४,२६,९०५ | ८३,८०५ | १५,९२० | ४१,८६,३६१ |
| २०७८/०७९ | ७,५४,१२५ | ४०,७०,६७४ | ३,७६,४९० | | ४९४८५० | १०९५५५ | १४७५० | ५८,२०,४४४ |
| २०७९/०८० | ७,२३,२५० | ५५,४६,८०२ | १,०८,००७ | | ६,०२,९५० | १,५७,४७० | ३८,३३० | ७१,७६,८०९ |
| **जम्मा** | **५१,२४,२२५** | **२,८६,१६,३१३** | **१,१२९,३१९** | **५,४४,०००** | **३६,२६,१०५** | **१२,१५,०८७** | **२,१०,३०५** | **४,०४,६५,३५४** |

## आ.व. २०६४/०६५ देखि सदस्य सेवा सुविधा रकम प्राप्त गर्ने सदस्यहरुको संख्यात्मक विवरण:

| आ.व. | सेवा सुविधाको विवरण | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | आपतकालिन सापटी | काजकिरिया | घातक रोग उपचार | स्वास्थ्य उपचार | दुर्घटना क्षति | सुरक्षित मातृत्व | एम्बुलेन्स सुविधा | शबवाहन सुविधा | |
| २०६४/६५ | २३ | २५ | | २४ | १ | १४ | | | ८७ |
| २०६५/६६ | २७ | ३४ | | ३६ | | ११ | १५ | | १२३ |
| २०६६/६७ | ६१ | ४० | | ५८ | १ | १५ | २० | | १९५ |
| २०६७/६८ | ८६ | ५१ | | ६६ | | १४ | १५ | | २३२ |
| २०६८/६९ | ४७ | ४८ | | ७७ | | ३४ | १४३ | | ३४९ |
| २०६९/७० | १६ | ४७ | | ११६ | | ४८ | १८० | ८ | ४१५ |
| २०७०/७१ | १७ | ६३ | | १७८ | | २४ | १७४ | ८ | ४६४ |
| २०७१/७२ | १० | ६० | | १३५ | ३ | ४५ | १५१ | ९ | ४१३ |
| २०७२/७३ | २२ | ५७ | | ११० | ३ | ५० | १४२ | ६ | ३९० |
| २०७३/७४ | ६ | ५१ | | १४६ | | ३५ | १२९ | ९ | ३७६ |
| २०७४/७५ | ११ | ८७ | | १६७ | ३ | ७६ | १६२ | ६ | ५१२ |
| २०७५/७६ | ६ | ९९ | | २९० | १ | ९२ | १७६ | २१ | ६८५ |
| २०७६/७७ | ४० | १०२ | १ | २१६ | २ | ८९ | १९३ | १८ | ६६१ |
| २०७७/०७८ | ९ | ११४ | ७ | २१३ | | ८९ | १२५ | १२ | ५६९ |
| २०७८/०७९ | ४ | १७४ | ४ | ३२१ | | १०५ | १६६ | ९ | ७८३ |
| २०७९/०८० | ४ | १४८ | १ | ४१२ | ० | ११३ | १६८ | १७ | ८६३ |
| **जम्मा** | **३८९** | **१,२००** | **१३** | **२,५६५** | **१४** | **८५४** | **१,९५९** | **१२३** | **७,११७** |



## नियमित बचत किन ?

- कुनै पनि ऋण सुविधा लिँदा थप अतिरिक्त शुल्क नलाग्ने ।
- सदस्य राहत नीतिबाट पाउने कुनै पनि सुविधा (प्रसुति, स्वास्थ्य उपचार, एम्बुलेन्स, शव वाहन सेवा, काजकिरिया सहयोग) मा कटौती नहुने ।
- कुनै पनि ऋणको लागि व्यक्तिगत धन जमानीबाट बन्चित हुन नपर्ने ।
- नियमित बचतको दोब्बर ऋण प्राप्त हुने ।
- आवश्यकता अनुसार ७०% सम्म भुक्तानी लीन सकिने ।

**नियमित बचत रू. ३००/- देखि रू. ५०००/- सम्म मासिक गरौं ।**

# २२ औं वार्षिक साधारण सभा २०८० आश्विन १८ देखि २० गते को लागि सञ्चालक समितिको तर्फबाट अध्यक्ष योगेन्द्रकुमार कुँवरज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

**आदरणीय सदस्य महानुभावहरू, सरोकारवाला व्यक्ति संघ संस्था र निकायहरू,**

यस गरिमामय २२ औं वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन २०७९/०८० प्रस्तुत गर्न पाउँदा हर्षको महसुस गरेको छु । सहकारी अभियानमा छुट्टै पहिचान बोक्न सफल यस संस्थाको अध्यक्षको रूपमा यहाँहरूको सेवा गर्ने अवसर प्राप्त भएकोमा र संस्थाले हासिल गरेको उपलब्धीहरू यहाँहरूबिच बाँड्न पाएकोमा म अत्यन्त उत्साहित छु ।

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को सदस्य सेवामा एउटा छुट्टै समृद्ध पृष्ठभूमि छ । वि.स. २०५७ सालमा स्थापना र २०५८ बैशाख ६ मा दर्ता भई सञ्चालनमा आएको यस संस्थाले कार्यक्षेत्र भित्रको समुदायमा सहकारी वित्तीय तथा अन्य सेवाहरू मार्फत व्यक्तिहरूको जीवनस्तरमा अभिवृद्धि गरी गरिवी विरूद्ध लड्न र पारस्पारिक सहयोग अभिवृद्धि गर्न सशक्त बनाउने उद्देश्यले आफ्ना सेवाहरू विकास र विस्तार गरिहेको छ । २ दशक भन्दा बढी समयको हाम्रो इतिहासमा हामीले अनुभव गर्नुपरेका आरोह र अवरोहहरूमा सदस्यहरू र समुदायबाट प्राप्त विश्वास र समर्थन हाम्रो सहकारी सञ्चालनको ध्येय बनेर दुरगामी सोचमा स्थापित रह्यो । यसैको परिणामस्वरूप विश्व अर्थतन्त्रमा आएको गिरावट, वित्तीय बजारको असन्तुलनले देखापरेको बैंक वित्तीय संस्थाको तरलता चाप तथा सहकारी क्षेत्रमा देखिएका समस्याका बाबजुत यो संस्था निरन्तर वित्तीय सक्षमताका साथ सञ्चालन भईरह्यो । वर्षभरी कुनै पनि समय ऋण लगानी बन्द भएन, बचत निक्षेपको वृद्धि भयो, सदस्यता वृद्धि भयो र कुल सम्पत्तिमा पनि वृद्धि भयो ।

सहकारीताको माध्यम तथा सहकारी सेवाको उत्कृटष्ता प्रतिको हाम्रो प्रतिवद्धतामा अविचलित भई हामी निरन्तर अगाडि बढिरहेका छौं । यस क्रममा संस्थाले सदस्य र समुदायका विचमा मात्र हैन राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आफ्नो ख्याती वृद्धि गर्न सफल भइरहेको छ । हामीले सहकारी क्षेत्रमा गरेको उत्कृष्ट व्यवस्थापनको नमुना स्वरूप यसै वर्ष संस्थाका प्रमुख कार्यकारी अधिकृत देशभरीको सहकारी संस्थाका व्यवस्थापकहरू मध्ये उत्कृष्ट व्यवस्थापक २०८० (प्रमुख कार्यकारी अधिकृत) को रूपमा पुरस्कृत हुने घोषणा नेफ्स्कूनबाट भएकोले प्रस्ट पार्दछ । सहकारी व्यवसाय मोडललाई स्थापित गर्न सफल भएको प्रमाण हामीले राष्ट्रिय सहकारी महासंघबाट प्राप्त गरेको उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७६ ले पुष्टी गर्दछ भने कोभिड १९ को महामारी जस्तो विपत्तिको समयमा समेत नवप्रवर्तन सहित आफ्नो सेवालाई उत्कृष्टताका साथ सुचारू राख्न सफल भएको कुरा नेफ्स्कून प्रशंसा पुरस्कार २०७८ प्राप्त भएको कुराले पुष्टी गर्दछ । यति मात्र नभई सदस्य र समुदाय प्रति समर्पित भई निरन्तर सेवामा रहँदा संस्थाले अन्य थुप्रै पुरस्कार तथा सम्मानहरू प्राप्त गरेका छन् । तथापी संस्था जहिले पनि आफ्ना सदस्यहरूलाई पुऱ्याएको सेवाबाट पहिलो पुरस्कार र सम्मान सदस्यहरूबाट नै प्राप्त गर्नुपर्छ भन्ने कुरामा बढी विश्वास गर्दछ ।

हाम्रो सदस्यहरूको विविधता, समिति उपसमितिको संरचना र समावेशीताको स्थिति, मानव संशाधन व्यवस्थापनको अवस्था, रणनीतिक योजना र प्रभावकारी संगठनात्मक व्यवस्थापनले हाम्रो नेतृत्वको अठोट र प्रतिवद्धतालाई प्रतिविम्वित गर्दछ । हामी यो २२ औं वार्षिक साधारण सभाको लागि भेला हुँदै गर्दा म सबै सदस्यहरूलाई हामीले गरेको क्रियाकलाप र प्रगतिहरू यस प्रतिवेदनमा प्रस्तुत भएका विवरणहरूको आधारमा समीक्षा गर्न, हाम्रा

उपलब्धीहरूमा खुशी मनाउन, हाम्रा साझा चुनौतीहरू स्वीकार गर्न र भविष्यको लागि स्पष्ट मार्गचित्र कोर्नको लागि हामी सँगसँगै सहभागी भइदिनु हुन आमन्त्रण पनि गर्दछु । यहाँहरू सबैको सहयोग, साथ र समर्थनले नै हामी दिगो साकोस, सुखी र समृद्ध सदस्यहरूको परिकल्पना साकार पार्दै हाम्रो साझा मिसन पुरा गर्ने कार्य जारी राख्ने अठोट गर्दछौ ।

**आदरणीय सदस्य महानुभावहरू,**

अब म यस यहाँहरू समक्ष आ.व. २०७९/०८० को मुख्य मुख्य प्रगतिहरू र संस्थाले सञ्चालन गरेका कार्यक्रमहरूको विवरणहरू प्रस्तुत गर्दछु ।

**सदस्यताः १७,६४०**

आ.व. २०७८/०७९ को अन्तसम्ममा संस्थाको सदस्य संख्या १५,८८४ जना रहेकोमा आ.व. २०७८/०७९ मा १,७५६ जना सदस्य थप भई कुल सदस्य संख्या १७,६४० जना कायम भएको छ । जस मध्ये १६,८५५ जना शेयर सदस्य ६९८ जना बाल बचतकर्ता रहेका छन् । कुल संख्या मध्ये १०,९८२ जना महिला ६,५७१ जना पुरूष र सहकारी ऐन, नियमावली बमोजिम सदस्यता लिएका ८७ वटा संस्थागत सदस्य सहित उक्त सदस्य संख्या कायम भएको हो । गत वर्षको तुलनामा ११.०६% ले सदस्य संख्यामा वृद्धि भएको छ ।

**शेयर पुँजीः रू. १९,१२,२५,४००.००**

गत आ.व. को शेयर पुँजी रू. १७,४०,९९,५०० मा आ.व. २०७९/०८० मा रू. १,७१,२५,९०० वृद्धि भई २०८० असार मसान्तमा संस्थाको चुक्ता शेयर पुँजी रू. १९,१२,२५,४०० रहेको छ । शेयर पुँजीमा सदस्यहरूको सहभागितालाई तपसिल अनुसार वर्गीकरण गरिएको छ ।

| शेयर कित्ता | सदस्य संख्या गत वर्ष | सदस्य संख्या यस वर्ष | शेयर पुँजी रू. गत वर्ष | शेयर पुँजी रू. यस वर्ष |
|---|---|---|---|---|
| न्यूनतम ५० सम्म | ५,०७२ | ६,३६८ | १,३०,९७,५०० | १,६५,७१,५०० |
| ५१ देखि १०० सम्म | ५,९२८ | ५,९९३ | ३,८१,९९,७०० | ४,१२,४१,६०० |
| १०१ देखि ५०० सम्म | ३,७८७ | ३,९७२ | ७,५१,५०,१०० | ८,१९,९२,१०० |
| ५०१ देखि १००० सम्म | ३२२ | ३६१ | २,२७,२२,१०० | २,४९,०२,६०० |
| १००१ देखि माथि | १२९ | १६१ | २,४८,८०,१०० | २,६५,१७,६०० |
| जम्मा | १५,२३८ | १६,८५५ | १७,४०,४९,५०० | १९,१२,२५,४०० |

**बचत निक्षेप रू. २,६७,६०,३२,०००.२७**

गत वर्षको बचत रू. २,४१,६९,५८,६९०.४७ मा यस वर्ष रू. २५,९०,७३,३०९.७३ वृद्धि भई आ.व. २०७९/०८० को अन्त्यमा सदस्यहरूको बचत रकम रू. २,६७,६०,३२,००० भएको छ । सदस्यहरूमा समृद्धि निर्माण गर्ने उद्देश्यले विकास गरिएका विभिन्न प्रकार बचत प्रोडक्टहरूमा यस आ.व. मा पनि सदस्यहरूको उल्लेख्य सहभागिता रह्यो । आर्थिक मन्दी र तरलता संकुचनले प्रभावित रहेको वित्तीय बजारको प्रतिकुल अवस्थाको बाबजुत पनि आ.व. २०७९/०८० मा बचतको वार्षिक वृद्धिदर १०.७१% रहनु सुखद् पक्ष हो ।

**ऋण लगानी रू. २,१२,१४,०७,८८९.४२**

यस संस्थाले आफ्नो बृहत्तर ऋण सेवा मार्फत सदस्य समुदायलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ । गत वर्षको कुल ऋण लगानी रू. २,००,६२,९८,७९४.०० बाट आ.व. २०७९/०८० को अन्त्यमा लगानीमा रहेको ऋण रू. २,१२,१४,०७,८८९.४२ पुग्न सफल भएको छ । संस्थाले साना तथा मझौला उद्योग तथा व्यवसाय, स्टार्टअप, शैक्षिक, कृषि, घर जग्गा लगायत विभिन्न १९ वटा क्षेत्रमा आफ्नो पोर्टफोलियो व्यवस्थापन गर्दै २०८० असार मसान्त सम्ममा २१८७ जना सदस्यहरूबिच ऋण परिचालन भएको छ । संस्था आफु जिम्मेवार लगानीकर्ताको भूमिका निर्वाह गर्दै ऋणी सदस्यहरूमा न्यायोचित

र जिम्मेवारी पूर्ण ऋण सेवाको विस्तार गर्दछ । सदस्यहरूको समृद्धि निर्माण, आर्थिक जीवनस्तमा परिवर्तन र बहुआयामिक गरिवीको अवस्थामा सुधार ल्याउन मद्दत पुऱ्याउनु नै चन्द्रागिरि साकोसको ऋण सेवाको मुल उद्देश्य रहँदै आएको छ ।

**संस्थागत पुँजी रू. १०,५०,७४,००३.६१**

संस्थागत पुँजी वित्तीय सहकारी संस्थाहरूको स्थायीत्वको मुख्य आधारशीलाको रूपमा रहेको हुन्छ । आ.व. २०७९/०८० को अन्तसम्ममा संस्थाको कुल संस्थागत पुँजी रू. १०,५०,७४,००३.६१ रहेको छ । साधारण जगेडा कोष तर्फ रू. ८४,७०१,४९८.६१, संस्थागत विकास योगदान कोष रू. २,०२,३१,६३६.४९, घटापूर्ति कोष रू. १,२०,८६८ र उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार वापत प्राप्त रकम रू. ४०,००० सहित उक्त रकम कायम हुन आएको हो । संस्थाको वित्तीय सबलतालाई सुदृढ पार्न, रणनीतिक योजनाहरू पछ्याउन र हाम्रा सदस्यहरूको विविध आवश्यकताहरू पुरा गर्न यस पुँजीले मद्दत गर्ने गर्दछ । उत्कृष्ट वित्तीय व्यवस्थापन र जिम्मेवार वित्तीय सहकारी संस्थाको रूपमा हाम्रो प्रतिवद्धताले हामीले सेवा प्रवाह गर्ने समुदायमा आर्थिक वृद्धि र वित्तीय समृद्धि प्रवर्द्धन गर्ने हाम्रो ध्येयलाई एक महत्वपूर्ण निर्धारकको रूपमा रहने गर्दछ ।

**तरलता रू. ५,४९,१७३,००२.३३**

आ.व. २०७९/०८० भरी संस्थाले कायम गरेको मजबुत तरलता सञ्चय हाम्रा सदस्यहरूको वित्तीय सुरक्षा र विश्वास सुनिश्चित गर्ने हाम्रो प्रतिवद्धताको प्रमाण हो । अर्थतन्त्रतमा संकुचन आई वित्तीय बजारमा तरलता चाप वृद्धि भएको अवस्थामा पर्याप्त तरलता मौज्दातले खेल्ने महत्वपूर्ण भूमिकाको मान्यतामा हामीले सदस्य, ऋण र बचत फिर्ताको माग सजिलै पुरा गर्न सक्षम रह्यौ । तरलता सञ्चय अनुपातमा वृद्धि हुँदा संस्थाको छोटो अवधिका लाभ तथा नाफामा असर पर्ने कुरामा हामी सचेत छौं । तर चालु आ.व. मा हाम्रो प्राथमिक जोड सदस्यहरूलाई हाम्रा सेवाहरू निर्वाध रूपमा प्रवाह गर्नु, चुनौतीपूर्ण समयमा पनि निरन्तर सुविधाहरू प्रवाह गर्नु र चन्द्रागिरिलाई एक बेग्लै पहिचान भएको विश्वसनीय वित्तीय साझेदारको रूपमा सदस्यहरू बिच स्थापित हुने कुरामा केन्द्रित रह्यो । २०८० असार मसान्तको तरलता सञ्चय रू. ५४,९१,७३,००२.३३ रहेको छ । यस बाहेक संस्थाले तरलतायोग्य कोषलाई बैंक वित्तीय संस्थाहरूमा मुद्दती खाताहरूमा लगानी समेत गरेको छ । संस्थाको कुल बचतको अनुपातमा तरलता २०.५२ प्रतिशत रहेको छ ।

**एन.एफ.आर.एस. प्रणाली अवलम्बनः**

संस्थाले यस वर्षदेखि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गरी लेखापरीक्षण गरेको छ । यस अनुरूपका संस्थाको लगानी हिसाब, कुल आम्दानी, कुल खर्च, सञ्चालन बचत लगायत विस्तृत विवरणहरू स्वतन्त्र लेखापरीक्षकज्यूले यसै सभामा पेश गर्नुभएको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोले यसलाई छुट्टै यस प्रतिवेदनमा उल्लेख गरिएको छैन । विषम परिस्थितिका बाबजुत संस्थाको आम्दानीको स्थिति सन्तोष जनक नै रहेको छ । लामो समयदेखि कानूनी प्रक्रियामा अदालत मै विचाराधिन रहेको साविक एच.एण्ड.वि. (हाल लुम्बिनी विकास बैंक) सँग सम्बन्धी गुड फर पेमेन्ट चेकको ऋण यस वर्षसम्म आइपुग्दा पूर्ण रूपमा ऋण नोक्सानी कोषको व्यवस्था गरिएको हुँदा यस वर्षको सञ्चालन आम्दानीमा यसले प्रभाव पारेको छ । साथै संस्थाको जोखिम व्यवस्थापन यसले एउटा कोषे ढुंगाको काम गरेको हुनाले आगामी दिनमा संस्थाको वित्तीय सक्षमता थप वृद्धि भएर जाने कुरा स्पष्ट छ । सञ्चालन बचतमा आएको कमीको कारण शेयर लाभांश, संरक्षित पुँजी फिर्ता, कर्मचारी बोनस, सदस्य शिक्षा र अन्य विविध कोषहरूमा असर पर्न जाने भएको हुँदा आ.व. २०८०/०८१ मा संस्थाको वित्तीय कार्यसम्पादनमा गुणात्मक फड्को मार्दै आगामी वर्षमा उत्कृष्ट प्रतिफल प्रदान गर्ने कुरामा प्रतिवद्धता व्यक्त गर्दछु ।

**ऋणको वर्गीकरण:**

संस्थाले लगानीमा रहेको ऋणलाई असल ऋण, शंकास्पद ऋण र खराब ऋण गरी ३ वर्गमा वर्गीकरण गर्ने गरेको छ । २०८० असारमसान्तको कुल ऋणमा असल ऋण ९४.३२%, शंकास्पद ऋण १.२७%, खराब ऋण ०.४५% र साविक एच.एण्ड.बि. सँगको GFP प्रकरणसँग सम्बन्धित रकम (अदालती प्रक्रियाको कारण ऋण लगानीमा नै देखाइएको) ३.९६% को अनुपातमा रहेको छ । कुल भाखा नाघेको ऋण साविक एच.एण्ड.बि. सँगको GFP प्रकरणसँग सम्बन्धित रकम सहित ५.६८% र सो बाहेकको भाखा नाघेको ऋण १.७२% रहेको छ ।

**ऋण जोखिम कोषको व्यवस्था रू. ४,०४,७६,३८४.७४**

भाखा नाघेको ऋण नियन्त्रण गरी ऋणमा भएको जोखिम व्यवस्थापन गर्न ऋण लिई समयमा भुक्तानी नगर्ने र ऋण असुलीमा चुनौती सृजना गर्ने ऋणीहरूलाई ऋण तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना जारी गर्ने, धितो लिलामीको सूचना जारी गर्ने, ऋण असुल उपरको लागि अदालतमा फिराद दर्ता गर्ने र फैसला भएका ऋणीहरूको फैसला कार्यान्वयनको पहल गर्ने कार्यहरू गरिएका छन् । २०७९ साल असार २९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ६ जना ऋणी सदस्यहरूको धितो लिलाम गर्ने बारे ३५ दिने सार्वजनिक सूचना जारी भएकोमा मिति २०७९ श्रावण ३१ गतेसम्म आईपुग्दा जम्मा १ जना ऋणीको मात्र धितो लिलामी प्रक्रिया मार्फत असुल गर्नु परेको थियो । अन्य ऋणी सदस्यहरूले तोके बमोजिम ऋण भुक्तानी गरी म्याद थप लिने र ऋण चुक्ता गर्ने कार्य गर्नुभएको थियो । त्यसैगरी मिति २०८० जेठ २५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ६ जना ऋणीहरूको ऋण चुक्ता गर्ने बारे ३५ दिने सूचना प्रकाशित गरिएकोमा केही ऋणीहरूको ऋण असुलीमा प्रगति भई केही बाँकी केही थप प्रक्रियामा अगाडि बढेको छ । अचल सम्पत्ति धितो विना सामुहिक/धन/व्यक्तिगत जमानीमा ऋण लिई समयमा भुक्तानी नगर्ने, संस्थाबाट पटक पटक विभिन्न माध्यमबाट गरिएको ताकेता तथा पत्राचारको समेत बेवास्ता गरी संस्थाबाट प्रदान गरिएको ऋण कर्जा खाने पचाउने नियत गर्नुहुने तथा संस्थाको ऋण तत्काल तिर्न नसक्ने सकेको गर्नु भन्ने जस्ता ठाडो जवाफ दिई अन्याय गर्नुहुने १४ जना भाखा नाघेका ऋणीहरू र उक्त ऋणमा धन/व्यक्तिगत जमानत दिनुहुने जमानीकर्ताहरूबाट देना रकम भराई पाउनको लागि यस आ.व. मा सम्मानित अदालतमा फिराद दर्ता गर्ने तथा हालसम्म कानूनी प्रक्रिया सुरु भएका ऋणीहरूको स्वामित्वमा नेपाल राज्यभरमा रहेको चल/अचल सम्पत्ति खोजी गरी रोक्का राख्ने कार्य अगाडि वढाइएको छ ।

**रेमिट्यान्स कारोवार रू. ६१,९६,२२,५४३.००**

संस्थाले विगतका वर्षहरूदेखि मुख्य कार्यालय तथा सेवाकेन्द्रहरू मार्फत विभिन्न कम्पनीहरूको सब एजेन्ट रही सदस्य तथा सेवाग्राहीहरूलाई रेमिट्यान्स सेवा प्रवाह गर्दै आइरहेको छ । यसै क्रममा आ.व. २०७९/०८० मा मुख्य कार्यालय तथा विभिन्न सेवाकेन्द्रहरूबाट गरी १७,७३१ वटा कारोवार मार्फत संकलन तर्फ रू. ९,११,७३,६६४ र भुक्तानी तर्फ रू. ४७,५३,११,५४६ गरी जम्मा रू. ५६,६४,८५,२१० को रेमिट्यान्स कारोवार भएको छ । उक्त सेवाबाट आ.व. २०७९/०८० मा कमिशन वापत रू. ९,३१,९८१.१६ प्राप्त भएको छ ।

**कर/राजश्व दाखिला रू. २,७८,०९,६५६.००**

आय कर तथा विभिन्न स्रोतहरूमा कर कट्टी गरी संस्थाले आ.व २०७९/०८० मा नेपाल सरकारलाई रू. २,७८,०९,६५६ कर/राजश्व योगदान गर्न सफल भएको छ । बचतमा ब्याजकर रू. १,४८,७६,३७३, अग्रिम आयकर रू. ९५,४३,९६८, शेयर लाभांश कर रू. ८,३७,५३७, संरक्षित पुँजी फिर्ता कर रू. ५,४०,४८०, साधारण सभा यातायात तथा खाजा खर्च रू. ८,२२,०७०, भाडा कर रू. १,९४,४०६, बैठक भत्ता कर रू. १,१६,२७६, कर्मचारी तलब तथा पारिश्रमिक कर रू. ४,५१,१७३, लेखापरीक्षण शुल्क कर रू. ६,५७७ र अन्य कर रू. ४,२०,७९६

गरी जम्मा रू. २,७८,०९,६५६ कर/राजश्व नेपाल सरकारलाई दाखिला गरेको हो ।

**डिजिटल/स्मार्ट सेवाः**

आ.व. २०७९/८० मा संस्थाले प्रदान गर्दै आइरहेको मोवाईल बैंकिङ्ग सेवा अन्तर्गत ४४,५४७ वटा संख्याबाट रू. १६,३१,९०,१५२ को कारोवार, एटिएम सेवा अन्तर्गत ६,५०४ पटक गरी रू. ३,९१,१४,६५३ को कारोवार भएको छ । त्यसैगरी संस्थाबाट ब्लुबुक नवीकरण तथा कर भुक्तानी सम्बन्धी स्मार्ट सेवा लिने सदस्यहरूको संख्या ३११ जना रहेको छ । सोही आ.व. बाट संस्थाले बचत जम्मा गर्न मिल्ने स्वचालित प्रविधि कियोस्क बैंकिङ्ग पनि सञ्चालन ल्याउन सफल भएको छ ।

**सदस्य राहत सुविधाः**

सदस्य सामाजिक सुरक्षा कार्यक्रम मार्फत विभिन्न सेवाहरूद्वारा संस्थाले सदस्यहरूलाई सुविधा प्रदान गर्दै आइरहेकोमा अवगत नै छ । आ.व. २०७९/८० मा सोही कार्यक्रम अन्तर्गत ३८ जना सदस्य र ११० जना सदस्यहरूका परिवारको देहावशान भएको र आश्रित परिवारले काजकिरिया राहत रू. ७,२३,२५०, ४१२ जना सदस्यहरूले स्वास्थ्य उपचार राहत रू. ५५,४६,८०२, ११३ जना महिला सदस्यहरूले सुरक्षित मातृत्व राहत रू. ६,०२,९५०, १ जना सदस्यले घातक रोग उपचार राहत रू. १,०८,००७, १६८ जनाले सदस्यहरूले निःशुल्क एम्बुलेन्स सुविधा रू. १,५७,४७०, र १७ जना सदस्यहरूले निःशुल्क शववाहन सेवा रू. ३८,३३० प्राप्त गर्नु भएको छ । यसरी उक्त आ.व. मा सदस्य राहत सुविधा अन्तर्गत जम्मा ८५९ जना सदस्यहरूले कुल रकम रू. ७१,७६,८०९ को सदस्य राहत सुविधा प्राप्त गर्नु भएको छ ।

**ब्याजदर परिमार्जनः**

आ.व. २०७९/०८० मा बैंक तथा वित्तीय संस्थाहरूको ब्याजदरमा तेस्रो त्रैमाससम्म क्रमिक रूपमा वृद्धि गरिरहेको अवस्था रह्यो भने आर्थिक वर्षको अन्तिम त्रैमासमा वित्तीय बजारमा केही हदसम्म तरलता सहज भएको संकेत मिलेको थियो । आर्थिक वर्षको अधिकांश समय तरलता संकुचनको अवस्था रहँदा समेत संस्थाको तरलता अनुपात भने सधै पर्याप्त रहन सफल रह्यो । वित्तीय बजारमा देखा परेको प्रभावबाट संस्थाको बचत र ऋणको अनुपातमा असन्तुलन नआओस् भन्ने उद्देश्यले आ.व. २०७९/०८० मा बचत र ऋणहरूमा २०७९ आश्विन १ गते, कार्तिक १ गते, माघ १ गते, २०८० बैशाख १ गते र २०८० असार १ गतेदेखि लागु हुने गरी ब्याजदर परिमार्जन गरेको थियो ।

**२१ औं वार्षिक साधारण सभा सम्पन्नः**

यस संस्थाको २१ औं वार्षिक साधारण सभा २०७९ पौष २३ गते सम्पन्न भएको थियो । पौष १६ गतेदेखि २२ गतेसम्म विभिन्न ७ वटा इकाईहरूबाट समान कार्यसूचीमा इकाई सभाहरू आयोजना गर्दै उक्त सभाहरूबाट मनोनित प्रतिनिधिहरू सम्मिलित निर्णय प्रमाणित गर्ने सभा २०७९ पौष २३ गते सम्पन्न भएको हो । साधारण सभामा कायम रहेको कुल सदस्य संख्या १५८९६ मध्ये ११४९० जना (७२%) सदस्यहरूले विभिन्न ७ वटा इकाईहरूमा सहभागिता जनाउनुभएको थियो ।

२१ औं वार्षिक साधारण सभाको निर्णय प्रमाणित गर्ने सभाको उद्घाटन सत्रमा भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले सहकारीमा विभिन्न उपसमितिहरू गठन गरिए जस्तै अर्थतन्त्र र वित्तीय बजारलाई नजिकबाट नियाल्ने र उपयुक्त नीतिगत सुधारको लागि सुझाव दिन सक्ने उपसमिति सहकारी संस्थाहरूमा गठन गर्नु उपयुक्त हुने विचार व्यक्त गर्नुभएको थियो । विशिष्ट अतिथि चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले सहकारीलाई उत्पादनको मुल्य श्रंखलासँग जोड्नु पर्ने कुरामा जोड दिनुभएको थियो भने राष्ट्रिय सहकारी महासंघका नायव महाप्रबन्धक बाबुल खनालले ऋण सदुपयोगिता अनुगमनको छुट्टै कार्यविधि बनाएर ऋणहरूको अनुगमन गर्न सुझाव दिनुभएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी

बैंकका सञ्चालक केदार मानन्धर र विभिन्न छिमेकी संस्था तथा साझेदार संस्थाका प्रतिनिधिहरूले पनि शुभकामना मन्तव्य दिनु भएको थियो । उक्त सभामा आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन अध्यक्ष योगेन्द्रकुमार कुँवरले, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन संयोजक भानुप्रकाश ढकालले, लेखापरीक्षण प्रतिवेदन पी.बी.के.पी. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट विनोद फुँयालले र आगामी वर्षको कार्यक्रम तथा बजेट र ४ वर्षे रणनीतिक योजना प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो । सभाले सदस्यहरूलाई १०% शेयर लाभांस र संरक्षित पुँजी फिर्ताकोष वितरण गर्ने सहित विभिन्न १४ वटा कार्यसूचीहरू पारित गरेको थियो । साधारण सभाकै बिच संस्था र विभिन्न दाताहरूको योगदाबाट स्थापना भएको चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कोषबाट २४ जना विपन्न र जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको थियो भने १९ जना दाताहरूलाई सम्मान पनि गरिएको थियो । त्यसै वर्ष सदस्य तर्फ कुन्नम पोखरेल र दिपक दुलाल तथा वर्ष सदस्य कर्मचारी शाखा अधिकृत दामोदर रिजाल र लगनशील कर्मचारी प्रभा बन्जारा एवं श्यामकुमारी खड्कालाई सम्मानित तथा पुरस्कृत गरिएको थियो ।

**लघुवित्त समूहको केन्द्र प्रमुख भेलाः**

विभिन्न बाह्य तत्वहरूले सृजना गरेको चुनौतीहरूको कारणले संस्थाले सञ्चालन गरेको लघुवित्त कार्यक्रमलाई असर नपरोस भन्ने उद्देश्यका साथ मिति २०७९ चैत्र १८ गते संस्थाले सञ्चालन गरेको लघुवित्त कार्यक्रमको केन्द्र प्रमुखहरूको भेला आयोजना गरेको थियो । उक्त कार्यक्रममा २१२ जना केन्द्र प्रमुखहरूले भाग लिनु भएको थियो । चन्द्रागिरि साकोसले सञ्चालन गरेको लघुवित्त कार्यक्रम कसरी अरूभन्दा फरक छ भन्ने मुख्य विषयवस्तुमा प्रशिक्षण गरिएको उक्त कार्यक्रममा रुपैयाँ पैसा बचत गर्ने विभिन्न उपायहरू सुझाइएको थियो । वि.स. २०७२ साल बैशाख १० गते सुरू भएको चन्द्रागिरि लघुवित्त कार्यक्रममा २०८० असार मसान्तसम्म आइपुग्दा जम्मा १७० वटा केन्द्र, २६७० जना सदस्य, रू. ३,६४,६५,७४३.४४ बचत संकलन र रू. ३,००,४३,६११ ऋण लगानी रहेको छ ।

**चन्द्रागिरि स्मार्ट सापटी सेवाः**

यस संस्थाले आफ्नो २२ औं स्थापना दिवसको दिन २०८० बैशाख ६ गतेदेखि संस्थाले आफ्नो संस्थाको मोबाईल बैंकिङ्ग सेवाको प्रयोगकर्ताहरूको लागि स्मार्ट सापटी सुविधा सञ्चालन गरेको छ । यस सेवाबाट संस्थाका सदस्यहरूलाई अत्यावश्यक परेको समयमा कुनै पनि कागजात विना, कार्यालयमा उपस्थित नभईकन नै स्वचालित रूपमा मोबाईल बैंकिङ्ग सेवाको माध्यमबाट तुरून्तै आफ्नो खातामा सापटीको रूपमा रकम प्राप्त गर्न सक्नेछन् । आफ्नो खातामा ब्यालेन्स सकिएको बेला तत्काल कुनै बिलको भुक्तानी गर्ने, टपअप तथा रिचार्ज गर्ने, सानो सानो रकमहरू भुक्तानी गर्ने कार्यको लागि खासगरी विद्यार्थी र युवा सदस्यहरूको लागि यो सेवा उपयोगी हुने विश्वास गरिएको छ । हाललाई परीक्षणको रूपमा न्यूनतम रू. १० देखि अधिकतम रू. २,००० सम्म सापटी लिन सकिने व्यवस्था गरिएको यस सेवाको प्रभावकारिताको मुल्यांकनपछि उक्त सिमा वृद्धि गर्ने योजना रहेको छ । लिएको सापटी मध्ये रू. १,००० सम्मको सापटीमा २४ घण्टा सम्म ब्याज नलाग्ने व्यवस्था रहेको छ । एक पटक लिएको सापटी ३० दिनसम्म चलाउन सकिनेछ भने सापटी फिर्ता हुने वित्तिकै जुनसुकै बेलामा पुनः सापटी लिन सकिने व्यवस्था गरिएको छ । सापटी आवश्यक हुने सदस्यले मोबाईल बैंकिङ्ग एप मार्फत आवेदन गरेपछि आवेदकको साख मुल्यांकन भई स्वतः आवेदन स्वीकृत हुने व्यवस्था गरिएको छ ।

**चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्तिः**

सामाजिक उत्तरदायित्वको विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको यस संस्थाले आ.व. २०७९/०८० मा एक महत्वपूर्ण कार्यको शुरूवात गरेको छ । सामुदायिक विद्यालय तथा क्याम्पसमा

अध्ययनरत आर्थिक रूपले विपन्न र जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने उद्देश्य पुरा गराउन मद्दत पुऱ्याउने उद्देश्यले संस्थाको पहलमा विभिन्न व्यक्ति र संघ संस्थाहरूको योगदानबाट एक छात्रवृत्ति कोष निर्माण गरी सञ्चालन गरिएको छ । उक्त कोषमा हालसम्म रू. ५४,७५,८०० दाताहरूबाट र संस्थाबाट रू. १० लाख गरी जम्मा रू. ६४,७५,८०० जम्मा भएको छ भने कार्यक्रम सुरू भएको पहिलो वर्षमा नै २४ जना विद्यार्थीहरू र ओसिड नेपाल नामक अनाथ वालवालिकालाई संरक्षण दिने संस्था मार्फत प्रदान गरेको रकम सहित रू २,९०,००० रकमको छात्रवृत्ति प्रदान गरिएको छ ।

**मानव संशाधन विकासः**

बचत तथा ऋण सहकारी संस्थामा मानव संशाधन व्यवस्थापनभित्र कार्यसम्पादन समूहलाई जनाउँछ जसले संस्थाको लक्ष्य र उद्देश्य प्रभावकारी रूपमा प्राप्त गर्नको लागि कर्मचारी, समिति उपसमिति र सदस्यहरूलाई आकर्षित गर्ने, विकास गर्ने र उत्प्रेरित गर्ने लक्ष्य राख्दछ । संस्थामा साधारण सभाबाट निर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति, साधारण सभाबाटै नियुक्त स्वतन्त्र लेखापरीक्षक, सञ्चालक समितिले मनोनित गरेको सल्लाहकार परिषद, विभिन्न उपसमितिहरू, सञ्चालक समितिले नियुक्त गरेको कर्मचारी व्यवस्थापन र विज्ञताको आधारमा नियुक्त विभिन्न विधाका विज्ञ तथा कानूनी सल्लाहकारहरू संस्थाको मानव संशाधनको रूपमा रहेको छ । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**समिति/उपसमिति/विज्ञ**

| क्र.स. | समिति/उपसमिति/ विज्ञ | संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | १३ |
| २ | लेखा सुपरिवेक्षण समिति | ३ |
| ३ | सल्लाहकार परिषद | ११ |
| ४ | सेवा विस्तार तथा सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| ५ | ऋण उपसमिति | ३ |
| ६ | शिक्षा उपसमिति | ३ |
| ७ | लघुवित्त व्यवस्थापन उपसमिति | ३ |
| ८ | सदस्य विस्तार तथा व्यवस्थापन उपसमिति | ३ |
| ९ | एम्बुलेन्स तथा शवबाहन व्यवस्थापन उपसमिति | ३ |
| १० | सामाजिक सुरक्षा तथा सदस्य राहत उपसमिति | ३ |
| ११ | महिला सशक्तिकरण उपसमिति | ३ |
| १२ | युवा तथा उद्यमशीलता प्रवर्द्धन उपसमिति | ३ |
| १३ | पदपूर्ति उपसमिति | ३ |
| १४ | दहचोक सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| १५ | शुभतारा सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| १६ | एक्सेस ब्राण्डिङ कार्यक्रम उपसमिति | ५ |
| १७ | कानूनी सल्लाहकार | ३ |

**कर्मचारी व्यवस्थापन**

| क्र.स. | पद | तह | संख्या |
|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | १० | १ |
| २ | नायव प्रमुख कार्यकारी अधिकृत | ९ | १ |
| ३ | बरिष्ठ अधिकृत | ७ | १ |
| ४ | शाखा अधिकृत | ६ | ४ |
| ५ | स.शाखा अधिकृत | ५ | ७ |
| ६ | सहायक | ४ | ३ |
| ७ | चालक इञ्चार्ज | ४ | १ |
| ८ | कनिष्ठ सहायक | ३ | १५ |
| ९ | चालक | ३ | ३ |
| १० | सुरक्षाकर्मी | ३ | १ |
| ११ | सहयोगी | २ | १ |
| १२ | सुरक्षा गार्ड | २ | १ |
| १३ | व्यवस्थापन प्रशिक्षार्थी | २ | १ |
| १४ | कनिष्ठ सहयोगी | १ | ४ |
| जम्मा | | | ४४ |

**चन्द्रागिरि साथीहरू नियुक्तः**

संस्था र सदस्यहरू बिच सूचना तथा जानकारीहरू आदान प्रदान गर्न, सदस्यहरूलाई सहकारी, वित्त तथा व्यवसायिक शिक्षा प्रदान गर्न र सम्भावित सदस्यहरूलाई संस्थामा आवद्ध गराउन, सदस्यहरूको नियमित बचत तथा अन्य बचत र ऋणको कारोवार गर्न सहजीकरण गर्ने उद्देश्यले संस्थाको तर्फबाट स्वयं सेवकीय रूपमा काम गर्ने सदस्यहरूको सञ्जाल बनाउने कार्य आ.व. २०७९/०८० देखि सुरू भएको थियो । हाल चन्द्रागिरि साकोसमा देहायका सदस्यहरूले "चन्द्रागिरि साथी" को रूपमा कार्य गरिरहनु भएको छ ।

| स.न. | नाम | सम्पर्क नं. |
|---|---|---|
| २६ | रामेश्वर सिग्देल | ९८४१६७९८६३ |
| १२० | सूर्य बहादुर महर्जन | ९८४१५३६४२१ |
| ७६९ | सुमित्रा कुँवर | ९८४६२४१७२३ |
| ४६२६ | बिनिता रेग्मी | ९८४१०५९७५० |
| १३९६८ | कामना सुवेदी | ९८४९१०४६४८ |

**सञ्चालन कार्यढाँचा सबलीकरण:**

संस्था सञ्चालन कार्यढाँचा सुशासकीय दृष्टिकोणबाट सबल बनाउने उद्देश्यले आ.व. २०७९/०८० मा हालसम्म कायम रहेको सुशासकीय कार्यढाँचामा थप रणनीतिक, नीतिगत र कार्यविधिगत पहल भएको छ । सो आ.व. संस्थाको दोश्रो चार वर्षीय रणनीतिक व्यवसायिक योजना २०७९, दस्तखत तथा जिम्मेवारी सम्बन्धी निर्देशिका २०७९, ऋण असुली योजना चैत्र २०७९, ऋण असुली रणनीति असार २०८०, कर्मचारी शिष्टाचार निर्देशिका २०८०, गुनोसो व्यवस्थापन कार्यविधि, २०८० र आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेट तयार पारी कार्यान्वयनमा लगिएको छ र यस सभामा अनुमोदन तथा स्वीकृतिको लागि अनुरोध गर्दछु ।

**उत्कृष्टताको पुरस्कार तथा सम्मान:**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को ३६ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा यस संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठ देशभरिका बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापकहरू मध्येबाट उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) को रूपमा पुरस्कृत हुने घोषणा भएको थियो । उक्त पुरस्कार नेफ्स्कूनले आफ्नो आगामी वार्षिक साधारण सभामा प्रदान गर्ने बताएको छ । प्रमुख कार्यकारी अधिकृत श्रेष्ठ यस अघि वि.स. २०६८ सालमा पनि सोही निकायबाट देशभरिको उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) को रूपमा पुरस्कृत भइसक्नु भएको छ ।

त्यसैगरी राष्ट्रिय सहकारी बैंक लि. को २१ औं स्थापना दिवसको अवसरमा आ.व. २०७८/०७९ मा बैंकको कलंकी शाखाबाट गरेको कारोवारको आधारमा मिति २०८० श्रावण १९ गते शाखास्तरीय उत्कृष्ट कारोवार विधाबाट यस संस्था सम्मानित भएको थियो ।

**सहकारी व्यवस्थापन समितिद्वारा अवलोकन भ्रमण:**

नेपाल सरकारद्वारा गठित समस्याग्रस्त सहकारी व्यवस्थापन समितिद्वारा मिति २०७९ साल श्रावण ५ गते यस संस्थाका अवलोकन भएको थियो । उक्त अवलोकन भ्रमणमा संस्थाको असल अभ्यासहरूको बारेमा छलफल गर्नुको साथै सहकारी क्षेत्रमा देखापरिरहेका विभिन्न समस्याहरू व्यवस्थापनको लागि सल्लाह र सुझावहरू समेत संकलन गरिएको थियो । संस्थाका प्रमुख कार्यकारी अधिकृतले उक्त समितिलाई सहकारी संस्थामा समस्या आउन नदिन र समस्यामा परेका सहकारी व्यवस्थापन गर्नको लिखित रूपमा विभिन्न सुझावहरू प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा उक्त समितिका संयोजक काशीराज दाहाल, सदस्य केशवराज आचार्य, सदस्य डी.बी. बस्नेत, बरिष्ठ अधिवक्ता शम्भु प्रसाद पोखरेलको उपस्थिति रहेको थियो ।

**अकु फोरमका सहभागीहरू चन्द्रागिरि साकोसमा:**

एशियाली ऋण महासंघको आयोजना र नेफ्स्कून तथा राष्ट्रिय सहकारी बैंकको सहयोगमा नेपालमा मिति २०८० भाद्र २४ गतदेखि ३१ सम्म आयोजना भएको आकु फोरम २०२३ मा यस संस्थाका अध्यक्ष योगेन्द्रकुमार कुँवर र प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले सहभागिता जनाउनु भएको थियो । उक्त फोरमको बिचमा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले "Is Mission Drift Challenge in Credit Union?" विषयक कार्यपत्र समेत प्रस्तुत गर्नुभएको थियो । सोही कार्यक्रममा सहभागी हुन विश्वका विभिन्न १९ मुलुकबाट आउनु भएका सहकारीकर्मीहरू मध्ये ५३ जनाले २०८० भाद्र २८ गते यस चन्द्रागिरि साकोसको अवलोकन भ्रमण गर्नुभएको थियो । उक्त अवलोकन भ्रमणमा संस्थाका उद्यमी सदस्यहरूको विभिन्न उत्पादनहरूको प्रदर्शनी

समेत गरिएको थियो । विभिन्न मुलुकहरूबाट उपस्थित हुनु भएका प्रतिनिधिहरूले एक आपसमा सिकाई आदान प्रदान गर्नु भएको उक्त कार्यक्रममा संस्थाका अध्यक्ष कुँवरले सहभागीहरूलाई स्वागत गर्नुभएको थियो भने संस्थाको विभिन्न गतिविधिहरूको बारेमा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले प्रस्तुतीकरण गरी जानकारी गराउनु भएको थियो ।

त्यसैगरी थाईल्याण्डको बैंककमा मिति २०७९ भाद्र १३ देखि १६ गतेसम्म आयोजना भएको आकु फोरम २०२२ यस संस्थाका निवर्तमान अध्यक्ष शिवशंकर मानन्धरले सहभागिता जनाउनु भएको थियो ।

**बंगलादेशी सहकारी अभियन्ताबाट संस्थाको भ्रमणः**

२०८० जेठ १६ गते The Cooperative Credit Union League of Bangladesh (CCULB) को संयोजनमा बंगलादेशका सहकारीकर्मीहरूले यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को अवलोकन भ्रमण गर्नु भएको थियो । १७ सदस्यीय भ्रमण टोलीमा टोली संयोजक CCULB का Board of Director Mr. Ashis Kumar Das, CCULB का Assistant General Manager Mr. Vincent Chisim त्यसैगरी Department of Cooperatives, Bangladesh का Deputy Registrar Mr. Khondker Humayun Kobir तथा नेफ्स्कूनका कार्यक्रम अधिकृत रञ्जनमणि पौड्याल र मनोहर आचार्य सहितको सहभागिता रहेको थियो ।

**APG AML/CFT Mutual Evaluation को Onsight Diagnosis मा छनौट भएको सम्बन्धमाः**

नेपालको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी तेश्रो पारस्पारिक मुल्यांकनको कार्य भइरहेको सन्दर्भमा मिति २०७९ मंसिर १९ गतेदेखि पौष १ गतेसम्म नेपालमा स्थलगत भ्रमण तय भएको थियो । उक्त मुल्यांकनले नेपालको वित्तीय तथा आर्थिक प्रणाली, विप्रेषण, अन्तर्राष्ट्रिय व्यापार र वित्तीय कारोवार, वैदेशिक लगानी र वैदेशिक सहायता जस्ता विषयहरूमा प्रभाव पार्ने, अन्तर्राष्ट्रिय फलोअप वा अनुगमनको आधार दिने लगायत समग्रतामा नेपाल प्रतिको विश्वको दृष्टिकोण तय हुने भनी बचत तथा ऋण सहकारी संस्थाहरूको प्रतिनिधित्व हुने गरी संघीय सहकारी विभागको सिफारिसमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सम्पत्ति शुद्धिकरण तथा राजस्व अनुसन्धान विभागद्वारा यस संस्थालाई सूचक संस्था छनौट गरेको हुँदा मिति २०७९ मंसिर २३ गते APG AML/CFT Mutual Evaluation Team सँग प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा उपस्थित भई संस्थागत जानकारी गराईएको थियो ।

**सबै सञ्चालक र कर्मचारीलाई AML/CFT प्रशिक्षणः**

यस संस्थाले मिति २०७९ मंसिर २१ गते सम्पत्ति शुद्धिकरण जोखिम व्यवस्थापन तथा कार्यान्वयन र GoAML रिपोर्टिङ प्रशिक्षण कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रमबाट संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र कर्मचारी व्यवस्थापनका सबै सदस्यहरूले AML/CFT सम्बन्धी तालिम प्राप्त गर्ने अवसार मिलेको थियो । यस अघि विभिन्न संघ संस्थाले आयोजना गरेका तालिमहरूमा संस्थाका सम्बन्धित अधिकारीहरूले तालिम लिएका थिए । नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभागले २०७४ सालमा जारी गरेको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी निर्देशन अनुसार सुरूको समयदेखि नै संस्थाले तत्सम्बन्धी प्रावधानहरू लागु गर्दै आइरहेको छ । संस्थाले सञ्चालक तथा कर्मचारीहरूलाई समय समयमा यस सम्बन्धी पुनर्ताजगी प्रशिक्षण र नयाँ कर्मचारीहरूलाई विस्तृत तालिम प्रदान गर्ने गरेको थियो । उक्त दिन सम्पन्न प्रशिक्षणमा नेपाल राष्ट्र बैंक तथा वित्तीय जानकारी इकाई सहित ३० वर्षभन्दा बढी समयको अनुभव संगाल्नु भएका विषय विज्ञ प्रदिप भट्टराई र डेटम सिस्टम्स प्रा. लि. का प्रमुख कार्यकारी अधिकृत गिरिस दाहालले सहजीकरण गर्नुभएको थियो ।

**दोश्रो रणनीतिक व्यवसायिक योजना तर्जुमाः**

चन्द्रागिरि साकोसले मिति २०७९/०७/१२ देखि २०७९/०७/१३ गते रणनीतिक व्यवसायिक योजना

तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरी दोश्रो रणनीतिक व्यवसायिक योजना तर्जुमा गरेको छ । संस्थाको पहिलो रणनीतिक व्यवसायिक योजना आ.व. २०७५/०७६ देखि आ.व. २०७८/०७९ सम्मको लागि तय गरिएको थियो । पहिलो योजनाको समीक्षा सहित धुलिखेलमा आयोजना भएको उक्त कार्यशालाले आगामी ४ वर्षको व्यवसायिक योजना र रणनीतिहरू तय गर्ने लक्ष्य लिएको छ । उक्त योजना अनुसार २०८२/०८३ सम्ममा ४०,२०१ जना व्यक्तिहरूलाई सदस्य सेवा दिने लक्ष्य संस्थाले लिएको छ । शेयर पुँजी ६१ करोड १५ लाख, संस्थागत पुँजी २७ करोड ५२ लाख, बचत ४ अर्ब ७८ करोड, ऋण लगानी रू. ४ अर्ब ८७ करोड र सदस्य सेवा र सुविधाको स्तरलाई वृद्धि गर्ने लक्ष्य सहितको रणनीतिक योजना तर्जुमा गरिएको छ ।

**वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा कार्यशाला:**

मिति २०८० आषाढ २३ गते शनिवार यस संस्थाको आ.व. २०८०/०८१ को वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा कार्यशाला सम्पन्न भएको छ । उक्त कार्यशाला संस्थाका अध्यक्ष योगेन्द्रकुमार कुँवरको अध्यक्षता र पूर्व मन्त्री, राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष तथा महर्षि बैदिक इन्स्टिच्युटका अध्यक्ष दिपक प्रसाद बास्कोटाको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यशालाले आ.व. २०८०/०८१ को लागि सदस्य संख्या २१,४७० र कुल कारोवार ४ अर्ब ३ करोड पुर्याउने लक्ष्य तय गरेको थियो । संस्थाका कोषाध्यक्ष मीनाकुमारी पाठकको संयोजकत्वमा गठित वार्षिक कार्यक्रम तथा बजेट बस्यौदा उपसमितिको तर्फबाट संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठबाट वार्षिक नीति तथा कार्यक्रम र आ.व. २०८०/०८१ को अनुमानित बजेट लगायत बजेटले तय गरेका लक्ष्य प्राप्तिका लागि अबलम्बन गरिने रणनीतिहरू, प्रमुख कार्यसम्पादन सूचकांक (KPIs) र लक्ष्य प्राप्तिका लागि गरिने विभिन्न गतिविधि समेटिएको कार्ययोजनाको खाका प्रस्तुत गरिएको थियो । प्रस्तुत खाकाउपर सहभागीहरूका बिच समूह कार्य गरी उपयुक्त निश्कर्षहरू तय गरिएको थियो । दक्षिणकाली नगरपालिकाको बोसन स्थित महर्षि बैदिक इन्स्टिच्युटमा भएको उक्त कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार परिषद, विभिन्न उपसमितिहरू र उच्च व्यवस्थापनका कर्मचारीहरू सहित ५५ जनाको उपस्थिति रहेको थियो ।

**वार्षिक कार्यसम्पादन लक्ष्य हस्तान्तरण:**

संस्थाको ४ वर्षे रणनीतिक योजना तथा प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेटको आधारमा संस्थाको सञ्चालक समितिले वार्षिक कार्यसम्पादन लक्ष्य निर्धारण गरेको छ । निर्धारित लक्ष्य सञ्चालक समितिको तर्फबाट प्रमुख कार्यकारी अधिकृतलाई र प्रमुख कार्यकारी अधिकृतले मातहतका कर्मचारीहरूलाई मिति २०८० श्रावण १ गतेका दिन हस्तान्तरण गर्नु भएको थियो । यसरी हरेक आर्थिक वर्ष सुरु भएकै दिन संस्थाले आगामी आ.व. को वार्षिक कार्यसम्पादन लक्ष्य सम्बन्धित व्यक्ति तथा निकायहरूमा प्रत्यायोजित गर्दा वर्षको कुनै पनि दिन संस्था योजना, लक्ष्य र बजेट विना रूमलिनु पर्ने अवस्था नआउने र व्यवसायिक ढंगबाट अगाडि बढ्न सहज हुने भएको हुनाले केही वर्षदेखि संस्थाले यो अभ्यासलाई निरन्तरता दिँदै आएको छ ।

**त्रैमासिक र अर्धवार्षिक समीक्षा कार्यक्रम:**

संस्थाले यस आ.व. को हरेक त्रैमासिकमा नियमित रूपमा संस्थाको प्रगतिहरूको समीक्षा गर्दै आवश्यकता अनुसार योजना र कार्यक्रमहरूको पुनरावलोकन गरी वित्तीय बजार सुहाउँदो सञ्चालन प्रक्रिया अवलम्बन गर्ने गरेको छ । यसरी संस्थाको पहिला समीक्षा मिति २०७९/०७/२६ मा, दोश्रो समीक्षा मिति २०७९/१०/२८ मा, तेश्रो समीक्षा मिति २०८०/०१/२५ मा र चौथौ समीक्षा मिति २०८०/०३/२३ मा सम्पन्न गरिएको थियो । समीक्षा बैठकले आगामी दिनमा संस्थाले थप कस्तो रणनीतिहरू तय गरेर अगाडि बढ्न सकिन्छ भन्ने विषयहरूमा महत्वपूर्ण निश्कर्षहरू निकाल्न सफल भएको थियो । तदनुरुप सञ्चालित

क्रियाकलापहरूले गर्दा नै संस्थाले आ.व. २०७९/०८० को उपलब्धीहरू हासिल गर्न सफल भएको हो ।

**सहकारी एकीकरण सम्झौता पत्रमा हस्ताक्षर:**

२०८० साल भाद्र १८ गते एक समारोह आयोजना गरी यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि न.पा. वडा नं ७, काठमाडौं र ओमन्स क्रियशन बचत तथा ऋण सहकारी संस्था लि. बुढानिलकण्ठ न.पा. ८, काठमाडौंका बिच संस्था एकीकरण गर्ने/गाभ्ने सम्बन्धी सहमति पत्रमा हस्ताक्षर भएको थियो । दुवै संस्थाहरू सहकारी ऐन, नियमावली तथा सहकारीका नियमनकारी निकायले निर्देशन गरे अनुसार आ-आफ्नो कार्यक्षेत्र भित्र आ-आफ्नो विनियम बमोजिम सहकारिताको सिद्धान्त र मुल्य बमोजिम सञ्चालन हुँदै आएका संस्थाहरू हुन् । हालको बदलिँदो परिस्थितिमा सहकारी अभियानलाई थप सार्थक बनाउँदै सदस्यहरूलाई व्यवस्थित, भरपर्दो र गुणस्तरीय सेवा प्रदान गर्नको लागि दुई संस्थालाई एउटै संस्था बनाई एकीकृत सेवा सञ्चालन गर्नको यो एकीकरण गर्न लागिएको हो । एकीकरण गर्नको लागि दुवै संस्थाको सञ्चालक समितिबाट नीतिगत सहमतिको निर्णय बमोजिम अख्तियार प्राप्त भएपछि सो सम्बन्धी सहमति पत्रमा हस्ताक्षर भएको हो । दुवै संस्थाका साधारण सभाबाट एकीकरणको प्रस्ताव पारित भइसकपेछि हाल ओमन्स क्रियशन साकोसको कार्यालय भएको स्थानमा ओमन्स क्रियशन सेवाकेन्द्र मार्फत एकीकृत सेवा सञ्चालन गर्ने लक्ष्य लिइएको छ ।

**स्वास्थ्य सेवा छुट तथा सहुलियत कार्यक्रम:**

यस संस्थाका सदस्यहरूले काठमाडौं उपत्यकाका विभिन्न अस्पतालहरूमा स्वास्थ्य उपचार सुविधा लिँदा सहुलियत होस् भन्ने उद्देश्यले आ.व. २०७९/०८० मा विभिन्न अस्पतालहरूसँग स्वास्थ्य सेवा छुट तथा सहुलियत सम्बन्धी सम्झौताहरू गरेको छ । २०८० चैत्र २२ गते यस संस्था र मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल स्वयम्भु बिच एक सहमति पत्रमा हस्ताक्षर भई सदस्यहरूको स्वास्थ्य उपचारमा विभिन्न सुविधा तथा सहुलियतहरू प्राप्त हुने व्यवस्था गरिएको थियो । यस अघि पनि सदस्यहरूले उक्त अस्पतालबाट सामान्य सुविधा प्राप्त गर्दै आइरहेकोमा पछिल्लो समय अस्पतालको व्यवस्थापन मेडी प्राईड हेल्थ केयर प्रा. लि. द्वारा सञ्चालन भएपछि सदस्यहरूलाई थप सुविधा र सहुलियत प्रदान गर्ने गरी अस्पतालका कार्यकारी निर्देशक डा. नस्तु प्रसाद शर्मा र संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठबिच नयाँ सहमती पत्रमा हस्ताक्षर भएको थियो । स्वास्थ्य तथा औषधी उपचारमा अब चन्द्रागिरि साकोसका सदस्यहरूले सामान्य शैया, ल्याव परीक्षण, एक्स-रे एवं भिडियो एक्सरे, ईसिजिमा १५ प्रतिशत, क्याबिन, आईसियु तथा आईसियु भेन्टिलेटर, अपरेशन, ईको, मेमोग्राम, ईन्डोस्कोपी र फिजियोथेरापी मा १० प्रतिशत वर्षको एक पटक Whole Body Check Up (General Health Package/Special Heath Package) मा १५ प्रतिशत, आर्थिक रूपले विपन्न तथा असहाय सदस्यहरूलाई उल्लेखित सेवाहरूमा २० प्रतिशत, ८० वर्षदेखि माथि उमेरका जेष्ठ नागरिक सदस्यहरूलाई उल्लेखित सेवाहरूमा ५० प्रतिशत, ७० वर्षदेखि ७९ वर्षसम्म उमेरका जेष्ठ नागरिक सदस्यहरूलाई उल्लेखित सेवाहरूमा २५ प्रतिशतसम्म छुट तथा सहुलियत हुने भएको छ । त्यसैगरी गणेशमानसिहं मेमोरियल स्वास्थ्य सहकारी संस्था लि. द्वारा सञ्चालित गणेशमानसिहं मेमोरियल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. र यस संस्था बिच सदस्यहरूलाई स्वास्थ्य सेवा छुट तथा सहुलियत सम्बन्धी सम्झौता पत्रमा २०८० जेठ १ गते हस्ताक्षर भएको थियो । उक्त सम्झौता अनुसार उक्त अस्पतालमा संस्थाका सदस्य, सदस्यका परिवार र समुदायका गरिब तथा असहाय व्यक्तिहरूले स्वास्थ्य सेवा छुट प्राप्त गर्नेछन् ।

**ग्लोबल मनी विक २०२३ सम्बन्धी कार्यक्रम:**

यस संस्थाले मिति २०८० चैत्र १० गते शुक्रबार बिहान संस्थाका ३५ वर्ष भित्रका युवा सदस्यहरूलाई

लक्षित गरी Financial Fitness कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमका सहभागीहरूलाई वित्तीय स्वस्थताको लागि ज्ञान, सीप र धारणामा सुधार गर्ने विभिन्न उपायहरूको बारेमा प्रशिक्षण दिइएको थियो । मानिसहरूको वित्तीय जीवन समृद्ध बनाउनको लागि तय गर्नुपर्ने वित्तीय लक्ष्य, लक्ष्य पुरा गर्न आवश्यक प्रवल इच्छाशक्ति, मानिसका सपना र सपना पछ्याउन सक्ने खुबी र रूपैयाँ पैसाको ७ सुनौला नियमहरूको बारेमा सहभागीहरूलाई जानकारी गराइएको थियो । युवाहरूलाई सानै उमेरदेखि वित्तीय रूपमा सचेत गराउँदै सही वित्तीय निर्णय गर्न र आफ्नो वित्तीय लक्ष्यहरू हासिल गर्ने कार्यमा अभ्यस्त बनाउनका लागि वित्तीय लक्ष निर्धारण गर्न, आफुसँग उपलब्ध श्रोत साधनमा सीमित रहन, बचतलाई बानी कै रूपमा विकास गर्न, बुद्धिमतापूर्ण तरिकाले ऋण लिन, लागत तुलना गरेर मात्र खर्च गर्न, रूपैयाँ पैसालाई सक्रिय बनाउन र जोखिमलाई न्यूनीकरण गर्न सल्लाह दिइएको थियो । त्यसैगरी उक्त कार्यक्रममा सहभागीहरूलाई वित्तीय लक्ष्य निर्धारण गर्ने प्रक्रियाहरू, खर्च व्यवस्थापन गर्ने ट्राफिक नियम, आम्दानीबाट बचत गरी बाँकी रहेको रकम खर्च गर्ने तरिका, बुद्धिमतापूर्ण ऋण लिने तरिका, रूपैया पैसालाई सक्रिय बनाउने जुक्ति, ८०/२० को परेटो सिद्धान्त, जोखिम युक्त अवस्थाको तयारी गर्ने तरिका सिकाइएको थियो ।

ग्लोबल मनी विक युवाहरूमा रूपैयाँ पैसा सम्बन्धी विश्वव्यापी सचेतना अभिवृद्धि गर्ने अभियान हो । युवाहरूलाई सानै उमेरदेखि वित्तीय रूपमा सचेत गराउँदै सही वित्तीय निर्णय गर्न र आफ्नो वित्तीय लक्ष्यहरू हासिल गर्न आवश्यक ज्ञान, सीप र धारणाहरू विकास गर्नको लागि यो अभियान सञ्चालित छ । यस अवसरमा संसारभरि युवाहरूलाई वित्तीय साक्षरताका क्रियाकलापहरूमा जोड्ने कार्यहरू भइरहेका छन् । यसै सन्दर्भमा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निर्वारण मन्त्रालय सहकारी विभागबाट २०७९ चैत्र १ गते सूचना जारी गरी युवा लक्षित वित्तीय साक्षरता कार्यक्रम आयोजना गरी ग्लोबल मनी विक २०२३ मनाउन सूचित गरिएको थियो ।

**करियर काउन्सेलिङ वर्कशप २०२३ सम्पन्न:**

२०८० जेठ १९ गते चन्द्रागिरि साकोसले २०७९ सालमा एस.इ.इ. दिएर नतिजाको पर्खाईमा बसिरहेका विद्यार्थीहरूलाई लक्षित गरी करियर काउन्सेलिङ वर्कसप फर एस.इ.इ. ग्रयाजुएट्स आयोजना गरिएको थियो । विभिन्न २२ वटा निजी तथा सामुदायिक विद्यालयका २२० जना विद्यार्थीहरूको सहभागिता रहेको उक्त कार्यशालामा विभिन्न ३ वटा विषयहरूमा सहभागीहरूलाई परामर्श दिइएको थियो । पहिलो विषय उद्यमशीलता विकासका सम्बन्धी From vision to venture: Pioneering the entrepreneurship विषयमा व्यवस्थापन परामर्शदाता, प्रशिक्षक तथा प्रेरक वक्ता सोहनबाबु खत्री, दोश्रो विषय उच्च शिक्षा सम्बन्धी Elevate your future: The pursuit of higher education विषयमा प्रशिक्षक, उत्प्रेरक तथा जीवनमार्ग परामर्शदाता चुँडामणि सुवेदी र तेश्रो विषय वित्तीय साक्षरताका विषयमा The Wealth Workout: Sculpting Your Financial Fitness Journey चन्द्रागिरि साकोसका प्रमुख कार्यकारी अधिकृत एवं विकास सहजकर्ता कृष्णकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएकोमा क्रमश संस्थाका अध्यक्ष एवं सामाजिक अभियन्ता योगेन्द्रकुमार कुँवर, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सहजकर्ता तथा ज्योतिषशास्त्रका विज्ञ भानुप्रकाश ढकाल र नेपाल खुल्ला विश्वविद्यालयका सह प्राध्यापक डा. रूमा मानन्धरले मध्यस्थता गर्नुभएको थियो । कार्यक्रमको अध्यक्षता कार्यक्रम संयोजक एवं सहसचिव शरद कुँवरले गर्नुभएको उक्त कार्यक्रमको प्रमुख सत्रहरूको सञ्चालन नायव प्रमुख कार्यकारी अधिकृत कविन्द्र धौबन्जारले गर्नुभएको थियो । कार्यक्रममा संस्थाका उपाध्यक्ष हरिहर सिग्देल ९ बुँदे निश्कर्षहरू प्रस्तुत गर्नु भएको थियो भने विभिन्न विद्यार्थी तथा पर्यवेक्षक प्रधानाध्यापकहरूले आ आफ्नो विचार र कार्यक्रम सम्बन्धी अनुभव राख्नु भएको थियो ।

**हरिद्वार ऋषिकेश तिर्थाटन:**

यस संस्थाले सदस्यहरूको लागि हरेक वर्ष झैं आ.व. २०७९/०८० मा पनि तीर्थ भ्रमण गराउने कार्यक्रमको आयोजना गरेको थियो । संस्थालाई प्राथमिकता दिएर कारोवार गर्नुहुने सदस्यहरूलाई महत्व दिई योगदानमा आधारित रहने गरी यो भ्रमण कार्यक्रम सञ्चालन भएको थियो । विशेष गरी आ.व. २०७८/०७९ को कारोवारलाई मध्यनजर गरी सदस्यहरू छनौटलाई प्राथमिकीकरण र संरक्षित पुँजी फिर्ताकोषबाट सदस्यहरूले प्राप्त गरेको सुविधाको आधारमा संस्थाले लाग्ने कुल खर्चमा छुटको व्यवस्था गरिएको थियो । सदस्यहरूलाई यस वर्ष भारतको उत्तराखण्ड राज्यमा अवस्थित प्रशिद्ध तीर्थस्थल हरिद्वार, ऋषिकेश र यसका आसपासका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको भ्रमण गराइएको थियो । एक पटकमा ७ दिन अवधि रहेको यस तिर्थाटन कार्यक्रम हरेक आइतबार सुरू भई शनिबार सम्पन्न भएको थियो । मिति २०७९/१०/२९ देखि २०७९/१२/४ सम्म सञ्चालन भएको उक्त कार्यक्रममा ३२३ जना सदस्यहरूले सहभागिता जनाउनु भएको थियो ।

**पनौती इन्द्रेश्वर दर्शन:**

संस्थाले २०७९ श्रावण २८ गतेदेखि ३१ गतेसम्म संस्थाका सदस्यहरूलाई काभ्रे जिल्लाको प्रशिद्ध तिर्थस्थल इन्द्रेश्वर महादेव, धनेश्वर महादेव, गोरखनाथ बाबाको मन्दिर र स्थानीय मुक्तिनाथ तथा पशुपतिनाथ मन्दिरको दर्शन गराएको थियो । ४ दिनसम्म सञ्चालिन उक्त कार्यक्रममा ७५० जना सदस्यहरूले सहभागिता जनाउनु भएको थियो ।

**सदस्यहरूको सामुहिक दुर्घटना बीमा:**

यस संस्थाका सदस्यहरूको दुर्घटना भई ज्यान गएमा संस्थाको सदस्य राहत कोषबाट आश्रित परिवारलाई रू. १ लाखसम्मको क्षतिपूर्ति सुविधा प्रदान गर्दै आईरहेकोमा संस्थालाई प्राथमिकता दिई कारोवार गर्नुहुने सदस्यहरूको मिति २०७९ माघ २० गतेदेखि लागु हुने गरी बीमा कम्पनीसँग समन्वय गरी थप रू. १ लाखको सामुहिक दुर्घटना बीमा गरिएको छ । थप बीमाको यो सुविधा संरक्षित पुँजी फिर्ताकोषबाट न्यूनतम रू. ३७/- रूपैयाँसम्म सुविधा प्राप्त गर्ने सदस्यहरूलाई उपलब्ध गराइएको छ । सो व्यवस्था अनुसार उक्त बिमालेखले ५८८० जना सदस्यहरूलाई समावेश गरेको छ । उक्त बीमालेखले सदस्यहरूको दुर्घटनाबाट हुने मृत्यु, स्थायी पूर्ण अशक्तता र स्थायी आंशिक अशक्तताको क्षति समावेश गर्दछ । सदस्यहरूले गर्नु हुने कारोवारको थप सक्रियताले आगामी दिनमा अझ बढी सुविधाहरू सदस्यहरूलाई उपलब्ध गराउँदै लगिनेछ ।

**नि:शुल्क पाठेघरको मुखको क्यान्सर परीक्षण:**

यस संस्थाले मेडस्टार पोलिक्लिनको प्राविधिक सहयोगमा २०७९ आश्विन १२ र १३ गते नि:शुल्क रूपमा महिलाहरूको पाठेघरको मुखको क्यान्सर परीक्षण गरेको थियो । ३६० जनाभन्दा बढी महिला सदस्यहरूले सो सम्बन्धी परीक्षण गराउनु भएको थियो । वर्तमान समयमा धेरै महिलाहरूमा पाठेघरको क्यान्सर हुने गरेको तथ्यहरूले देखाउँछ । विशेष गरी ४० वर्ष नाघेका महिलाहरूमा यो समस्या बढी हुने गर्दछ । कतिपय अवस्थाहरूमा कुनै लक्षण नभएको महिलाहरूले अर्को व्यक्तिलाई क्यान्सर भयो भनी आफ्नो पाठेघर जचाउन जाँदा अन्तिम चरणको क्यान्सर भइसकेको पनि घटनाहरू छन् । तसर्थ सदस्यहरूको समृद्धिको लागि पहिलो शर्त स्वास्थ्य नै हुने भएकोले चन्द्रागिरि साकोसको आयोजनामा उक्त कार्यक्रमको आयोजना गरिएको हो ।

**अनौपचारिक क्षेत्रका श्रमिकहरूको लागि कार्यक्रम:**

चन्द्रागिरि साकोसले २०७९ आश्विन १ गते ललितपुरको इमाडोलमा अनौपचारिक क्षेत्रका श्रमिकहरूको आर्थिक सशक्तिकरणका लागि एक सहकारी सचेतना कार्यक्रम आयोजना थियो । उक्त कार्यक्रममा १५० जना अनौपचारिक क्षेत्रका श्रमिकहरूले सहभागिता जनाउनु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि Japan International Labour Foundation का Executive Director तथा

General Secretary : Toshihiro Motobayashi, रहनु भएको थियो । कार्यक्रम पश्चात ६० जना श्रमिकहरूले संस्थाको सदस्यता लिनु भएको छ ।

**उद्यमी मेलामा संस्थाको सहभागिताः**

सदस्यहरूको उत्पादनहरूलाई बजारीकरण गर्न सहयोग पुर्‍याउने उद्देश्यले २०७९ साल श्रावण २७ गतेदेखि ३१ गतेसम्म ओमन्स क्रियशन सेन्टरको आयोजनामा त्रिपुरेश्वर स्थित वर्ल्ड ट्रेड सेन्टरमा आयोजित श्रृजनशील उद्यमी मेला २०७९ मा यस संस्थाले सहभागिता जनाएको थियो । उक्त मेलामा संस्थाले आफ्नो लगानीमा स्टल स्थापना गरी सदस्यहरूको उत्पादनहरू प्रदर्शनी गर्ने अवसर सृजना गरेको थियो । थुप्रै उद्यमीहरूले राखेका सयौं स्टलहरू सँगै संस्थाले राखेको स्टलमा सदस्यहरूले आफ्ना विभिन्न उत्पादनहरू प्रदर्शनीको लागि राख्नु भएको थियो । उक्त उद्यमी मेलामा झण्डै ७ हजार आगन्तुकहरूले भ्रमण गर्नुभएको थियो ।

**३३ औं कार्यकुशलता तथा सिकाई कार्यशालाः**

२०८० भाद्र ८ गते यस संस्थाको आयोजनामा एक्सेस ब्राण्डिङ बागमती क्लस्टर तेश्रो ब्याचको ३३ औं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला सम्पन्न भएको थियो । संस्थाका अध्यक्ष योगेन्द्रकुमार कुँवरको अध्यक्षता भएको उक्त कार्यशालाको उद्घाटन सत्रमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का अध्यक्ष श्री परितोष पौड्यालको प्रमुख आतिथ्यता रहेको थियो । काठमाडौं, ललितपुर, धादिङ र चितवन जिल्लाका ७ वटा संस्थाको सहभागितामा सञ्चालन भएको उक्त कार्यक्रममा नेफ्स्कूनका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत श्री डा. शिवजी सापकोटालाई बधाई ज्ञापन गरिएको थियो । नेफ्स्कून अध्यक्ष पौडेलले संस्थाहरूले सदस्यहरूसँग नजिकको सम्बन्ध कायम गरी विश्वास आर्जन गर्नु नै आजको मुख्य आवश्यकता रहेको औंल्याउँदै सहकारी साख पुनरूत्थानको लागि अभियान र सरकार दुवै पक्ष निर्दिष्ट उद्देश्यका साथ अगाडि बढ्नुपर्ने कुरामा जोड दिनु भएको थियो भने नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत सापकोटाले असहज परिस्थितिहरूमा पनि असल अभ्यास गर्नुलाई नै गुणस्तर भनिन्छ भन्ने विचार व्यक्त गर्नुभएको थियो । चन्द्रागिरि साकोसका अध्यक्ष योगेन्द्रकुमार कुँवरले व्यवसायिक अभ्यासहरू गर्दै गर्दा सामाजिक हित, मानवीय संवेदना पनि संगसँगै विचार गर्नुपर्ने कुरामा जोड दिनु भयो । कार्यक्रममा सहभागी बाबियाखर्क साकोस काठमाडौं, चन्द्रागिरि साकोस काठमाडौं, हाम्रो साकोस ललितपुर, नयाँपाटी साकोस काठमाडौं, साहारा महिला साकोस धादिङ, श्रोत परिचालन साकोस धादिङ र युनिक साकोस चितवनका कार्यकारी प्रमुखहरूले २०८० बैशाखदेखि श्रावणसम्मको प्रगति विवरणहरू प्रस्तुतीकरण गर्नुभएको थियो भने नेफ्स्कूनका बरिष्ठ कार्यक्रम अधिकृत प्रेमनाथ वाग्लेले नेफ्स्कूनको स्वनियमन मार्गनिर्देशनको बारेमा प्रकाश पार्नुको साथै कार्यशालाको सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा बरिष्ठ सहकारीविद केशववहादुर थापाले सहकारी संस्थाहरूले अन्य क्षेत्रहरू प्रवेश गर्नु पूर्व आफ्नो वरपर छुटेका व्यक्ति र घरधुरीलाई नै समेट्न प्राथमिकता दिनुपर्ने विचार व्यक्त गर्नुभएको थियो । उक्त ३३ औं कार्यशालाले सहकारी संस्थाका नीति तथा आन्तरिक कार्यविधिहरू पुनरावलोकन गर्ने, मासिक प्रतिवेदनहरू पेश गर्दा नेफ्स्कून एम.आई.एस. मार्फत पेश गर्ने, ऋण नीति अद्यावधिक गर्दा ऋण विश्लेषण विधिमा जलवायुमा पहल स्वरूप छैठौं सूचक समावेश गर्ने र साकोसहरूको छवी निर्माणको लागि सदस्यहरूसंगको सम्बन्धलाई थप प्रभावकारी बनाउने निर्णय समेत गरेको थियो । संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक भानुप्रकाश ढकालले सहभागी सबै संस्थाका पदाधिकारी तथा व्यवस्थापन प्रतिनिधि र सम्वद्ध पक्षहरूमा धन्यवाद ज्ञापन गर्दै कार्यशालाबाट भएको निर्णयहरू माथि प्रकाश पार्नुभको थियो ।

त्यसैगरी मिति २०८० बैशाख १० गते बाबियाखर्क साकोसको आयोजनामा सम्पन्न भएको ३२ औं

कार्यकुशलता तथा सिकाई कार्यशालामा समेत यस संस्थाको सहभागिता रहेको थियो ।

**सि.यु.डि.सी.सी. पुनर्ताजगी तालिमः**

संस्थाले सञ्चालकहरूको क्षमता अभिवृद्धिका लागि सि.यु.डि.सी. पुनर्ताजगी तालिम २०७९ श्रावण २० र २१ मा सञ्चालन सञ्चालन गरेको थियो । कार्यक्रममा संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापनका प्रमुख कर्मचारीहरूको सहभागिता रहेको थियो । सि.यु.डि.सी. को पूर्ण तालिम संस्थाले २०७७ फाल्गुण २० देखि २४ गतेसम्म आयोजना गरेको थियो । पूर्ण तालिममा सिकाई भएका विषयहरू उक्त तालिमले तोकेका केही कार्ययोजनाहरू सम्पन्न गरी उक्त पुनर्ताजगी तालिमको आयोजना गरिएको हो ।

**चन्द्रागिरि र बिन्धवासिनी साकोस बिच भगिनी सम्बन्ध स्थापनाः**

२०८० श्रावण १ गते आर्थिक वर्ष २०८०/०८१ को शुरूवात कै दिनमा चन्द्रागिरि ७, काठमाडौं स्थित चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. र बनेपा ७, काभ्रेपलाञ्चोक स्थित बिन्धावासिनी बचत तथा ऋण सहकारी संस्था लि. बिच भगिनी सम्बन्ध स्थापना भएको थियो । चन्द्रागिरिको मुख्य कार्यालय थानकोटमा आयोजित एक कार्यक्रममा चन्द्रागिरि र बिन्धवासिनी दुवै साकोसका अध्यक्षहरू क्रमशः योगेन्द्रकुमार कुँवर र शान्तकुमार श्रेष्ठ तथा दुवै संस्थाका प्रमुख कार्यकारी अधिकृतहरू कृष्णकुमार श्रेष्ठ र के.बि. लामा स्याङ्तानले भगिनी सम्बन्ध स्थापना सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको थियो । दुवै संस्थाले एक अर्काको संस्थागत पहिचानको उच्च सम्मान गर्दै सरोकारवालाहरू बिच दुवै संस्थाले एक अर्काको साख अभिवृद्धिमा सकारात्मक योगदान पुऱ्याउने र सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरू, उच्च व्यवस्थापन, कर्मचारी र सदस्यहरूकाबिच आपसमा अध्ययन, अवलोकन, तालिम तथा क्षमता अभिवृद्धि आदि जस्ता संस्थागत लगायत औपचारिक, अनौपचारिक कार्यक्रमहरूमा परस्परमा सहभागी गराई एकआपसमा सामाजिकीकरणको अवसर उपलब्ध गराउने उद्देश्यले उक्त भगिनी सम्बन्ध स्थापना भएको हो । एक अर्काले प्रयोगमा ल्याएका नीति, विधि, प्रविधि तथा अभ्यासहरू आपसी सहमतिमा कार्यान्वयनमा ल्याई दुवै संस्थालाई व्यवसायिक, सुशासनयुक्त, स्वअनुशासित, प्रविधिमैत्री र जोखिममुक्त बनाउन रचनात्मक योगदान गर्ने, साझा कार्यक्षेत्रभित्र रहेका सदस्यहरूका बिच दोहोरो लगानी नगर्ने र दोहोरो सदस्यता तथा लगानी रहेको पाइएमा त्यसलाई उच्च प्राथमिकतामा राखी क्रमशः समायोजन गर्दै जाने, सहकारी ऐन, नियमावली, निर्देशन तथा मापदण्ड, नियामक निकाय, छाता संगठनले गर्ने परिपत्र, दिने निर्देशन एवं सहकारी सम्वद्ध क्षेत्रीय, अन्तर्राष्ट्रिय सिद्धान्तहरूको परिधि र मर्यादा भित्र रहेर सहकारी अभियानको साख वृद्धिमा संयुक्त रूपमा उल्लेख्य योगदान पुऱ्याउने, दुवै संस्थाहरूले आ-आफ्ना सदस्यहरूको आवश्यकतालाई सम्बोधन गर्न उपयोगी हुने खालको समान प्रकारको वस्तु तथा सेवा विकासका अवसरहरू संयुक्त रूपमा खोजी गर्ने र आकस्मिक अवस्थाहरूमा दुवै संस्था निर्वाध रूपमा सञ्चालन गर्न विपत व्यवस्थापन र व्यवसाय निरन्तरता योजना सम्बन्धी ज्ञान तथा विशेषज्ञता आदान प्रदान गर्ने आदि जस्ता कार्यहरू दुवै संस्थाहरू मिलेर गर्नेछन् । यस संस्थाले यस अघि बनेपा स्थित ज्योति बहुउद्देश्यीय सहकारी संस्था लि. र पोखरा स्थित पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि. सँग पनि भगिनी सम्बन्ध स्थापना गरी सहकारिता, पारस्पारिकता र आपसी समझदारी कायम गर्दै आइरहेको छ ।

**चन्द्रागिरिद्वारा वातावरण संरक्षण कार्यक्रमः**

स्थानीय निकायसँगको समन्वयमा यस संस्थाले वातावरण संरक्षणको कार्यमा योगदान गर्दै आएको छ । यस संस्थाले चन्द्रागिरि नगरपालिका वडा नं ६ र ७ सँगको सहकार्यमा स्थानीय दाउरा डिपोदेखि त्रिभुवन पार्कसम्मको सडक डिभाईडरहरूमा दुवो

तथा बिरूवाहरू रोप्ने कार्यक्रम सम्पन्न गरेको छ । त्यसैगरी वातावरण संरक्षण कै पहल स्वरूप संस्थाले विद्युतीय सवारी साधन कर्जालाई समेत प्राथमिकता दिँदै आएको छ ।

**जेष्ठ नागरिक सदस्यहरूसँग अन्तरक्रिया:**

जेष्ठ सदस्यहरूको कार्यक्रम सम्बन्धी आवश्यक सुझाव संकलन, जेष्ठ सदस्य कार्यक्रम सम्बन्धी नीतिगत आधार तयारीको लागि पृष्ठपोषण, उपस्थित सदस्यहरू बिच छलफल र विचार आदान प्रदान गर्ने उद्देश्यले मिति २०८० जेष्ठ ०६ गते जेष्ठ नागरिक सदस्यहरूको एक छलफल कार्यक्रमको आयोजना गरिएका थियो । उक्त कार्यक्रममा ५३ जना ज्येष्ठ नागरिक सदस्यहरूले सहभागिता जनाउनु भएको थियो । कार्यक्रममा सहभागी हुने सदस्यहरूको उमेर, कार्यक्रमको ढाँचा लगायत कार्यक्रमको नामको बारेमा समेत छलफल गरिएको थियो ।

**६६ औं राष्ट्रिय सहकारी दिवस:**

चन्द्रागिरि नगरस्तरीय सहकारी समन्वय समितिद्वारा मिति २०७९ चैत्र २० मा आयोजित ६६ औं राष्ट्रिय सहकारी दिवसमा यस संस्थाको सहभागिता रहेको थियो । यस संस्थाद्वारा धिमेबाजा र बासुरी खल: को साथमा ११५ जनाको र्‍याली सहित कार्यक्रममा सहभागिता जनाइएको थियो ।

**रक्तदान कार्यक्रम आयोजना:**

२२ औं स्थापना दिवस कै अवसरमा यस संस्थाले २०८० बैशाख २ गते एक रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । १०३ जना रक्तदाताहरूले रक्तदान गर्नुभएको उक्त कार्यक्रममा प्राविधिक सहयोग मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालले गरेको थियो ।

**आ.व. २०७९/०८० मा सम्पन्न भएको सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रमहरूको विवरण:**

| मिति | कार्यक्रमको विवरण | सहभागी संख्या |
|---|---|---|
| २०७९/०४/२८ | सदस्य विस्तारित मञ्च तथा शिक्षा शिविर कार्यक्रम | ३४० |
| २०७९/०६/०१ | श्रमिकहरूको आर्थिक सशक्तिकरणका लागि सहकारी सचेतना कार्यक्रम | १३१ |
| २०७९/१०/१० | सदस्य विस्तारित मञ्च तथा शिक्षा शिविर कार्यक्रम | ५४ |
| २०७९/१०/१३ | सदस्य विस्तारित मञ्च तथा शिक्षा शिविर कार्यक्रम | ५८ |
| २०७९/१०/२५ | सदस्य विस्तारित मञ्च तथा शिक्षा शिविर कार्यक्रम | ४३ |
| २०७९/१०/२९ | सदस्य विस्तारित मञ्च तथा शिक्षा शिविर कार्यक्रम | ३९ |
| २०७९/११/११ | सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम | ४२ |
| २०७९/१२/१० | Financial Fitness कार्यक्रम | ६१ |
| २०७९/१२/१८ | लघुवित्त केन्द्र प्रमुख भेला तथा वित्तिय साक्षरता कार्यक्रम | २१२ |
| २०८०/०१/२१ | सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम | ६५ |
| २०८०/०१/२८ | सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम | ६२ |
| २०८०/०२/१३ | सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम | ५४ |
| २०८०/०२/१३ | सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम | ८३ |
| २०८०/०३/१४ | सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम | ४० |
| २०८०/११/२७ | सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम | १०९ |
| २०८०/११/२७ | सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम | ६० |

**आ.व. २०७९/०८० मा विभिन्न संघ, संस्था र निकायहरूबाट भएको भ्रमणको विवरण:**

| मिति | विवरण | संख्या |
|---|---|---|
| २०७९/४/५ | नेपाल सरकारद्वारा गठित समस्याग्रस्त सहकारी व्यवस्थापन समिति | ४ जना |
| २०७९/४/५ | काठमाडौं बचत तथा ऋण सहकारी संघ लि. | ५ जना |
| २०७९/५/२७ | महिला सृजनशील केन्द्रबाट | ३ जना |
| २०७९/५/३० | एफईसी धनकोष बचत तथा ऋण सहकारी संस्था लि., रूपन्देही | २ जना |

| मिति | विवरण | संख्या |
|---|---|---|
| २०७९/६/५ | नयाँपाटी साकोस, सुन्दरीजलबाट | ४ जना |
| २०७९/७/१८ | आभाष साकोस बनेपा काभ्रे | २० जना |
| २०७९/७/२३ | शिवम बचत तथा ऋण सहकारी संस्था लि., चाबहिल | ३ जना |
| २०७९/८/१ | बिन्दबासिनी बचत तथा ऋण सहकारी संस्था लि., काभ्रे | १० जना |
| २०७९/१०/८ | किपु बचत तथा ऋण सहकारी संस्था लि. किर्तिपुर | १४ जना |
| २०७९/१०/२७ | स्कोप बचत तथा ऋण सहकारी संस्था लि., ललितपुर | २१ जना |
| २०७९/११/१ | सक्षम बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर | ६ जना |
| २०७९/११/१९ | नित्यनाथ बचत तथा ऋण सहकारी संस्था लि, भक्तपुर | १९ जना |
| २०७९/११/२३ | हटिया बचत तथा ऋण सहकारी संस्था लि, मकवानपुर | ३३ जना |
| २०७९/१२/३ | मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि., चितवन | ६३ जना |
| २०७९/१२/७ | श्रमिक बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर | १३ जना |
| २०८०/१/३ | एकता बचत तथा ऋण सहकारी संस्था लि., शान्तिनगर, काठमाडौं | १४ जना |
| २०८०/१/५ | होस्टे हैंसे बचत तथा ऋण सहकारी संस्था लि., का.म.न.पा. १४, खड्कागाउँ | १५ जना |
| २०८०/२/९ | ओमन्स क्रियसन बचत तथा ऋण सहकारी संस्था लि., गोल्फुटार, काठमाडौं | ७ जना |
| २०८०/२/१६ | The Cooperative Credit Union League of Bangladesh (CCULB) | १६ जना |
| २०८०/२/१७ | मध्यनेपाल बचत तथा ऋण सहकारी संस्था लि., नवलपुर | १४ जना |
| २०८०/२/२० | चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि., काभ्रे | २३ जना |
| २०८०/२/२२ | बज्रबाराही बचत तथा ऋण सहकारी संस्था लि., थाहा न.पा वडा नं ६, बज्रबाराही | ८ जना |
| २०८०/४/१२ | संगम बचत तथा ऋण सहकारी संस्था लि., नुवाकोट | १५ जना |
| २०८०/४/२५ | सामुहिक बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर | २ जना |
| २०८०/५/४ | नेचुरल बचत तथा ऋण सहकारी संस्था लि., चुच्चेपाटी, काठमाडौं | १४ जना |
| २०८०/५/११ | जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि., धादिङ | ५ जना |

**आदरणीय सदस्य महानुभावहरू,**

हामी यस २२ औं वार्षिक साधारण सभाको लागि भेला भइरहँदा हामीले गत वर्षमा गरेका महत्वपूर्ण प्रगतिहरूको समीक्षा गर्न आवश्यक हुन्छ । यस संस्था सदस्यहरू हित र आर्थिक समृद्धिको लागि सदैव प्रतिवद्ध रहँदै आएको छ । आ.व. २०७९/०८० मा हामीले गरेको सदस्य सेवाको स्तर, ऋण पोर्टफोलियो व्यवस्थापन, भाखा नाघेको ऋण नियन्त्रण, ऋण जोखिम कोषको व्यवस्था बचत, शेयर पुँजी र कुल सम्पत्ति तथा सदस्यतामा गरेको वृद्धि समुदायले यस संस्थालाई गरेको विश्वास र भरोसाको प्रतिविम्व हो । सदस्यहरूलाई समृद्धि निर्माण गर्न हाम्रो वस्तु तथा सेवा र सुविधाहरूले सदस्यहरूको वित्तीय सशक्तिकरणमा योगदान गर्दै सकारात्मक परिणाम ल्याउन सफल भएको छ । सहकारी सिद्धान्त, मुल्य, सुशासन र असल अभ्यासहरू प्रति हाम्रो सदैव अटल समर्पण रहेको छ । हाम्रा सेवाहरूले सदस्यहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुऱ्याएको छ भन्ने कुरामा विश्वास व्यक्त गर्दछु । हाम्रो यस अभियानमा हामीलाई सदैव साथ दिनुहुने सदस्यहरू र संस्थाको निर्दिष्ट योजना र विधि, प्रविधि अनुसार समर्पित भएर अहोरात्र खटिने प्रमुख कार्यकारी अधिकृत लगायत सिंगो कर्मचारी कर्मचारी वर्ग, संस्था सञ्चालनमा जानकार र संलग्न सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरू विभिन्न उपसमितिका सदस्यहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी हामीले निरन्तर मार्गदर्शन गर्ने नियामक निकाय, एशियाली ऋण महासंघ (ACCU), नेफ्स्कून लगायत जिल्ला,

प्रदेश र केन्द्रीय तहका सहकारी संघहरू, राष्ट्रिय सहकारी बैंक, सहकारी अभियन्ताहरू, लेखापरीक्षक, विषयविज्ञ र संस्थाको गतिविधि जनसमुदायमा प्रचार प्रसार गर्न मद्दत पुऱ्याउने सञ्चारकर्मी साथीहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अब म यस सभामा निर्णयार्थ प्रस्तावित कार्यसूचीहरू पेश गर्ने अनुमति चाहन्छु ।

**निर्णयार्थ प्रस्तावित कार्यसूचीहरूः**

- आ.व. २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
- आ.व. २०७९/०८० को लेखासुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
- आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
- आ.व. २०८०/८१ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
- आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
- शेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
- सहकारी एकीकरण सम्बन्धमा ।
- आन्तरिक नीति तथा कार्यविधिहरू संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
- विनियम संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
- कानूनी प्रक्रियामा रहेका संस्थाको लेना रकमहरू असुल उपर सम्बन्धमा ।
- निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
- सदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।
- विविध ।

**अन्त्यमा,**

यस प्रतिवेदन लगत्तै संस्थाका प्रमुख कार्यकारी अधिकृत मार्फत आ.व. २०८०/८१ को कार्यक्रम तथा बजेट प्रस्तुत हुनेछ । त्यस उपर अध्ययन गरी गहन छलफल तथा विचार विमर्श गरी आवश्यक सल्लाह र मार्गदर्शन प्रदान गर्नुहुन अनुरोध गर्दछु र यस सभामा निर्णयार्थ पेश भएका कार्यसूचीहरूमा बृहत छलफल गरी रचनात्मक सल्लाह तथा सुझावहरू सहित पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु । धन्यवाद । जय सहकारी ॥ जय चन्द्रागिरि ॥।

योगेन्द्रकुमार कुँवर
अध्यक्ष

## चन्द्रागिरि साकोसको आ.व. २०८०/०८१ को नगद काउन्टर समय

| विवरण | समयदेखि | समयसम्म |
|---|---|---|
| सार्वजनिक विदा तथा शनिबार, मुख्य कार्यालय | बिहान ८:०० बजे | दिउँसो २:०० बजे |
| सार्वजनिक विदा तथा शनिबार, सेवाकेन्द्रहरू | बिहान ८:०० बजे | बिहान ११:०० बजे |
| अन्य दिन, मुख्य कार्यालय | बिहान ८:०० बजे | साँझ ७:०० बजे |
| विशेष चाडपर्वहरूमा मुख्य कार्यालय तथा सेवाकेन्द्रहरू | बिहान ८:०० बजे | बिहान ११:०० बजे |
| कार्तिक १६ देखि माघ १५ सम्म, मुख्य कार्यालय | बिहान ८:०० बजे | साँझ ६:०० बजे |
| कार्तिक १६ देखि माघ १५ सम्म, सेवाकेन्द्रहरू | बिहान ८:०० बजे | साँझ ४:०० बजे |

संस्थाको मोबाईल बैंकिङ्ग तथा एटिएम सेवा २४ सैं घण्टा खुल्ला रहनेछ ।

# २२ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेट

**यस गरिमामय २२ औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, संस्थाका आदरणीय सदस्यज्यूहरू, सरोकारवाला निकाय र शुभचिन्तज्यूहरू,**

यस संस्थाको २२ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको आज्ञाले आ.व. २०८०/०८१ को प्रस्तावित कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु । गत वर्ष संस्थाले तय गरेको दोश्रो ४ वर्षीय रणनीतिक योजना, बदलिँदो वित्तीय बजारमा देखिएका सम्भावना तथा चुनौती र संस्थाका आन्तरिक वातावरण विश्लेषण तथा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा कार्यशालाको निश्कर्ष समेतका आधारमा सञ्चालक समितिको निर्णय बमोजिम यस सभामा आ.व. २०८०/०८१ को कार्यक्रम तथा अनुमानित बजेट पेश गरेको छु ।

**(१) आ.व. २०७९/०८० को कार्यसम्पादन र उपलब्धीहरूको समीक्षा :**

गत २१ औं वार्षिक साधारण सभाले पारित गरेको वार्षिक कार्यक्रम तथा बजेट अनुसार संस्थाले हासिल गरेको उपलब्धीहरू उल्लेखनीय नै रहेका छन् । विश्व अर्थतन्त्रमा आएको संकुचन, वित्तीय बजारमा देखापरेको तरलताको चाप, सहकारी तथा लघुवित्त क्षेत्रमा सृजना भएका लगातारका चुनौतीहरूको वावजुत संस्थाको सदस्यता, कार्यक्रम र वित्तीय प्रगतिहरू सन्तोषजनक रहेका छन् । सदस्यहरूको सेवा र सुविधाको स्तरलाई हामीले निरन्तर उच्च विन्दुमा कायम गर्न सफल रह्यौं ।

सदस्ता, शेयर पुँजी, बचत, ऋण लगानी, ब्याज आम्दानी, ब्याज खर्च र कुल सम्पत्ति तर्फको लक्ष्य क्रमशः ९६%, ८९%, ९४%, ८७%, ९०%, ९६% र ८८% हासिल भएका छन् । यसै वर्ष साविक एच,एण्ड.बि. (हाल लुम्बिनी विकास) बैंकको GFP प्रकरणसँग सम्बन्धित अदालती प्रक्रियामा रहेको लेना रकम रू. ८,४०,००,००० लाई पूर्ण रूपमा जोखिम कोषको व्यवस्था गरिएको छ । वर्षभरी ऋण लगानी प्रक्रियालाई सुचारू राख्न सफल रहनु, हरेक महिना तरलता सञ्चय पर्याप्त मात्रामा कायम राख्न सक्नु, निरन्तर सदस्यता, बचत, शेयर पुँजी र कुल सम्पत्तिको अनुपात वृद्धि हुनुले यस संस्थाप्रति सदस्य र समुदायको विश्वासको प्रतिनिधित्व गर्दछ । यसका अलावा नियामकीय तथा एक्सेस ब्राण्डिङ कार्यक्रमको निर्देशन जस्ता बैधानिक दायित्व परिपालनाको लागि सबैभन्दा बढी जोखिम रहेको ऋणको पूर्ण सुरक्षण गर्ने संस्थाको सञ्चालक समितिको साहसिक पहलकदमीका कारण संस्थाको जोखिम स्तर न्यून हुन पुगेको छ भने अर्को तर्फ यसले संस्थाको सञ्चालन आयमा प्रभाव पारेको कारण जगेडा कोष, शेयर लाभांश, कर्मचारी बोनस र अन्य कोषहरूमा समेत प्रभाव पारेको छ । तथापी सदस्यहरूको सेवाको गुणस्तर र सुविधाको स्तरमा हामीले कुनै पनि सम्झौता नगरी सुचारू राख्न सफल भएका छौं । आगामी आ.व. मा शेयर लाभांश, संरक्षित पुँजी फिर्ता, ब्याजदर, सेवा, सुविधा र सहुलियतहरूको विविधताको माध्यमबाट सदस्यहरूको सन्तुष्टीको स्तरलाई अभिवृद्धि गर्ने कार्यमा संस्थाको ध्यान केन्द्रित हुने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । आ.व. २०७९/०८० को वित्तीय तथा अन्य लक्ष्यहरूको उपलब्धीहरू तपसिल अनुसार रहेका छन् ।

**(क) सदस्यता र कर्मचारी लक्ष्य र उपलब्धी**

| विवरण | लक्ष्य (२०८०/३/३१) | उपलब्धी (२०८०/३/३१) | उपलब्धी % |
|---|---|---|---|
| सदस्यता | १८२६७ | १७६४० | ९६.५७% |
| कर्मचारी | ५३ | ४४ | ८३.०२% |

## (ख) आ.व. २०७९/०८० को वासलात तर्फको लक्ष्य र उपलब्धी

| क्र.स. | विवरण | लक्ष्य (२०८०/३/३१) | उपलब्धी (२०८०/३/३१) | उपलब्धी % |
|---|---|---|---|---|
| | **पुँजी तथा दायित्व हिसाब** | | | |
| १ | शेयर पुँजी | २१५,१५७,०००.०० | १९१,२२५,४००.०० | ८९% |
| २ | जगेडा कोष | १०४,५६३,७४४.०० | ८४,७०१,४९८.६१ | ८१% |
| ३ | संस्थागत पुँजी कोष | २९,९४८,५९३.०० | २०,२३१,६३६.४९ | ६८% |
| ४ | अन्य कोषहरू | ५२,६२६,१४७.०० | ११,५४२,५८८.७५ | २२% |
| ५ | सम्भावित ऋण जोखिम व्यवस्था | ५४,४०४,६४४.०८ | रू. ८४०,००,१०० लाई खुद ऋणमा मिलान गरिएको | |
| ६ | बाह्य ऋण दायित्व | २३,९९५,६३१.०० | १२,१००,०००.०० | ५०% |
| ७ | बचत (निक्षेप) हिसाब | २,८४२,८६९,४४४.१५ | २,६७६,०३२,०००.२० | ९४% |
| ८ | भुक्तानी दिनुपर्ने हिसाव | १९,२७३,६४०.३९ | १,३१०,०२०.३४ | ७% |
| ९ | अन्य दायित्व हिसाब | १२१,४४८,२११.०० | ५३,४४७,२२५.९८ | ४४% |
| | **जम्मा** | **३,४६४,२८७,०५४.६२** | **३,०५०,५९०,३७०.३७** | **८८%** |

| क्र.स. | विवरण | लक्ष्य (२०८०/३/३१) | उपलब्धी (२०८०/३/३१) | उपलब्धी % |
|---|---|---|---|---|
| | **सम्पत्ति तथा जायदात हिसाब** | | | |
| १ | नगद मौज्दात | ३,५७८,२०४.०० | ४,८०४,२१२.०० | १३४% |
| २ | बैंक मौज्दात | ४१९,३५८,२७८.०० | ५१८,७०४,८५८.२३ | १२४% |
| ३ | लगानी हिसाब | ४१८,२४४,९३४.७३ | ३१३,६२०,१४०.२९ | ७५% |
| ४ | ऋण लगानी | २,३८३,३४१,३७९.०१ | २,०७०,७६५,८४३.९३ | ८७% |
| ५ | स्थीर सम्पत्ति | १०७,०२५,००४.८७ | ९४,१३२,३२२.८१ | ८८% |
| ६ | अन्य सम्पत्ति | २९,१५२,११५.०० | २९,४२८,९९१.४९ | १०१% |
| ७ | पाउनुपर्ने हिसाब | १०३,५८७,१३९.०१ | १९,१३४,००१.६२ | १८% |
| | **जम्मा** | **३,४६४,२८७,०५४.६२** | **३,०५०,५९०,३७०.३७** | **८८%** |

## (ग) आ.व. २०७९/०८० को सञ्चालन आयतर्फको लक्ष्य र उपलब्धी

| विवरण | लक्ष्य (२०८०/३/३१) | उपलब्धी (२०८०/३/३१) | उपलब्धी % |
|---|---|---|---|
| ब्याज आम्दानी | ३३८,६८१,२७४.४० | ३०५,०४३,१६८.७७ | ९०.०७% |
| ब्याज खर्च | २९८,१०७,८४७.५३ | २८४,७६९,८१३.०१ | ९५.५३% |
| खुद ब्याज आम्दानी | ४०,५७३,४२६.८७ | २०,२७३,३५५.७६ | ४९.९७% |
| बैंक ब्याज आम्दानी | ६०,६९५,६१५.९८ | ६०,१२१,२६३.६३ | ९९.०५% |
| अन्य सञ्चालन आम्दानी | २,८८२,५००.०० | २६,२६७,४७४.३९ | ७९.८८% |
| कुल सञ्चालन आम्दानी (क) | १३४,१५१,५४२.८५ | १०६,६६२,०९३.७८ | ७९.५१% |
| **खर्चहरू** | | | |
| - कर्मचारी खर्च | २७,३३९,२८२.३० | २७,९३८,४३६.४९ | १०२.१९% |
| - सञ्चालन खर्च | १८,४९०,०००.०० | ८,८८५,९४७.९५ | ४८.०६% |
| - ह्रास कट्टी तथा अपलेखन खर्च | २,७८४,७४५.९० | ६,२१२,९५६.१० | २२३.११% |
| - सदस्य सेवा तथा कार्यक्रम | ७,८३६,६४५.०० | ७,०२८,०८५.०० | ८९.६८% |
| - ऋण नोक्सानी व्यवस्था खर्च | १०,८८०,९२८.८२ | ४०,४७६,३८४.७४ | ३७१.९९% |
| - सम्पत्ति बिक्रीमा घाटा/(नाफा) | ९००,०००.०० | | |
| - मर्मत सम्भार | २७,३३९,२८२.३० | १,२७४,०७४.५२ | १४१.५६% |
| **कुल खर्च (ख)** | **६८,२३१,६०२.०२** | **९१,८१५,८८४.८०** | **१३४.५७%** |
| **आयकर व्यवस्था अघिको नाफा (क)-(ख)** | **६५,९१९,९४०.८३** | **१४,८४६,२०८.९८** | **२२.५२%** |

**(२) आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेटको उद्देश्यहरूः**

संस्थाले आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेटको रणनीतिक उद्देश्यहरू देहाय अनुसार तय गरेको छः

२.१. संस्थाको सेवा लिने सदस्यहरू वृद्धि गर्ने ।
२.२. वित्तीय सक्षमता अभिवृद्धि गर्ने ।
२.३. जोखिम व्यवस्थापनलाई मजबुत बनाउने ।
२.४. वित्तीय समावेशीकरणलाई अभिवृद्धि गर्ने ।
२.५. डिजिटल रूपान्तरणलाई पोषित गर्ने ।
२.६. सदस्यहरूको सहभागिता, सक्रिता र सन्तुष्टीस्तरलाई बढाउने ।
२.७. कर्मचारी विकास र कार्यसम्पादनलाई वृद्धि गर्ने ।
२.८. सञ्चालकहरूको क्षमता विकास गर्ने ।
२.९. नियामकीय अनुपालन र सुशासन सुनिश्चितता ।
२.१०. साझेदारी र सहकार्यलाई मजबत बनाउने ।

**(३) लक्ष्यहरूः**

यस वार्षिक कार्यक्रम तथा बजेटको प्राथमिकता भनेको आगामी आ.व. को लागि स्पष्ट र व्यापक रोडम्याप प्रदान गर्नु हो । यसले हाम्रो रणनीतिक उद्देश्य, वित्तीय लक्ष्यहरू र स्रोतसाधन विनियोजनको रणनीतिलाई स्पस्ष्ट रूपरेखा प्रदान गर्ने कार्य गर्दछ । यस संस्थाको लक्ष्य सदस्य र संस्थाको दीर्घकालिन उन्नयन र आर्थिक समृद्धि भएको हुँदा सोही परिदृष्यमा अनुकुलन गर्दै सदस्य सेवालाई जारी राख्न देहायका लक्ष्यहरू तय गरिएका छन् ।

३.१. सदस्यता वृद्धि २३% ले गर्ने ।
३.२. ऋणी सदस्यको संख्या ६०% ले वृद्धि गर्ने ।
३.३. शेयर र संस्थागत पुँजीको वृद्धि २०% ले गर्ने ।
३.४. बचत निक्षेप २४% ले वृद्धि गर्ने ।
३.५. बाह्य ऋण १२ करोड १० लाख पुऱ्याउने ।
३.६. ऋण लगानी ६७% ले वृद्धि गर्ने ।
३.७. भौतिक पूर्वाधारमा रू. १ करोड व्यवस्थापन गर्ने ।
३.८. लगानी १४% ले वृद्धि गर्ने ।
३.९. तरलता १०%-१५% भित्र कायम गर्ने ।
३.१०. कर अधिको सञ्चालन आय रू. ९ करोड ७० लाख आर्जन गर्ने ।
३.११. शेयर लाभांश १२% पुऱ्याउने ।
३.१२. कुल सम्पत्ति २५% ले वृद्धि गर्ने ।
३.१३. प्रमुख कार्यसम्पादन सूचकांकको आधारमा कार्यसम्पादन मुल्यांकन गर्ने ।
३.१४. विनियम पुनर्लेखन र संशोधन गर्ने ।
३.१५. २ वटा संस्थासँग सहकारी एकीकरण र २ वटा सेवाकेन्द्र सञ्चालन गर्ने ।
३.१६. कर्मचारी संख्या ५५ जना पुऱ्याउने ।
३.१७. Trust AML प्रणाली पूर्ण रूपमा लागु गर्ने ।
३.१८. नयाँ १ वटा संस्थासँग भगिनी सम्बन्ध स्थापना गर्ने ।
३.१९. सदस्यहरूको सन्तुष्टीदरलाई ९०% भन्दा माथि कायम राख्ने ।
३.२०. सबै कर्मचारीहरूले कर्मचारी सहुलियत ऋण लिन सक्ने गरी प्रोडक्ट पुनरावलोकन गर्ने ।

**(४) प्रमुख कार्यसम्पादन सूचकांक (KPIs):**

आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेटमा हामीले तपसिल अनुसारका प्रमुख कार्यसम्पादन सूचकहरू (KPIs) पहिचान गरेका छौं जसले आर्थिक वर्षभरि हाम्रो प्रगति र सफलता नाप्न मापनयोग्य बेन्चमार्कको रूपमा काम गर्नेछ । यी KPIs ले वित्तीय कार्यसम्पादन, सदस्य वृद्धि, जोखिम व्यवस्थापन र परिचालन दक्षता सहित विभिन्न पक्षहरूलाई समेट्छ । यी सूचकहरूलाई नजिकबाट अनुगमन गरेर हामी हाम्रा रणनीतिक उद्देश्यहरू प्राप्त गर्न र सदस्यहरूलाई सेवाको मुल्य प्रदान गर्न सफल हुनेछौं भन्ने विश्वास छ । यी एक्क्ष प्रतिको हाम्रो प्रतिवद्धताले जिम्मेवार वित्तीय व्यवस्थापन र निरन्तर सुधारको लागि हाम्रो समर्पणलाई प्रतिविम्वित गर्दछ र अन्ततः निरन्तर परिवर्तित वित्तीय परिदृश्यमा हाम्रो सहकारीको स्थिरता र सामाना शक्तिलाई बलियो बनाउने कुरामा हामी विश्वस्त छौं ।

**तपसिलः**

४.१. सदस्यता वृद्धि ।
४.२. सबल र सुरक्षित वित्तीय अवस्था ।
४.३. जोखिम व्यवस्थापन ।
४.४. वित्तीय समावेशीकरणको प्रवर्द्धन ।
४.५. डिजिटल रूपान्तरण ।
४.६. सदस्यहरूको सहभागिता, सक्रिता र सन्तुष्टीस्तर ।
४.७. कर्मचारीहरूको विकास र कार्यसम्पादनलाई वृद्धि ।
४.८. सामाजिक क्रियाकलापहरूमा संलग्नता र उत्तरदायित्व ।
४.९. नियामकीय अनुपालन र शुसासन सुनिश्चितता ।

**५.१. कार्ययोजनाः**

यस वार्षिक वार्षिक योजना र बजेटमा सम्मिलित कार्य योजनाले संस्थाको रणनीतिक लक्ष्यहरूलाई मूर्त र कार्यान्वयन योग्य चरणहरूमा परिणत गर्न गतिशील खाकाको रूपमा कार्य गर्दछ । यसले हाम्रा कार्यसम्पादन सूचकहरू र समग्र उद्देश्यहरू प्राप्त गर्न आवश्यक पहलहरू, परियोजनाहरू, र समयरेखाहरू चित्रण गर्दछ । प्रत्येक क्रियाकलापलाई संस्थाको ध्येय, मुल्यहरू र सदस्य-केन्द्रित दृष्टिकोणसँग पंक्तिवद्ध गर्न सावधानीपूर्वक संयोजना गरिएको छ । यस योजनाले स्रोतसाधनको कुशल व्यवस्थापन सुनिश्चित मात्र गर्दैन, संस्थाको जवाफदेहिता र पारदर्शितालाई समेत बढावा दिन्छ । यस कार्य योजनाको पूर्ण कार्यान्वयन मार्फत, अर्थपूर्ण प्रगति गर्न, सदस्यको अनुभवहरू अभिवृद्धि गर्न र आगामी वर्ष चन्द्रागिरि साकोसको निरन्तर समृद्धि सुरक्षित गर्न देहायका कार्ययोजना तय गरेका छौं ।

**(५.१.१) संस्थाको सेवा लिने सदस्यहरू वृद्धि गर्नेः**

यस कार्ययोजना अन्तर्गत "म थप्छु १ सदस्य, लिन्छु सेवा चन्द्रागिरिको अवस्य" अभियान सञ्चालन, चन्द्रागिरि साथीहरू परिचालन, सम्भावित सहकारी एकीकरण र नयाँ सेवाकेन्द्र सञ्चालन, सदस्य राहतको कार्यक्रम र सुविधाहरू वृद्धि, सम्भावित क्षेत्रहरूमा भेला तथा अभिमुखीकरण, संस्थाको लघुवित्त कार्यक्रम विस्तार, सदस्य शिक्षा तथा विस्तारित भेलाहरू आयोजना, सदस्यहरूको सीपको बजारीकरण, "Loyal member of the month" कार्यक्रम सञ्चालन, जेष्ठ नागरिक सदस्यहरूको भेला, जमघट, मेला, महोत्सवहरूमा सदस्य शिविर सञ्चालन र सदस्यहरूको उद्यमशीलता विकास तालिम आदि जस्ता क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

**(५.१.२) वित्तीय सक्षमता अभिवृद्धि गर्नेः**

वित्तीय सक्षमता वृद्धिको लागि ऋण पोर्टफोलियो वृद्धि, लागत न्यूनिकरणका उपायहरू अवलम्बन, बचत समिश्रणको अनुपातलाई परिमार्जन, यथोचित लगानी अनुकुलन, मुख्य कार्यालयको आन्तरिक कार्यालय बनावट पुनसंरचना, नयाँ सेवाकेन्द्रको कार्यालयहरू स्थापना र सञ्चालन र नयाँ बचत र ऋणको प्रोडक्ट विकास लगायतका कार्यहरू गरिनेछ ।

**(५.१.३) जोखिम व्यवस्थापनलाई मजबुत बनाउनेः**

जोखिम व्यवस्थापन र नियन्त्रणको लागि जोखिममा आधारित साकोस स्वःसुपरिवेक्षण विधि प्रयोग, भाखा नाघेका ऋणी भेटघाट र ताकेतालाई थप प्रभावकारीता प्रदान, भाखा नाघेको ऋणको कानूनी प्रक्रिया सुचारू, जोखिम व्यवस्थापनको आकस्मिक योजना तयार पारी लागु, बजार सर्वेक्षण र आवश्यकता अनुसार ब्याजदर संशोधन, लगानी भएको ऋणको अनुगमन, बिना धितोको ऋण बीमा, साख सूचना संकलन गरी ऋण डाटाबेस तयार, सबै ठूला फाईलहरूको ऋण कागजातहरू स्क्यानिङ र तोकिए बमोजिमको साँवा सहितको किस्ता भुक्तानी सुरू भएपछि पुरा किस्ता बुझाएको महिना तिरेको ब्याजमा ५% रिबेट प्रदान गर्ने कार्यहरू गरिनेछ ।

**(५.१.४) वित्तीय समावेशीकरणलाई अभिवृद्धि गर्नेः**

वित्तीय समावेशीकरणलाई पोशित गर्नको लागि

लघुवित्त कार्यक्रम विस्तार, वित्तीय सेवा कमी भएको समुदायमा सर्वेक्षण र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने कार्यहरू गरिनेछ ।

**(५.१.५) सामाजिक उत्तरदायित्व वहन:**

सहकारीको समाजिक उत्तरदायित्व स्वरूप चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम विस्तार, स्थानीय तह, सामाजिक संघ संस्था सँग सहकार्य, १ सदस्य १ बिरूवा रोप्ने अभियान सञ्चालन, विद्युतीय सवारी साधन कर्जा विस्तार, पोखरा रोयल, ज्योति बहुउद्देश्यीय र अन्य सहकारी संस्थाहरू सँग भगिनी सम्बन्ध निरन्तरता र स्थापना, सामुहिक रूपमा सहकारीको सकारात्मक सन्देश जाने भिडियो सामग्री प्रशारण, सदस्यहरू मध्येबाट वातावरण दुत र युवा दुत नियुक्ति, कपडा साटासाट सेवा सञ्चालन, पाठ्य/पुस्तक साटासाट सेवा सञ्चालन र सामुहिक उपनयन (ब्रतवन्ध)/वेल विवाह कार्यक्रम सञ्चालन गर्ने योजना राखिएको छ ।

**(५.१.६) डिजिटल रूपान्तरणलाई पोषित गर्ने:**

सदस्य सेवामा डिजिटल रूपान्तरणका लागि संस्थाको कोर बैंकिङ्ग प्रणालीलाई नियमित अद्यावधिक गर्ने, AML/CFT सम्बन्धी अनुपालनमा थप प्रभावकारीताको लागि त्वगकत AML सिस्टम पूर्ण रूपमा लागु गर्ने, मोबाईल बैंकिङ्ग सेवाको प्रयोगकर्ता वृद्धि गर्ने, एटिएम सेवाको प्रयोगकर्ता वृद्धि गर्ने, मोबाईल/ट्याब कलेक्सन सेवा शुरूवात गर्ने, अनलाईन सदस्य विवरण अद्यावधिक गर्ने सिस्टमको विकास गर्ने, स्मार्ट सापटी सेवालाई विस्तार गर्ने, कियोस्क बैंकिङ्ग सेवालाई विस्तार गर्ने, समिति उपसमिति र कर्मचारीहरूमा प्रविधि साक्षरताको कार्यक्रम आयोजना गर्ने, सदस्यहरूमा प्रविधि साक्षरताको कार्यक्रम सञ्चालन गर्ने, आधुनिक सुविधाहरू सहितको वेबसाईट सञ्चालन, ईटेलर सञ्चालन गर्ने, म्यानेजमेन्ट एप विकास गरी प्रयोगमा ल्याउने र मुख्य कार्यालयमा सार्वजनिक हितको लागि सन्देश जारी गर्न इलेक्ट्रोनिक डिस्प्लेको व्यवस्था गर्ने कार्यहरू गरिनेछ ।

**(५.१.७) सदस्यहरूको सहभागिता, सक्रियता र सन्तुष्टीस्तरलाई बढाउने:**

सदस्यहरूको सहभागिता, सक्रियता र सन्तुष्टीस्तरलाई वृद्धि गर्नको लागि कर्मचारी शिष्टाचार सम्बन्धी कोचिङ सञ्चालन, सामाजिक सञ्जाल जस्तै टिकटक, भाईबर, फेसबुक र वेबसाईट आदिबाट सदस्यहरूलाई सूचना जानकारी र अन्तरक्रिया गर्ने, मुख्य कार्यालय र सेवाकेन्द्रगत रूपमा सदस्य सन्तुष्टी सर्वेक्षण, सदस्यहरूको सुझाव र गुनासो व्यवस्थापनको संयन्त्र सुचारू, सहकारी महोत्सव आयोजना (सदस्यद्वारा उत्पादित वस्तुको), युवा/सदस्य ट्रेकिङ्ग कार्यक्रम र सदस्य तिर्थाटन कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ ।

**(५.१.८) कर्मचारीहरूको विकास र कार्यसम्पादनलाई वृद्धि गर्ने:**

कर्मचारीहरूको विकास र कार्यसम्पादनलाई वृद्धि गर्न कर्मचारीहरूको तालिम आवश्यकता पहिचान र तालिम सञ्चालन, कार्यसम्पादन मुल्यांकन, पुरस्कार र दण्डको प्रावधान अभ्यास, कर्मचारी मार्गदर्शन कार्यक्रम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, रिफ्रेसर र कार्यशालाहरूमा सहभागीता, कार्यस्थल व्यवस्थापन र 5S प्रणाली लागु, सेवा सम्बन्धी ज्ञान परीक्षण र कर्मचारी सहुलियत ऋणलाई विस्तृतीकरण गर्ने कार्य गरिनेछ ।

**(५.१.९) सञ्चालकहरूको क्षमता विकास गर्ने:**

सञ्चालकहरूको क्षमता विकासको लागि चन्द्रागिरि मागदर्शन पुस्तिका प्रकाशन, फिट एण्ड प्रोपर टेस्टको अभ्यास, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, रिफ्रेसर र कार्यशालाहरूमा सहभागी हुने अवसर, सञ्चालकहरूको कार्यसम्पादनको स्वमुल्यांकन, सञ्चालकहरूको कार्यपात्रो तयार पारी लागु गर्ने, सुशासन सिद्धान्त, संस्थागत विनियम नीति कार्यविधि, वित्तीय साक्षरता, सहकारी र सो सँग सम्बन्धित ऐन कानून तथा मार्गदर्शन तथा सञ्चालकको भूमिकाको विषयमा ज्ञान परीक्षण र अध्ययन/अवलोकन भ्रमण कार्यक्रम सञ्चालन हुनेछ ।

**(५.१.१०) नियामकीय अनुपालन र सुशासन सुनिश्चितताः** संस्थाले नियामकीय अनुपालन र सुशासन सुनिश्चितताका लागि विनियम पुनर्लेखन तथा संशोधन, नीति तथा कार्यविधिहरूको नियमित पुनरावलोकन तथा अद्यावधीकरण, आवश्यक नयाँ नीति तथा कार्यविधिहरू तर्जुमा, आन्तरिक लेखापरीक्षण, संस्थाको प्रविधिमा आधारित सेवाहरूको समीक्षा, एक्सेस ब्राण्डिङको स्थलगत अन्वेषण, संस्थाका हरेक कार्यक्रमहरूको प्रतिवेदन तोकिएको ढाँचामा तयारी, नियमित रिपोर्टिङ, नियामकीय दायित्व परिपालना सम्बन्धी सञ्चालक र कर्मचारीहरू बिच अभिमुखकीरण, संस्थाभित्र Compliance Team गठन र श्रम अडिट लगायतको कार्यहरू गरिनेछ ।

**(५.१.११) साझेदारी र सहकार्यलाई मजबुत बनाउनेः** संस्थाको साझेदारीको अवस्थालाई मजबुत र पोषित तुल्याउनको लागि ACCU Forum 2023 मा सहभागी हुने विभिन्न मुलुकका सहकारीकर्मीहरूलाई संस्थामा स्वागत तथा अवलोकन, विभिन्न संघसंस्था र राष्ट्रिय अन्तर्राष्ट्रिय छाता संघ संस्थाहरूसँग सहकार्य, विभिन्न संघ संस्थाहरूसँग सम्बन्ध स्थापना, आवद्ध रहेको संघ संस्थाहरूसँगको सम्बन्ध र सहकार्यको समीक्षा, अन्तर सहकारी अन्तरक्रिया कार्यक्रमको आयोजना, अंग्रेजी भाषाको संस्थागत ब्रोसर तयारी र अन्य सहकारी संस्थाहरूसँग भगिनी सम्बन्ध विस्तार गर्ने कार्यहरू सञ्चालन हुनेछन् ।

**(५.१.१२) नियमित क्रियाकलापहरूः**
हरेक वर्ष झैं संस्थाको नियमित क्रियाकलापमा २२ औं वार्षिक साधारण सभा, २३ औं स्थापना दिवस, रक्तदान कार्यक्रम, स्वास्थ्य शिविर, सदस्यता वृद्धि, लघुवित्त सदस्यता वृद्धि, लघुवित्त समूह वृद्धि, ब्लुबुक नविकरण र कर भुक्तानी सेवा, कर्मचारी छनौट तथा भर्ना, स्थिर सम्पत्तिको भौतिक संपरीक्षणलाई सम्पन्न गर्ने, सदस्यता पहिचान फारम र विवरण अद्यावधिक, नियमित कर भुक्तानी तथा वैधानिक दायित्व पालना, मार्टको भाडा, विद्युत, पानी र फोहोरको शुल्क संकलन, ऋणको फाईलिङ प्रणाली रूपान्तरण, ऋण धितोको मालपोतको अवस्था परीक्षण र क्यालेण्डर प्रकाशनका कार्यहरूलाई पनि योजनामा समावेश गरिएका छन् ।

**(५.१.१३) वित्तीय लक्ष्यः**
संस्थाको वित्तीय लक्ष्य संक्षिप्तमा शेयरपुँजी रू. ३,५८,०३,९८०, बचत/निक्षेप रू. ६४,३८,७८,०८९, ऋण लगानी रू. १,८५,९५,७९,८९० वृद्धि गर्ने रऋण असुली रू. १,१३,९६,५२,१३७, सेवा शुल्क रू. १,८५,९५,७९९, ब्याज आम्दानी रू. ३६,४४,४७,१२८ संकलन गर्ने, भाखा नाघेको ऋण रू. १३,६९,०९,६१५ कायम गर्ने प्रक्षेपण गरिएको छ ।

## ६. आ.व. २०८०/०८१ को लागि प्रक्षेपित आय विवरणः

| विवरण | अनुसूची | ३१ असार, २०७९ | १५ असार, २०८० | ३१ असार, २०८१ |
|---|---|---|---|---|
| ऋणबाट ब्याज आम्दानी | १८ | २५२,०१८,००१.१२ | २३०,०५७,७०९.०० | ३६४,४४७,१२७.५१ |
| ब्याज खर्च | १९ | २०२,८८५,१७६.३० | २७०,१९९,८५९.०० | ३००,४७५,८९६.६० |
| **खुद ब्याज आम्दानी** | | **४९,१३२,८२४.८२** | **-४०,१४२,१५०.००** | **६३,९७१,२३०.९४** |
| बैंकबाट ब्याज आम्दानी | २० | ४४,०५८,६००.११ | ४३,७०२,७२५.०० | ७२,२०३,९३४.९० |
| अन्य सञ्चालन आम्दानी | २१ | २३,५४१,४९४.९० | २१,२८३,७४०.०० | २१,९३६,३४३.७५ |
| कुल सञ्चालन आम्दानी | | ११६,७३२,९१९.८३ | २४,८४४,३१६.०० | १५८,१११,५०९.५८ |
| **खर्चहरूः** | | | | |
| कर्मचारी खर्च | २२ | २१,७६८,२६०.९६ | २४,१८५,६९६.०० | ३१,७५२,३१९.९० |
| सञ्चालन खर्च | २३ | ११,५२४,७२८.१४ | १०,६१५,२२२.०० | १२,३३४,८४५.२४ |
| ह्रास कट्टी तथा अपलेखन खर्च | २४ | २,०६२,७७४.७४ | - | २,८६८,२८८.२८ |
| सदस्य सेवा तथा कार्यक्रम खर्च | २५ | ६,२६९,३१६.०० | ६,६२३,५५५.०० | ७,९४३,७१५.०० |

| | | | | |
|---|---|---|---|---|
| ऋण जोखिम कोष व्यवस्था | २६ | १०,०००,०००.०० | - | ५,४४०,४६४.४१ |
| सम्पत्ति बिक्रीबाट नाफा/घाटा | २७ | | - | |
| मर्मत सम्भार | २८ | ८६१,८०८.०० | ६५७,०३०.०० | ७२२,७३२.९९ |
| **कुल खर्च** | | **५२,४८६,८८७.८४** | **४२,०८१,५०३.००** | **६१,०६२,३६५.८१** |
| बोनस र कर अघिको आय | | ६४,२४६,०३१.९९ | -१७,२३७,१८७.०० | ९७,०४९,१४३.७७ |
| बोनस व्यवस्था | | | | ९,७०४,९१४.३८ |
| कर व्यवस्था | | | | १७,४६८,८४५.८८ |
| **खुद आय** | | **६४,२४६,०३१.९९** | **-१७,२३७,१८७.००** | **६९,८७५,३८३.५२** |

## ७. आ.व. २०८०/०८१ को लागि वासलात

| पुँजी तथा दायित्व | अनुसूची | ३१ असार, २०७९ | १५ असार, २०८० | ३१ असार, २०८१ |
|---|---|---|---|---|
| शेयर पुँजी | १ | १७४,०४९,५००.०० | १७९,०१९,९००.०० | २१४,८२३,८८०.०० |
| जगेडा कोष | २ | ८०,४३३,६४९.२७ | ८०,४३३,६४९.२७ | ९७,९०२,४९५.१५ |
| संस्थागत पुँजी कोष | ३ | २६,०४२,२५४.८६ | २५,७१२,७६४.८६ | ३२,१३५,९५६.०८ |
| अन्य कोषहरू | ४ | ४५,७६१,८६६.६२ | १४,९२१,८३८.२७ | १८,६५२,२९७.८४ |
| ऋण जोखिम व्यवस्था | ५ | ४३,५२३,७१५.२६ | ४३,५२३,७१५.२६ | ४८,९६४,१७९.६७ |
| बाह्य ऋण | ६ | २६,६६१,८१२.७८ | १२,१००,०००.०० | ७१,०५०,०००.०० |
| बचत निक्षेप | ७ | २,४१६,९५८,६९०.४७ | २,६३८,९०९,६५१.१० | ३,२८२,७८७,७३९.९४ |
| भुक्तानी दिनुपर्ने हिसाब | ८ | १८,७१२,२७२.२२ | ६८,४२७,६६४.८३ | ७८,६९१,८१४.५५ |
| अन्य दायित्व हिसाब | ९ | ११०,४०७,४६१.३० | १६०,१६५,१५४.५४ | १८४,१८९,९२७.७२ |
| **जम्मा** | | **२,९४२,५५१,२२२.७८** | **३,२२३,२१४,३३८.१३** | **४,०२९,१९८,२९०.९४** |

| सम्पत्ति | अनुसूची | ३१ असार, २०७९ | १५ असार, २०८० | ३१ असार, २०८१ |
|---|---|---|---|---|
| नगद मौज्दात | ११ | ३,२५२,९१२.०० | ७,५०१,२२७.०० | ८,२५१,३४९.७० |
| बैंक मौज्दात | १२ | ३८१,२३४,७९७.७६ | ३०६,६३९,६३९.८५ | ३९४,४५०,१६४.३९ |
| लगानी हिसाब | १३ | ३१३,५६७,८२३.१६ | ४७८,६१३,९१४.४१ | ५५३,१२४,४०५.१३ |
| ऋण लगानी | १४ | २,००६,७७६,४९८.०६ | २,१०८,७३४,६२७.१२ | २,७३८,१९३,०२३.२४ |
| स्थीर सम्पत्ति | १५ | १०१,९२८,५७६.०७ | १०२,९४५,९९६.०९ | ११५,२३५,९३१.६८ |
| अन्य सम्पत्ति | १६ | २८,५८०,५०५.८४ | ३७,७८९,६४३.८९ | ३९,८१६,१०३.८३ |
| पाउनुपर्ने हिसाब | १७ | १०७,२१०,१०९.८९ | १६३,७५२,१०२.७० | १८०,१२७,३१२.९७ |
| नाफा/नोक्सान हिसाब | | | १७,२३७,१८७.०७ | |
| **जम्मा** | | **२,९४२,५५१,२२२.७८** | **३,२२३,२१४,३३८.१३** | **४,०२९,१९८,२९०.९४** |

## ८. सदस्यता पूर्वानुमानः

| विवरण | ३१ असार, २०७९ | १५ असार, २०८० | ३१ असार, २०८१ |
|---|---|---|---|
| महिला | ९,७४९ | १०,८६२ | १३,३२६ |
| पुरूष | ६,०४३ | ६,५०७ | ८,०३४ |
| अन्य | ९२ | ८७ | ११० |
| **जम्मा** | **१५,८८४** | **१७,४५६** | **२१,४७०** |

## ९. लघुवित्त समूह र सदस्य पूर्वानुमान

| विवरण | ३१ असार, २०७९ | १५ असार, २०८० | ३१ असार, २०८१ |
|---|---|---|---|
| सदस्य संख्या | २,३७९ | २,५८६ | ३,४९१ |
| समूह संख्या | १३९ | १६३ | २०७ |

**१०. कर्मचारी पूर्वानुमानः**

| पद | तह | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | १० | १ | १ |
| ना. प्रमुख कार्यकारी अधिकृत | ९ | १ | १ |
| व्यवस्थापक | ८ | - | १ |
| बरिष्ठ अधिकृत | ७ | १ | १ |
| शाखा अधिकृत | ६ | ४ | ४ |
| स.शाखा अधिकृत | ५ | ७ | ९ |
| सहायक | ४ | ३ | ३ |
| चालक इञ्चार्ज | ४ | १ | १ |
| कनिष्ठ सहायक | ३ | १४ | १५ |
| सुरक्षा गार्ड | ३ | १ | १ |
| चालक | ३ | ३ | ३ |
| सुरक्षा गार्ड | २ | १ | २ |
| सहयोगी | २ | २ | ५ |
| कनिष्ठ सहयोगी | १ | ४ | ४ |
| प्रशिक्षार्थी कर्मचारी | - | १ | ४ |
| **जम्मा संख्या** | | ४४ | ५५ |

**आदरणीय सदस्य महानुभावहरू,**

अन्तमा, संस्थाको यस वार्षिक योजना र बजेटमा उल्लिखित कार्यक्रमहरू मार्फत हामी हाम्रा मुल्यवान सदस्यहरू र संस्थालाई निर्देशित गर्ने सहकारीका सिद्धान्त र मुल्यहरूप्रतिको हाम्रो प्रतिवद्धता जाहेर गर्दछौं । साथै हामी हाम्रो लक्ष्यहरू प्राप्त गर्न लगनशीलताका साथ काम गर्नेछौं । मुख्य कार्यसम्पादन सूचकहरू मार्फत हाम्रो प्रगति अनुगमन गर्नेछौं र सटीकताका साथ हाम्रो कार्य योजना कार्यान्वयन गर्नेछौं । यहाँहरूको विश्वास र साथ हाम्रो सफलताको आधारशीला हो र हामी विश्वस्त छौं की हामी हाम्रो सहकारी संस्थाका सबै सदस्यहरूको लागि समृद्ध भविष्य सुनिश्चित गर्दै आफ्ना उद्देश्यहरू पुरा मात्र गर्दैनौं यसलाई पार नै लगाउने छौं । प्रतिकुलतालाई अनुकुलतामा बदल्ने हाम्रो अभ्यासलाई निरन्तर अगाडि बढाउँदै सदस्यहरूको जीवनस्तर परिवर्तनकोलागि सहकारी नै सर्वोत्कृष्ट माध्यम हो भन्ने विश्वासमा अविचलित भई अगाडि बढ्ने प्रतिवद्धता सहित संस्थाको आजसम्मको प्रगति र सफलताहरूकालागि आदरणीय सदस्यज्यूहरूप्रति कृतज्ञ हुँदै संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार परिषद्, उपसमिति, कर्मचारीहरू र सम्वद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै प्रस्तुत वार्षिक कार्यक्रम तथा बजेट उपर रचनात्मक सल्लाह र सुझाव सहित पारित गरिदिनु हुन अनुरोध गर्दछु ।

धन्यवाद ! जय सहकारी !! जय चन्द्रागिरि !!!

कृष्ण कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

## चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमबाट २०७९ मा छात्रवृत्ति प्राप्त गर्ने छात्रछात्राहरूको सूची

| क्र.सं. | नाम | विद्यालय |
|---|---|---|
| १ | निना ओ नी | श्री टंगाल माध्यामिक विद्यालय |
| २ | हिक्मत शाही ठकुरी | श्री कंकाली माध्यामिक विद्यालय |
| ३ | सम्रिता तामाङ्ग | श्री मंगलोदय माध्यामिक विद्यालय |
| ४ | मन्दिप चेपाङ्ग | श्री प्रभात माध्यामिक विद्यालय |
| ५ | दुर्गामाया थापा मगर | श्री काठमाडौ शिक्षा क्याम्पस |
| ६ | हानुन बस्नेत | श्री बलम्बु माध्यामिक विद्यालय |
| ७ | सुमिना तामाङ्ग | श्री मंगलोदय माध्यामिक विद्यालय |
| ८ | राजेश ओ नी | श्री टंगाल माध्यामिक विद्यालय |
| ९ | सबिन चेपाङ्ग | श्री प्रभात माध्यामिक विद्यालय |
| १० | सुजन तामाङ्ग | श्री मंगलोदय मल्टिपल क्याम्पस |
| ११ | करूणा जैसी | श्री मंगलोदय मल्टिपल क्याम्पस |
| १२ | नुसरत खातुन | श्री बलम्बु माध्यामिक विद्यालय |

| क्र.सं. | नाम | विद्यालय |
|---|---|---|
| १३ | सचिन परियार | श्री भीम माध्यामिक विद्यालय |
| १४ | दिवानी नगरकोटी | श्री प्रभात माध्यामिक विद्यालय |
| १५ | अमिशा श्रेष्ठ | श्री मंगलोदय माध्यामिक विद्यालय |
| १६ | हिमाल ओड | श्री कंकाली माध्यामिक विद्यालय |
| १७ | सञ्जु खवास | श्री प्रभात माध्यामिक विद्यालय |
| १८ | अमिशा उपाध्याय | श्री भीम माध्यामिक विद्यालय |
| १९ | निशा गायक | श्री भीम माध्यामिक विद्यालय |
| २० | आरूशी थापा | श्री बलम्बु माध्यामिक विद्यालय |
| २१ | आयुष राई | श्री बिष्णुदेवी शिक्षा सदन मा.वि. |
| २२ | सुष्मिता सुनुवार | श्री बिष्णुदेवी शिक्षा सदन मा.वि. |
| २३ | सुनिता खड्का | श्री काठमाडौ शिक्षा क्याम्पस |
| २४ | रिकी कुमारी देव | श्री बिद्यामन्दिर मा.वि. |

# अनुसूची - २

## (दफा ११ (क) सँग सम्बन्धित)

## लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन आ.व. २०७९/०८०

यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २२ औं गरिमामय वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्ष तथा संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विभिन्न संस्थाबाट उपस्थित अतिथिज्यूहरू, सल्लाहकार परिषद्का संयोजकज्यू तथा सदस्यज्यूहरू, सञ्चालक समतिकि पदाधिकारी तथा सदस्यज्यूहरू विभिन्न उपसमितिका संयोजकज्यू तथा सदस्यज्यूहरू र यस सभामा गरिमामय उपस्थिति जनाउनुहुने सम्पूर्ण आदरणीय सदस्यज्यूहरू, संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यू, नायव प्रमुख कार्यकारी अधिकृतज्यू, कर्मचारी मित्रहरू एवं उपस्थित सबैमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक सहकारी अभिनन्दन ।

काठमाडौं जिल्लाको पश्चिम भेगमा रहेको यस संस्थाले विगत केही वर्षदेखि आफ्नो कार्यक्षेत्र विस्तार गरी काठमाडौं ललितपुर, काठमाडौं र धाडिङ जिल्लाको धुनिवेशी न.पा. मा कार्यक्षेत्र विस्तार गर्दै बचत तथा ऋण सहकारीको अन्तर राष्ट्रिय सिद्धान्तलाई आत्मसाथ गरी नविन विधि, आधुनिक प्रविधिको माध्यम उपयोगबाट उत्कृष्ट वित्तीय तथा सामाजिक सुरक्षाका सेवाहरू मार्फत सदस्यको जीवनस्तर वृद्धि गर्न समुदायमा आधारित रही कार्य गर्दै आइरहेको छ । संस्थाले यस अवधि भित्र विविध समस्याहरूको सामना गरेता पनि विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय निकायहरूबाट सम्मान पनि प्राप्त गरेको छ ।

विगत केही वर्षदेखि विविध कारणले आएको आर्थिक मन्दी सँगै नेपाली अर्थ बजारमा देखिएको प्रभावको कारण र केही सहकारीहरूमा भइरहेका गलत अभ्यासहरूले पनि सहकारी अभियानलाई नै चुनौती रहेको देखिन्छ । त्यसैगरी लगानी योग्य कोष वृद्धिको लागि बचत आकर्षित गर्ने प्रतिस्पर्धा जस्ता अनेकन चुनौतीपूर्ण अवस्थामा पनि सहकारीको मुल्य, मान्यता र सिद्धान्तहरूको अधिनमा रही कार्यक्रम सञ्चालन गरेकाले यस संस्थाको कारोवारका हरेक पक्षमा निरन्तर वृद्धि भएको देखिन्छ । सदस्य समुदायलाई उत्कृष्ट सेवा प्रदान गर्न सफल भइरहेकोले बचत तथा ऋण कारोवारका हरेका पक्षमा निरन्तर वृद्धि भइरहेको पनि छ ।

**आदरणीय सदस्यज्यूहरू,**

"संघीय सहकारी ऐन २०७४" र "प्रदेश सहकारी ऐन २०७६ को दफा ४५ को उपदफा (१) को अधिनमा रही यस समितिले, संस्थाद्वारा आ.व. २०७९/०८० मा भए गरेका नीतिगत निर्णय तथा कार्यान्वयन पक्षको समय समयमा गरेको सुपरिवेक्षण तथा संस्थाले तयार गरेका विवरणहरूको अध्ययन समेतका आधारमा तयार पारिएको प्रतिवेदन यस सभामा प्रस्तुत गर्न पाएकोमा हामी गौरवान्वित भएका छौं ।

**आदरणीय सदस्यज्यूहरू,**

यस समितिले संस्थाका कार्यक्रमहरू सञ्चालनको क्रममा अन्तर्राष्ट्रिय सहकारी महासंघ तथा विश्व ऋण परिषदबाट प्रतिपादित सिद्धान्तहरूले मार्गदर्शन गरेका विषयहरूको पूर्ण पालना सहित निर्णय र कार्यक्रमहरू सञ्चालन गर्न सञ्चालक समिति र व्यवस्थापन पक्षलाई अभिप्रेरित गर्दै आएको छ । साथै संस्थाका अभिलेख र कार्यक्रमहरूको सुपरिवेक्षण गर्ने सन्दर्भमा संस्थाद्वारा आ.व. २०७९/०८० का लागि निर्धारण गरेका लक्ष्य प्राप्ति हेतु कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा Credit Union Governance Principles का तीन तत्वहरू: बाह्य सुशासन, आन्तरिक सुशासन र व्यक्तिगत सुशासनका कुराहरूको परिपालना समेत गर्दै नीतिगत निर्णय र कार्यान्वय भए नभएको पनि अनुगमनको आधार समेत प्रतिवेदनमा समाहित रहेको छ ।

**आदरणीय सदस्यज्यूहरू,**

यस समितिले समय समयमा संस्थाको मख्य आर्थिक कारोवार (बचत तथा ऋण), सामाजिक सुरक्षाका सेवाहरू तथा अन्य गतिविधिहरूको अनुगमन र सुपरिवेक्षणको सन्दर्भमा देखिएका तथा सदस्यहरूबाट औपचारिक-अनौपचारिक रूपमा प्राप्त सुझाव र गुनासाहरूका आधारमा यो प्रतिवेदन तयार गरी प्रस्तुत गरेका छौं । अब म, संस्थाले आ.व. २०७९/०८० को लागि लक्षित तथा सम्पन्न कार्यक्रमको वित्तीय कारोवार, संस्थाको भौतिक तथा जनशक्ति, सदस्यहरूका लागि प्रदान गरेका सेवा सुविधाहरू एवं अन्य क्रियाकलापबारे तयार पारिएको विवरण र अभिलेखहरूको सुपरिवेक्षणको क्रममा समष्टिगत समीक्षाबाट औंल्याइएका निम्न विषयवस्तुहरूको सन्दर्भमा लेखा सुपरिवेक्षण समितिको यो प्रतिवेदन यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**१. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था :**

**१.१ अघिल्लो साधारण सभाको निर्णयहरू**

यस संस्थाको अघिल्लो २१ औं वार्षिक साधारण सभावाट आगामी ४ वर्षे रणनीतिक व्यवसायिक योजना पारित गराई त्यसमा उल्लेख भए अनुरूप आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत निम्न मुख्य शीर्षकहरूमा कार्यक्रमहरू प्रस्तुत भई पारित गरिएका थिए : सदस्यता एवं बचत तथा ऋण कारोवार वृद्धि गर्ने, वित्तीय सक्षमता कायम राख्ने, सेवा विस्तार गर्ने, विपन्न वर्गमा केन्द्रित सेवा विस्तार गर्ने, सदस्य प्रोत्साहन तथा उद्यमशीलता विकास कार्यक्रम, नेतृत्व तथा व्यवस्थापनको क्षमता अभिवृद्धि गर्ने, प्रविधिमा आधारित सेवामा पहुँच बढाउने, कार्यगत सक्षमता बढाउने, आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउने, सामाजिक उत्तरदायित्वका सेवाहरू वढाउने, अझ प्रभावकारी ऋण व्यवस्थापन नीति अवलम्वन गर्ने, सम्पत्ति शुद्धिकरण निवारण जोखिम व्यवस्थपन गर्ने, संस्थमा विनियम, नीति र कार्यविधि संशोधन/अद्यावधिक/पुनर्लेखन गर्ने तथा समय सापेक्ष भौतिक पूर्वाधार तथा कार्यालय व्यवस्थापन गर्ने ।

**२. आ.व. २०७९/०८० मा बसेको बैठक संख्या र निर्णयहरूको कार्यान्वयनको अवस्था :**

- आ.व. २०७९/०८० मा सञ्चालक समितिका विभिन्न मितिमा कुल १५ पटक बैठक बसी प्राथमिकताका आधारमा निर्णय कार्यान्वयन गरिएको । कार्यक्रममा सघाउन विभिन्न उपसमितिहरूको ४१ पटक बैठक वसेको थियो ।
- ऋण उपसमितिको ४१ वटा बैठकमा छलफल भई ऋण अनुमोदन, स्वीकृत र सिफारिस भएको ।
- लेखा सुपरिवेक्षण समितिको विभिन्न ५ पटक बैठक बसी त्रैमासिक प्रतिवेदन सहित विभिन्न निर्णयहरूको अनुपालना गर्दै लक्षित कार्यक्रहरू विधि सम्मतरुपले कार्यान्वयन, आर्थिक अभिलेख अध्यावधिक, भौतिक सम्पत्तिको सुरक्षण तथा सदुपयोग गर्न सुझाव समेत दिइएको छ ।

**२.१ आर्थिक क्रियाकलापः**

सदस्यता १५,८८४ बाट १७,६४० भई ११.०६% ले वृद्धि भएको, शेयर पुँजी रू. १७,४०,४९,५०० बाट रू. १९,१२,२५,४०० भई ९.८७% ले वृद्धि, बचत निक्षेप रू. २,४१,६९,५८,६९०.४७ बाट रू. २६,७६,०३२,००० भई १०.७२% ले वृद्धि, ऋण लगानी रू. २,०३,०८,५७,६०२.६३ बाट रू. २,१५,४७,६५,९४३.९३ भई ६.१०% ले वृद्धि, अन्य लगानी हिसाब रू. १७,८५,६७,८२३.१६ बाट रू. ३१,३६,२०,१४०.२९ भई ७५.६३% ले वृद्धि, कुल तरलता रू. ५४,९१,७३,००२.३३ अर्थात २०.५२% रहेको, कुल आम्दानी रू. ३१,९६,१८,०९६.१३ बाट रू. ३९,१४,९१,७३४.७९ भई २२.४८% ले वृद्धि, ऋण जोखिम कोषमा थप

रू. ४,०४,७६,३८४.७४ व्यवस्था गरेको, सदस्य राहत सुविधा रू. ७१,७६,८०९.००, सञ्चालन बचत (नाफा) रू. १,०५,८६,६९९.४७ रहेको छ ।

**२.१.१ लघुवित्त कार्यक्रमः** १७० पुगेको, जस्मा २,६७० जना महिला आवद्ध छन् । लघुवित्त समूह मार्फत यस आ.व. मा करिब कुल रू. ३ करोड ६४ लाख ६५ हजार बचत संकलन भएको र करिब रू. ३ करोड ४३ हजार ऋण लगानी भएको छ ।

**२. २ अन्य क्रियाकलापहरू :**

**२.२.१. नीति/योजना तथा समीक्षात्मक क्रियाकलापः** २१ औं वार्षिक साधारण सभा, ४ वर्षे रणनीतिक योजना पारित, वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा कार्यशाला, ब्याजदर परिमार्जन, सञ्चालन कार्य ढाँचा सबलीकरण, वार्षिक कार्यसम्पादन लक्ष्य हस्तान्तरण, त्रैमासिक र अर्धवार्षिक समीक्षा कार्यक्रम, ऋणको कानूनी प्रक्रिया निरन्तरता, ऋणको वर्गीकरण आदि ।

**२.२.२. क्षमता विकासः** सि.यु.डि.सी.सी. पुनर्ताजगी तालिम, चन्द्रागिरि साथीहरू नियुक्त, मानव संशाधन/कर्मचारी व्यवस्थापन, करियर काउन्सेलिङ वर्कसप, लघुवित्त समूहको केन्द्र प्रमुख गोष्ठि, सदस्य विस्तारित भेला तथा शिक्षा कार्यक्रम १६ पटक सम्पन्न ।

**२.२.३. सदस्य सेवा सुविधा तथा राहतः** डिजिटल/स्मार्ट सेवा, स्वास्थ्य सेवामा सहुलियत, चन्द्रागिरि स्मार्ट सापटी सेवा, जेष्ठ नागरिक सदस्यहरू सँग अन्तरकृया, निःशुल्क पाठेघर क्यान्सर परीक्षण, सहकारी व्यवस्थापन समितिद्वारा अवलोकन भ्रमण, उद्यमीमेलामा सहभागिता, राष्ट्रिय सहकारी दिवसमा सहभागिता, सदस्यहरूको सामुहिक दुर्घटना बीमा, सदस्यहरूको टेलिफोन, विद्युत महसुल भुक्तानी सुविधा तथा सञ्चार सेवा, ब्लुबुक नविकरण तथा कर भुक्तानी सेवा, भित्तेपात्रो प्रकाशन तथा सामाजिक सञ्जालको माध्यमबाट सुचना प्रवाह भएको ।

**२.२.४. भ्रमण/अवलोकन तथा सम्बन्ध विस्तारः** सदस्य भ्रमण, चन्द्रागिरि र बिन्धवासिनी साकोस बिच भगिनी सम्बन्ध स्थापना, बंगलादेशका सहकारी अभियान समूहबाट यस संस्था भ्रमण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट २६ पटक गरी जम्मा २५१ जनाबाट संस्था भ्रमण, APG AML/CFT Mutual Evaluation को Onsight Diagnosis मा सूचक संस्थाको रूपमा छनौट भएको ।

**२.२.५ शिक्षा, वातावरण तथा युवा मैत्री कार्यक्रमः** २२ औं स्थापना दिवस तथा रक्तदान कार्यक्रम, ग्लोबल मनी विक कार्यक्रम, चन्द्रागिरि वातावरण संरक्षण, चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमहरू ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

सानो ऋण बाहेकका अन्य ऋणहरूमा ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था गरिएको, बिना धितो ऋणको सुरक्षणको रूपमा धन/व्यक्तिगत जमानी राख्नुको साथै ऋणको बीमा गरिएको ।

नीतिगत रूपमा न्यूनतम रू. १० देखि प्राथमिक पुँजीकोषको १० प्रतिशत भन्दा नबढ्ने गरी अधिकतम २ करोड ७५ लाखसम्म ऋण प्रवाह भएको छ । ऋण प्रवाह गर्ने सन्दर्भमा ऋण उपसमितिको ४६ वटा बैठकमा छलफल भई ऋण अनुमोदन, स्वीकृत र समितिमा सिफारिस भएको पाइयो । ऋण लगानी गर्दा मुल्यांकनको आधार (5C) अर्थात शेयर सदस्यको चरित्र, क्षमता, पुँजीको अवस्था, धितो र बजारको अवस्था विश्लेक्षण गरेर ऋण प्रवाह भएको । घर जग्गा खरिद/निर्माण तथा व्यवसायिक ऋण लगानी गर्दा धितोका अतिरिक्त अन्य आयस्रोतको अवस्था विश्लेषण हुने गरेको । खराव ऋणीबाट ऋण असुली बारे कानूनी कार्वाही सम्बन्धी

प्रक्रिया गरिएको तथा हायर पर्चेज ऋणमा ऋणको सुरक्षाको लागि अन्य थप धितो समेत सुरक्षणको रूपमा लिने गरेको ।

४. **सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी विवरण :** पर्ल्स अनुगमन विश्लेषण गर्ने गरेको, संघीय सरकारद्वारा जारी "सहकारी ऐन, २०७४" र "सहकारी नियमावली, २०७५" तथा प्रदेश सरकारद्वारा जारी गरिएको "सहकारी ऐन, २०७५" तथा "सहकारी नियमावली, २०७६" र सहकारी मापदण्ड, २०७७ कार्यान्वयनमा आए पश्चात् संस्थालाई बचत तथा ऋण कारोवारका संगसँगै प्रचलित ऐनको परिधि भित्र सदस्यहरूको अझ बढी हित र जीविकोपार्जनको पक्षमा सहजता हुने कार्यक्रम समावेशमा जोड दिई सहकारी विभागबाट जारी गरिएका नीति निर्देशनहरूको पालनालाई प्रथमिकता दिई कार्य गरेको छ ।

५. **सहकारी विभाग, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :**

यस आ.व. मा आन्तरिक कर कार्यालय कलंकीबाट १ पटक, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कून) बाट १ पटक एक्सेस ब्राण्डिङ स्थलगत अनुगमन गरेको पाइयो । सम्बन्धित निकायबाट यस संस्थाको अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझाव सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरेको पाइएको ।

६. **पदाधिकारीहरूको परिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**

६.१ **पारिश्रमिक :** यस संस्थाका कुनै पनि पदाधिकारीहरूले आ-आफ्नो दायित्व र भूमिका निर्वाह गर्ने सिलसिलमा पारिश्रमिक लिएको देखिदैन ।

६.२ **भत्ता :** सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विषयगत उपसमितिहरूको तोकिए बमोजिमको बैठक बस्दा उपस्थित पदाधिकारीलाई प्रदान गर्ने गरेको छ ।

६.३ **अन्य सुविधाहरू :** अन्य सुविधाहरूमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति पदाधिकारीहरूलाई संस्थागत आन्तरिक निर्णय प्रक्रिया र व्यवस्थापन पक्षबाट त्यसको कार्यान्वयन संस्थागत कारोवारका हरेक पक्षमा निरन्तर अनुगमनका साथै अन्तर सम्बन्ध स्थापित गर्न र सदस्यहरूसँग सहसम्बन्ध स्थापित गर्न निर्धारित यातायात तथा सञ्चार खर्चको सोधभर्ना उपलब्ध गराएको देखिन्छ ।

७. **कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**

७.१ **साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :** यस संस्थाको कर्मचारी प्रशासन सम्बन्धी नियमावली रहेको र साधारण सभाबाट पारित भएको छ ।

७.२ **कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :** यस संस्थाको कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको छ ।

७.३ **भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :** यस संस्थाको भर्ना नीति समेत रहेको र कर्मचारी प्रशासन नियमावलीमा पनि कर्मचारी भर्ना सम्बन्धी प्रावधान उल्लेख रहेको छ । कर्मचारी पदपूर्ति उपसमितिबाट पारदर्शी र प्रतिस्पर्धी प्रक्रियाबाट विधि सम्मत रूपमा कर्मचारी भर्ना गरेको तथा कार्यसम्पादन मुल्यांकनको आधारमा पदोन्नती गरेको देखिन्छ ।

७.४ **कार्यरत कर्मचारीहरू र कार्य वोझ बिच तादम्यता रहेको/नरहेको :** यस संस्थामा कुल १७,६४० जना सदस्य रहेको र कार्यरत कुल ४४ जना कर्मचारीहरू रहेका छन् । जसमा १ जना कर्मचारीले औसत ४०१ जना सदस्यलाई सेवा उपलब्ध गराएको देखिन्छ । तसर्थ संस्थामा कार्यरत कर्मचारीहरू र उनीहरूलाई दिइएको

भूमिका दायित्व बिच तादम्यता अनुरूप कार्यभार रहेको पाइन्छ ।

७.५ **व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :** हाल यस संस्थाका व्यवस्थापन प्रमुखको रूपमा वाणिज्य विषयमा स्नातक र ग्रामीण विकास विषयमा स्नातकोत्तर गरी सहकारीताको क्षेत्रमा २४ वर्ष लामो अनुभव हासिल गर्नुभएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बचत तथा ऋण सहकारी सम्बन्धी विभिन्न कार्यशालाहरूमा कार्यपत्र प्रस्तुत गर्नु भएको र Development Educator को रूपमा भूमिका निर्वाह गरिरहनु भएको व्यक्ति रहनु भएको छ । यस संस्थालाई प्रतिकुल वित्तीय अवस्थामा पनि व्यवस्थापकीय कुशलता र दक्षताका आधारमा संस्थाका सदस्यहरूको सेवामा निरन्तर प्रयासरत, नीतिगत सर्वोच्चता र संस्थागत सुशासनलाई कायम गर्दै दिगो सहकारी बनाउन सक्षम र सदस्यको लगानी सुरक्षण गर्ने मान्यता अनुरूप कार्यक्रम कार्यान्वयन गर्न सक्षम व्यवस्थापन प्रमुख कार्यरत रहेको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) बाट यसै वर्ष देशभरीका साकोस व्यवस्थापकहरू मध्ये उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) को रूपमा पुरस्कृत हुनु भएको र यस अघि वि.स. २०६८ मा पनि सोही निकायबाट उत्कृष्ट व्यवस्थापकको रूपमा पुरस्कृत भइसक्नु भएको थियो ।

७.६ **कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्या :**

७.६.१ **कर्मचारीहरूको भर्ना प्रक्रियाः** संस्थाको कर्मचारी प्रशासन सम्बन्धी नियमावली रहेको र कर्मचारी प्रशासन नियमावलीमा पनि कर्मचारी भर्ना सम्बन्धी प्रावधान उल्लेख रहेको छ । कर्मचारी पदपूर्ति उपसमितिबाट पारदर्शी र प्रतिस्पर्धी प्रक्रियाबाट विधि सम्मत रूपमा कर्मचारी भर्ना गरेको तथा कार्यसम्पादन मुल्यांकनको आधारमा पदोन्नती समेत गरेको देखिन्छ ।

७.६.२ **कर्मचारीहरूको संख्याः** दशौं तह १, नवौं तह १, सातौं तह १ छैठौं तह ४, पाँचौं तह ७, चौथो तह ४, तेस्रो तह १९, दोस्रो तह ३ र पहिलो तह ४ गरी जम्मा ४४ जना कर्मचारीहरू कार्यरत रहेका छन् ।

८. **लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :**

- संस्थाबाट भएका निर्णय, कार्यान्वयन तथा आर्थिक अभिलेखहरू व्यवस्थापनको अनुपालन गरिएको ।
- लेखा सुपरिवेक्षण समितिले दिएको त्रैमासिक प्रतिवेदन र सुझावहरूलाई कार्यान्वयन गरिएको ।
- वित्तीय सक्षमता कायम गर्ने, सेवा विस्तार गर्ने, विपन्न वर्गमा केन्द्रित सेवा विस्तार, सदस्य प्रोत्साहन तथा उद्यमशीलता विकास कार्यक्रम, नेतृत्व र व्यवस्थापनको क्षमता अभिवृद्धि गर्ने, प्रविधिमा आधारित सेवा, कार्यगत सक्षमता वृद्धि गर्ने, आन्तरिक नियन्त्रण प्रणाली, सामाजिक उत्तरदायित्व प्रभावकारी, ऋण व्यवस्थापन, सम्पत्ति शुद्धिकरण निवारण जोखिम व्यवस्थापन, भौतिक पूर्वाधार तथा कार्यालय व्यवस्थापन जस्ता विषयहरूलाई रणनीतिक कार्यदिशा र योजनामा समवेश गरी कार्यान्वयन गरेको ।
- संस्थाको वार्षिक वित्तीय विवरणहरू नेपाल लेखामान बोर्डबाट जारी भई ICAN द्वारा सूचित नेपाल वित्तीय प्रतिवेदन मानमा व्यवस्था भए अनुसार तयार पारिएको ।
- गत साधारण सभाबाट पारित कार्यक्रमहरू मध्ये केही कार्यक्रमहरू लक्ष्य अनुरूप सञ्चालन नभएको ।

९. **लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :**

आदरणीय सदस्यज्यूहरू, सहकारीको नेतृत्वले "बहुजन हिताय, वहुजन सुखाय" को भावनाबाट प्रेरित भई कार्य गर्नु पर्दछ । यस अर्थमा सहकारी संस्थाको स्थायित्व र निरन्तर प्रगतिको लागि सञ्चालक र व्यवस्थापन वर्गमा बाह्य सुशासन,

आन्तरिक सुशासन र व्यक्तिगत सुशासनले उत्तिकै महत्व राख्दछ । हामी सहकारीकर्मीहरूले संस्थागत नाफाका साथै संस्थाका क्रियाकलापमा कति सदस्यहरूको सक्रिय सहभागिता भयो भन्ने कुरालाई प्राथमिकता दिनुपर्ने हुन्छ । तसर्थ माथि उल्लेखित विषय वस्तुहरूमा सञ्चालक समितिले गहन रूपमा मनन् गरी समीक्षा गर्दै संस्थाको सवलता, सफलता र प्रगतिको लागि व्यवस्थापन पक्षवाट यथोचित कार्यान्वयन गर्दै लैजाने कुरामा यस समिति विश्वस्त रहेको छ ।

**१०. लेखा सुपरिवेक्षण समितिको सुझावहरू :**

- "सहकारी ऐन २०७४" प्रदेश सहकारी ऐन, सहकारी मापदण्ड, बचत तथा ऋण सहकारी सिद्धान्तहरूको पालना, संस्थागत सुशासन, वित्तीय अनुशासन, निर्धारित रणनीति, नीति नियम र सम्बन्धित निकायको निर्देशनहरू पालनामा गर्दै संस्थाको परिकल्पना "दिगो साकोस, सुखी र समृद्ध सदस्य" लाई साकार पार्न निर्धारित लक्ष्य प्राप्तिका लागि लिइएका उद्देश्य अनुरूप योजना र कार्यक्रमहरू तयार गरी सर्वोच्च निकाय साधारणसभाबाट अनुमोदित कार्यहरूमा प्राथमिकता दिने ।
- ऋणको कानूनी प्रक्रियामा अझ प्राथमिकता दिने । उपसमितिहरूलाई अझ जिम्मेवारी पूर्वक कार्य गर्न अनुशिक्षण दिने, सुरक्षित लगानीका लागि नयाँ क्षेत्र पहिचान गर्ने । भौतिक संरचनाहरूको पूर्ण उपयोग गर्ने, अनुत्पादक खर्चमा मितव्ययिता अपनाउने, आयको अनुपातमा खर्च बढी नहुने उपाय अपनाउने कुरामा निरन्तर सचेत हुने, साधारण सभाबाट पारित सबै कार्यक्रमहरूलाई प्राथमिकता साथ कार्यान्वयन गर्ने/गराउने, तत्कालिन एच.एण्ड.बि. बैंकबाट प्राप्त हुन बाँकी रकमको लागि अझ सशक्त प्रक्रिया चलाउने ।
- सहकारी ऐन, नियमावली तथा सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्वन्धी मापदण्डको पालना, संस्थाको उद्देश्य अनुरूप सदस्य हितलाई दृष्टिगत गरी निर्धारित लक्ष्य प्राप्तिका लागि कार्यक्रम तयार गरी नीति, विधि र प्रविधिमा आधारित भई सुशासन पालना गर्दै कार्यक्रहरू विधिसम्मत रूपले कार्यान्वयन, आर्थिक अभिलेख अध्यावधिक, भौतिक सम्पत्तिको सुरक्षण तथा सदुपयोग गर्न सुझाव समेत दिइएको छ ।

अन्तमा, यस समितिलाई सुम्पिएको जिम्मेवारी प्रति सबै सदस्यज्यूमा हार्दिक आभार र कृतज्ञता व्यक्त गर्दछौं । वर्तमान सञ्चालक समितिले सबै सदस्यहरूको सर्वाङ्गिण विकास लागि दृष्टिगत गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा संस्थाको छवि उच्च राख्ने कार्यमा अझ अग्रसर भई कार्य गर्न प्रेरणा मिलोस् भनी अग्रिम शुभकामना व्यक्त गर्दछौं । संस्थाको उद्देश्य अनुरूप योजना कार्यान्वयन गरी लक्ष्य प्राप्ति गर्न व्यवस्थापन समूहको महत्वपूर्ण भूमिकाले संस्था अझ सदस्य हितमुखी उत्कृष्ट साकोसको रूपमा स्थापित हुने अपेक्षा रहेको छ ।

यस प्रतिवेदनमा उल्लेख भएका आर्थिक, भौतिक प्रगति र लक्षित कार्यक्रमहरू यस समितिले उल्लेख गरेका विषय वस्तुहरूमा सवै सदस्यज्यूहरूबाट सँधै चासोको विषय बन्नु पर्दछ भन्ने कुरा पनि अनुरोध छ ।

यस संस्थामा आवद्ध भई सहकार्य गरिरहनु भएका आदरणीय सदस्यज्यूहरू र संस्थाको प्रगतिका लागि सद्भाव चाहने सबै व्यक्ति तथा संघसंस्था प्रति हार्दिक आभार व्यक्त गर्दछौं । संस्थाको साखमा अझ वृद्धि गर्न सञ्चालक समिति, सल्लाहकार परिषद्, उपसमितिहरू र व्यवस्थापनबाट निरन्तर सहयोग, सहकार्य र सद्भाव प्राप्त भएकोमा वहाँहरू सबैलाई आभार सहित धन्यवाद व्यक्त गर्दछौं ।

धन्यवाद ! जय सहकारी !! जय चन्द्रागिरि !!!

| | | |
|---|---|---|
| भानुप्रकाश ढकाल, संयोजक | ईन्द्रबहादुर महर्जन, सदस्य | शुष्मा कुँवर, सदस्य |

CA Binaya Phuyal
Membership No.1689, COP No.1135, Firm No.1015

Mob No. 9863394685
PAN NO: 115560136

# P. BINAYA & ASSOCIATES

Chartered Accountants
Member of the Institute of Chartered Accountants of Nepal (ICAN)

## चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले यसै साथ संलग्न श्री चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चन्द्रागिरि नगरपालिका वडा ०७, काठमाडौंका ३१ असाढ २०८० को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरू तथा टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**कैफियत सहितको राय,**

हाम्रो रायमा, हामीले गरेको लेखापरीक्षणबाट यस प्रतिवेदनको कैफियत सहितको रायका आधारहरू खण्डमा उल्लिखित बुँदाहरू र संस्थालाई लागु हुने ऐन तथा निति नियमहरूको परिपालनाको स्थितिमा उल्लेख गरेका बुँदाहरू तथा सो बुँदाहरूले वित्तीय विवरणमा पार्ने असरहरू बाहेक संलग्न रहेका वित्तीय विवरणले २०८० आषाढ ३१ को वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाह र इक्विटीमा भएको परिर्वतन प्रचलित कानूनको अधिनमा रही लेखाको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम यर्थाथ चित्रण गर्दछ ।

**कैफियत सहितको रायका आधारहरू,**

- सहकारी विभागले जारी गरेको एकीकृत निर्देशन, २०७९ को बुँदा नं २० बमोजिम कर्जा जोखिम व्यवस्था रू. १२,२९,९६,७४४.६२ हुनुपर्नेमा संस्थाले रू. ८,४०,००,१००/- मात्र व्यवस्था गरेको छ जसले गर्दा संस्थाको नाफा नोक्सान विवरणमा रू. ३,८९,९६,७४४.३६ ले नाफा बढी देखिएको छ ।
- अन्य सम्पत्ति अन्तर्गत अन्य सम्पत्ति दहचोक सेवा केन्द्रमा प्रस्तुत गरिएको रू. ११,९२,००३/- विगतको वर्षदेखि अन्य सम्पत्तिमा राखिएको र संस्थाले सो रकम वरावरको सम्भावित नोक्सानी व्यवस्थामा लेखांकन नगरिएको हुँदा संस्थाको नाफा र अन्य सम्पत्ति सोही रकमले बढी प्रस्तुत भएको छ ।
- संस्थाले रू ३७,७६,११०.५१ वरावरको रकम विगत वर्षहरूमा आम्दानी जनाई लिनुपर्ने बाँकी ब्याजको रूपमा यस वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । सो रकमलाई खर्चको रूपमा लेखांकन गर्नुपर्नेमा अन्य सम्पत्तिको रूपमा प्रस्तुत गरेको हुँदा संस्थाको नाफा र अन्य सम्पत्ति सोही रकमले बढी प्रस्तुत भएको छ ।
- अन्य सम्पत्ति अन्तर्गत पाउनुपर्ने हिसाब (एच एण्ड बी.) मा प्रस्तुत गरिएको रू ४१,२९,६५९.८९ विगतको वर्षदेखि नै पाउनुपर्ने हिसाबमा देखाइएको र उक्त रकम उठ्न सक्ने सम्भावना न्यून रहेपनि संस्थाले सो रकम वरावरको सम्भावित नोक्सानी व्यवस्थामा लेखांकन नगरिएको हुँदा संस्थाको नाफा र अन्य सम्पत्ति सोही रकमले बढी प्रस्तुत भएको छ ।
- हामीले लेखापरीक्षणमान अनुसार हाम्रो लेखापरीक्षण सम्पन्न गऱ्यौं । हामीले वहन गर्नुपर्ने उक्त मान अनुरूपको उत्तरदायित्व पुनः अर्को सेक्सन "वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व" अन्तर्गत वर्णन गरिएको छ । हामी वित्तीय विवरणको लेखापरीक्षण गर्न सान्दर्भिक नैतिक आवश्यकताको साथै प्रोफेशनल एकाउन्टेन्टको लागि आइक्यानको ह्यान्ड बुक अन्तर्गत आचार संहिताको बमोजिम संस्थासँग स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरूका साथै अन्य नैतिक जिम्मेवारीहरू आइक्यानको प्रोफेशनल एकाउन्टेन्टको लागि नैतिक पुस्तिका अनुसार पुरा गरेका छौं । हामीले प्राप्त गरेको लेखापरीक्षणका प्रमाणहरूले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्दछ भन्नेमा हामी विश्वस्त छौं ।

**मुख्य लेखापरीक्षण व्यहोरहरूः**

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसँग सम्बन्धित कमजोरीहरू तथा सोको निराकरणका लागि दिइएका सुझावहरू (व्यवस्थापन पत्र) प्रति यहाँहरूको ध्यानाकर्षण गर्दछौं । साथै मुख्य लेखापरीक्षण व्यहोराहरू निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ । यस विषयका कारण माथि उल्लेख गरिए अतिरिक्त हाम्रो रायको सन्दर्भमा कुनै परिमार्जन भएको छैन ।

- तत्कालिन एच.एण्ड.बि. विकास बैंकले जारी गरेको गुडफर पेमेन्ट वापतको रू. २१,००,००,०००/- रकम मध्ये रू. १२,६०,००,०००/- २०७१/०९/१७ गतेसम्म संस्थाले प्राप्त गरिसकेको देखिन्छ । सो रकम ऋणीहरूबाट असुल गर्नुपर्ने रू. २१,००,००,०००/- बैंक ब्यालेन्स ऋण मध्येबाट घटाई बाँकी रकम ऋणीहरू कै नाममा यथावत रहेको देखिन्छ ।
- लुम्बिनी विकास बैंक लि. साविकको एच.एण्ड बि. विकास बैंक लि. को विरूद्धमा फिराद पत्र दायर गर्नको लागि जिल्ला अदालत काठमाडौंमा रू. १९,०४,४३०/- धरौटी जम्मा गरिएको छ ।

**व्यवस्थापन तथा सुशासनसँग सम्बन्धित व्यक्तिहरूको उत्तरदायित्व**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतीकरण गर्ने कार्यसँग सम्बन्धित

नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखा नीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरू पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोवारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्वः**

हाम्रो उद्देश्यहरू सम्पूर्ण वित्तीय विवरणहरू सारभूत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर ग्यारेन्टी छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभूत त्रुटी पत्ता लगाउँदछ । त्रुटिहरू ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रूपमा गलत रहेको मानिन्छ ।

व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छन्नताको आधारको उचिततका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छन्नताको सारभूत अनिश्चितता माथि शंका उत्पन्न गर्ने घटना वा अवस्थाहरू रहे नरहेको यकिन गर्दछौं । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदि त्यस्ता खुलासाहरू अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष हाम्रो लेखा परीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

**मन्तव्य**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू सहकारी विभागद्वारा लेखापरीक्षकले पेश गर्नुपर्ने लेखापरीक्षण लङ्ग फर्म प्रतिवेदनमा उल्लेखित टिप्पणीहरू वाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरू तथा टिप्पणीहरू संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा माथि कैफियत सहितको रायका आधारहरू खण्डमा उल्लिखित बुँदाहरू र व्यवस्थापन प्रतिवेदनमा उल्लेख गरिएका टिप्पणीहरू बाहेक सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा र माथि रायको आधारमा उल्लेख गरिएको विषय बाहेक संस्थाको कारोवार सन्तोषजनक रूपमा सञ्चालन भएको र संस्थाको अख्तियारीभित्र रहेको पायौं ।

च) माथि रायको आधारमा उल्लेख गरिएको विषयमा बाहेक संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

**अन्य कानूनी तथा नियमनकारी आवश्यकता अनुसारको प्रतिवेदन**

माथि उल्लिखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई उपलब्ध सूचना तथा स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं ।

१. हामीलाई लेखापरीक्षणको लागि आवश्यक सूचना तथा स्पष्टीकरणहरू माथि मन्तव्यको बुँदा नं  क) मा उल्लेखित विवरणहरू बाहेक यथाशीघ्र पायौं ।

२. हाम्रो लेखापरीक्षणको आधारमा संस्थाले

- व्यवस्थापनपत्र (प्रारम्भिक प्रतिवेदन) का साथै निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको विषयहरूमा बाहेक सहकारी सिद्धान्त, मुल्य मान्यता अनुरूप काम गरेको पायौं ।
  - ❑ संस्थाले तेश्रो पक्षको धितो राखेर समेत कर्जा प्रवाह गरेको देखिन्छ ।
  - ❑ संस्थाले सहकारी विभागले जारी गरेको दिर्नेशन अनुसार कर्जा अनुसार जोखिम कोषको पर्याप्त व्यवस्था गरेको छैन ।
- लेखापालनमा माथि रायको आधारमा जनाइएको कैफियत बाहेक ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौं ।
- ऐनको दफा ६८, ६९ र ७० मा व्यवस्था गरेबमोजिमको कोषहरूमा बचत रकम जम्मा गरेको पायौं ।

P. Binaya & Associates ★ Kathmandu Nepal ★ Chartered Accountants

सिए. विनय फुयाल
प्रोपाईटर
पि. विनय एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
UDIN Number: 230929CA01689k1Lfz

मिति : २०८०/०६/०८ गते
स्थान : चन्द्रागिरि-७, काठमाडौं, नेपाल ।

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि नगरपालिका वडा नं. ७, थानकोट, महादेवस्थान, काठमाडौं
२०८० साल आषाढ मसान्तको

## वित्तीय स्थितिको विवरण पत्र (वासलात)

| सम्पति | अनुसूची | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|---|
| नगद तथा नगद समान | ४.१ | ४,८०४,२१२.०० | ३,२५२,९१२.०० | ५,०७४,३५४.०० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | ५१८,७०४,८५८.२३ | ५१२,११७,४९७.९८ | ३८४,३३९,३०६.५२ |
| ऋण लगानी | ४.३ | २,०७०,७६५,८४३.९३ | १,९८७,३३३,८८७.३७ | १,७४५,९८३,९८८.०९ |
| वित्तीय लगानी हिसाब | ४.४ | ३१३,६२०,१४०.२९ | १७८,५६७,८२३.१६ | ३४३,५०३,९९४.४१ |
| चालु कर सम्पत्ति | ४.५ | १९,१३३,९०१.६२ | ११,०७४,४६२.२६ | १०,४०८,८०४.४४ |
| लगानी सम्पत्तिहरू | ४.६ | - | - | - |
| सम्पत्ति तथा उपकरण | ४.७ | ९४,१३२,३२२.८१ | ९९,०९४,३३७.८१ | ८८,७६६,१९७.३७ |
| ख्याती तथा अमूर्त सम्पत्ति | ४.८ | ६२७,७१३.९८ | ७०५,५७४.११ | ७२१,९०३.४१ |
| स्थगन कर सम्पत्ति | ४.९ | - | - | - |
| अन्य सम्पत्ति | ४.१० | २८,८०१,२७७.५१ | २४,४८४,९०७.४८ | ३३,६७३,३३५.४८ |
| **कुल सम्पत्ति** | | **३,०५०,५९०,२७०.३७** | **२,८१६,६३१,४०२.१७** | **२,६१२,४७१,८८३.७२** |

| पुँजी तथा दायित्व | अनुसूची | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|---|
| **दायित्वहरू** | | | | |
| तिर्न बाँकी कर्जा सापट | ४.११ | १२,१००,०००.०० | २६,६६१,८१२.७८ | ५६,७४१,३२९.०२ |
| सदस्यबाट बचत र निक्षेप दायित्व | ४.१२ | २,६७६,०३२,०००.२० | २,४१६,९५८,६९०.४७ | २,२१२,४८१,७२६.४२ |
| चालु कर दायित्व | ४.५ | | - | - |
| व्यवस्था | ४.१३ | | - | - |
| स्थगन कर दायित्व | ४.९ | १,३१०,०२०.३४ | १,४०६,२१२.३३ | १,७३२,२७९.९७ |
| पट्टा दायित्व | ४.१४ | ९,२५४,११२.८० | १०,३८१,७६५.३४ | ७,०३२,१९३.५५ |
| अन्य दायित्व | ४.१५ | ४४,१९३,०१३.१८ | ६०,३४२,०००.०१ | ६१,२५१,६९३.०० |
| कुल दायित्व | | २,७४२,८८९,१४६.५२ | २,५१५,७५०,४८०.९३ | २,३३९,२३९,२२१.९६ |
| **पुँजी** | | | | |
| शेयर पुँजी | ४.१६ | १९१,२२५,४००.०० | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |
| साधारण जगेडा कोष | | ८४,७०१,४९८.६१ | ८०,४३३,६४९.२७ | ६३,५१४,८३०.७१ |
| अन्य कोषहरू | ४.१७ | ३१,७७४,२२५.२४ | ४६,३९७,७७१.९७ | ४८,३३७,८३१.०५ |
| **शेयर धनीहरूलाई बाँडफाँड योग्य पुँजी** | | **३०७,७०१,१२३.८५** | **३००,८८०,९२१.२४** | **२७३,२३२,६६१.७६** |
| **गैर नियन्त्रण स्वार्थ** | | | - | - |
| **कुल पुँजी तथा दायित्व** | | **३,०५०,५९०,२७०.३७** | **२,८१६,६३१,४०२.१७** | **२,६१२,४७१,८८३.७२** |
| **सम्भावित दायित्व र प्रतिवद्धता** | ४.१८ | - | - | - |
| **प्रति शेयर खुद सम्पत्ति मुल्य** | रू. | १६१ | १७३ | १६९ |

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदनको अनुसार

**सुमित्रा त्रिपाठी**
बरिष्ठ अधिकृत

**कृष्णकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**शरद कुँवर**
सहसचिव

**मिनाकुमारी पाठक**
कोषाध्यक्ष

**अज्युतकुमार कार्की**
सचिव

**हरिहर सिग्देल**
उपाध्यक्ष

**योगेन्द्रकुमार कुँवर**
अध्यक्ष

**सिए. विनय फुयाल**
पि. विनय एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि नगरपालिका वडा नं. ७, थानकोट, महादेवस्थान, काठमाडौं

मिति २०७९ श्रावण १ गतेदेखि २०८० आषाढ ३१ गतेसम्म

## नाफा नोक्सान विवरण

| विवरण | अनुसूची | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१९ | ३६५,२२४,२६०.४० | २९०,९५२,८७७.१९ |
| न्यून ब्याज छुट खर्च | | ५९,८२८.०० | - |
| ब्याज खर्च | ४.२० | २८४,७६९,८१३.०१ | २०३,८०४,७०५.५६ |
| **खुद ब्याज आम्दानी** | | **८०,३९४,६१९.३९** | **८६,३४८,१७१.६३** |
| शुल्क तथा कमिशन आम्दानी | ४.२१ | १८,४७९,२२१.८३ | १८,२४९,५८०.४१ |
| शुल्क तथा कमिशन खर्च | ४.२२ | २८४,९७६.०० | ४८६,८८१.०० |
| **खुद शुल्क र कमिशन आम्दानी** | | **१८,१९४,२४५.८३** | **१७,७६२,६९९.४१** |
| **खुद ब्याज, शुल्क र कमिशन आम्दानी** | | **९८,५८८,८६५.२२** | **१०४,११०,८७१.०४** |
| खुद व्यापार आम्दानी | ४.२३ | - | - |
| अन्य सञ्चालन आम्दानी | ४.२४ | ३,४६७,४३२.५६ | २,८४८,८३१.४९ |
| **जम्मा सञ्चालन आम्दानी** | | **१०२,०५६,२९७.७८** | **१०६,९५९,७०२.५३** |
| कर्जाको क्षति प्रभार/(विपर्यय) तथा अन्य हानी | ४.२५ | ४०,४७६,३८४.७४ | १०,०००,०००.०० |
| **खुद सञ्चालन आम्दानी** | | **६१,५७९,९१३.०४** | **९६,९५९,७०२.५३** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.२६ | २७,९३८,४३६.४९ | २२,३९५,२९२.१९ |
| अन्य सञ्चालन खर्च | ४.२७ | १६,८४१,८२०.९८ | १५,८८२,१०७.१४ |
| ह्रास कट्टी र परिशोधन खर्च | ४.२८ | ६,२१२,९५६.१० | ५,५४१,४९७.३२ |
| **सञ्चालन नाफा** | | **१०,५८६,६९९.४७** | **५३,१४०,८०५.८७** |
| गैर सञ्चालन आम्दानी | ४.२९ | ४,३२०,८२०.०० | ३,९१७,७४७.०० |
| गैर सञ्चालन खर्च | ४.३० | ६१,३१०.४९ | २५८,७०९.०६ |
| आयकर अघिको नाफा | | १४,८४६,२०८.९८ | ५६,७९९,८४३.८२ |
| आयकर खर्च | ४.३१ | १,२८७,९४३.३९ | ६,२६८,९२२.१० |
| चालु कर | | १,३८४,१३५.३८ | ६,५९४,९८९.७४ |
| स्थगन कर खर्च/(आम्दानी) | | (९६,१९१.९९) | (३२६,०६७.६४) |
| **यस अवधिको नाफा** | | **१३,५५८,२६५.५९** | **५०,५३०,९२१.७१** |
| नाफा बाँडफाँडः | | | - |
| सहकारी शेयरधनी | | १३,५५८,२६५.५९ | ५०,५३०,९२१.७१ |
| गैर नियन्त्रण स्वार्थ (Non Controlling Interest) | | | - |
| **यस अवधिको नाफा** | | **१३,५५८,२६५.५९** | **५०,५३०,९२१.७१** |
| **प्रति शेयर आम्दानी** | | | |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | | ७.०९ | २९.०३ |
| डाइलुटेड प्रति शेयर आम्दानी (Diluted EPS) | | ७.०९ | २९.०३ |

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदनको अनुसार

**सुमित्रा त्रिपाठी**
बरिष्ठ अधिकृत

**कृष्णकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**शरद कुँवर**
सहसचिव

**मिनाकुमारी पाठक**
कोषाध्यक्ष

**अज्युतकुमार कार्की**
सचिव

**हरिहर सिग्देल**
उपाध्यक्ष

**योगेन्द्रकुमार कुँवर**
अध्यक्ष

**सिए. विनय फुयाल**
पि. विनय एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि नगरपालिका वडा नं. ७, थानकोट, महादेवस्थान, काठमाडौं

२०८० साल आषाढ ३१

## बचत (नाफा नोक्सान) बाँडफाँड हिसाब

| विवरण | प्रतिशत | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|---|
| नाफा नोक्सान विवरण बमोजिमको नाफा/(नोक्सान) | | १३,५५८,२६५.५९ | ५०,५३०,९२१.७१ |
| **बाँडफाँड:** | | | |
| **अघिल्लो वर्षसम्मको सञ्चित नोक्सानी** | | (३,९१६,३०८.२२) | |
| **NFRS समायोजन कोष अघिको नाफा/नोक्सान** | | **९,६४१,९५७.३७** | **५०,५३०,९२१.७१** |
| क) ब्याज वक्यौता/अघिल्लो ब्याज वक्यौता प्राप्ति घट/बढ | | ५,३१५,५६८.०० | (५,१३९,३४१.२९) |
| ख) स्थगन कर सम्पत्ति घट/बढ | | - | - |
| ग) बीमांकित कोषको घट/बढ | | - | - |
| घ) मोलतोल खरिदमा नाफाको घट/बढ | | - | - |
| ङ) गैर बैंकिङ्ग सम्पत्तिको व्यवस्थामा घट/बढ | | - | - |
| च) ख्यातिको (Goodwill) घट/बढ | | | - |
| **NFRS समायोजन कोषपछिको नाफा/नोक्सान** | | **४,३२६,३८९.३७** | **५५,६७०,२६३.००** |
| क) साधारण जगेडा कोष | २५ | १,०८१,५९७.३४ | १४,४१२,७६०.५६ |
| **संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडिको नाफा** | | **३,२४४,७९२.०३** | **४१,२५७,५०२.४४** |
| ख) संरक्षित पुँजी फिर्ता कोष | २५ | ८११,१९८.०१ | १०,८०९,५७०.४२ |
| ग) सहकारी प्रवर्द्धन कोष | ०.५ | १६,२२३.९६ | २१६,१९१.४१ |
| **अन्य कोषमा बाँडफाँड अगाडिको नाफा** | | **२,४१७,३७०.०६** | **३०,२३१,७४०.६१** |
| शेयर लाभांश कोष | ५० | १,२०८,६८५.०३ | १६,७५०,५१०.३३ |
| घाटापूर्ति कोष | ५ | १२०,८६८.५० | ३,८६५,५०२.३८ |
| कर्मचारी बोनस कोष | २० | ४८३,४७४.०१ | ३,५४३,३७७.१८ |
| सहकारी शिक्षा कोष | ५ | १२०,८६८.५० | १,६१०,६२५.९९ |
| सहकारी विकास कोष | ५ | १२०,८६८.५० | १,६१०,६२५.९९ |
| सामुदायिक विकास कोष | ५ | १२०,८६८.५० | १,६१०,६२५.९९ |
| सहकारी स्थिरीकरण कोष | ५ | १२०,८६८.५० | १,६१०,६२५.९९ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | १२०,८६८.५० | १,६१०,६२६.०१ |
| **बाँडफाँडपछिको नाफा** | | - | **(१,९८०,७७९.२५)** |
| सञ्चित मुनाफा | | - | (१,९८०,७७९.२५) |

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदनको अनुसार

| | | | |
|---|---|---|---|
| **सुमित्रा त्रिपाठी**<br>बरिष्ठ अधिकृत | **कृष्णकुमार श्रेष्ठ**<br>प्रमुख कार्यकारी अधिकृत | **शरद कुँवर**<br>सहसचिव | **मिनाकुमारी पाठक**<br>कोषाध्यक्ष |
| **अज्युतकुमार कार्की**<br>सचिव | **हरिहर सिग्देल**<br>उपाध्यक्ष | **योगेन्द्रकुमार कुँवर**<br>अध्यक्ष | **सिए. विनय फुयाल**<br>पि. विनय एण्ड एसोसियट्स<br>चार्टर्ड एकाउन्टेन्ट |

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि नगरपालिका वडा नं. ७, थानकोट, महादेवस्थान, काठमाडौं

मिति २०७९ श्रावण १ गतेदेखि २०८० आषाढ ३१ गतेसम्म

## अन्य विस्तृत आम्दानीको विवरण

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| यस वर्षको नाफा | १३,५५८,२६५.५९ | ५०,५३०,९२१.७१ |
| आयकरपछिको अन्य विस्तृत आम्दानी | | |
| क) नाफा/(नोक्सान) मा पुनः वर्गीकरण नगरिने | | |
| फेयर भ्यालुमा मुल्यांककन गरिएका इक्विटी उपकरणका लगानीबाट भएका नाफा/(नोक्सान) | | - |
| पुनः मुल्यांकनबाट भएका नाफा/(नोक्सान) | | - |
| परिभाषित लाभ योजनाबाट बीमांकित नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | - | - |
| नाफा/(नोक्सान) मा पुनः वर्गीकरण नगरिने खुद अन्य विस्तृत आम्दानी | - | - |
| ख) नाफा/(नोक्सान) मा पुनवर्गीकरण गरिएका वा गर्न लायक | | |
| हेजिङ्गबाट भएको नगद प्रवाहको नाफा/(नोक्सान) | | - |
| सटही नाफा/(नोक्सान) (विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रूपान्तरणमा भएको) | | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | | - |
| नाफा/(नोक्सान) पुनवर्गीकरण | | - |
| नाफा/(नोक्सान) मा पुनवर्गीकरण गरिएका वा गर्न लायक अन्य विस्तृत आम्दानी | - | - |
| ग) इक्विटी तरिकाबाट लेखाकित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश | | - |
| यस वर्षको आयकरपछिको अन्य विस्तृत आम्दानी | - | - |
| जम्मा विस्तृत आम्दानी | १३,५५८,२६५.५९ | ५०,५३०,९२१.७१ |

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदनको अनुसार

| | | | |
|---|---|---|---|
| **सुमित्रा त्रिपाठी**<br>बरिष्ठ अधिकृत | **कृष्णकुमार श्रेष्ठ**<br>प्रमुख कार्यकारी अधिकृत | **शरद कुँवर**<br>सहसचिव | **मिनाकुमारी पाठक**<br>कोषाध्यक्ष |
| **अज्युतकुमार कार्की**<br>सचिव | **हरिहर सिग्देल**<br>उपाध्यक्ष | **योगेन्द्रकुमार कुँवर**<br>अध्यक्ष | **सिए. विनय फुयाल**<br>पि. विनय एण्ड एसोसियट्स<br>चार्टर्ड एकाउन्टेन्ट |

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

| ट्राइकोन एड्भरटिज्मेन्ट सर्भिसेस् | - | - | ५,०००.०० |
| विज्डम बिल्डर्स् | - | ४७,०००.०० | ३,०००.०० |
| थ्रिस्टेट इन्जिनियरिङ्ग सर्भिसिङ्ग प्रा. लि. | ३,०००.०० | ४०,५००.०० | १९,५००.०० |
| विक्रम मानन्धर | - | १८,५००.०० | १८,५००.०० |
| इन्जिनिर्यस् एण्ड सर्भेयर्स एशोशियट्स प्रा. लि. | १४,०००.०० | १४,०००.०० | १०,०००.०० |
| स्वारा इन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्सी प्रा. लि. | २७,०००.०० | - | - |
| इन्टिग्रेटेड इन्जिनियरिङ्ग | ४०९,५००.०० | ९,०००.०० | - |
| भुक्तानी तिर्नुपर्ने भाडा रकम | - | - | १४९,३३२.०० |
| विविध तिनुपर्ने | ४३४,९४३.६८ | १०५,१९१.४० | १३५,०९२.६६ |
| भुक्तानी तिनुपर्ने (आन्तरिक मुल्यांकन रकम) | १०५,५००.०० | - | - |
| संस्थागत विकास योगदान कोष | २०,२३१,६३६.४९ | २०,५४६,१२६.४९ | १७,७३४,५४३.४९ |
| आर. एन. सि. कन्सट्रक्सन प्रा. लि. | - | ७९२,०४०.०० | - |
| **जम्मा** | **४४,१९३,०१३.१८** | **६०,३४२,०००.०१** | **६१,२५१,६९३.०** |

## ४.१६ शेयर पुँजी तथा स्वामित्व

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|
| १. शेयर पुँजी | १९१,२२५,४००.०० | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |
| स्वीकृत शेयर पुँजी | ५००,०००,०००.०० | ५००,०००,०००.०० | ५००,०००,०००.०० |
| क) ५,०००,००० साधारण शेयर प्रति शेयर रू. १०० ले | ५००,०००,०००.०० | ५००,०००,०००.०० | ५००,०००,०००.०० |
| ख) ........ नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ...... ले | | | |
| ग) ........ रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू...........ले | | | |
| चूक्ता पुँजी | १९१,२२५,४००.०० | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |
| क) १,९१२,२५४ साधारण शेयर प्रति शेयर रू. १०० ले साधारण शेयर प्रति शेयर रू. १०० ले | १९१,२२५,४००.०० | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |
| ख) .... नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ..... ले | | | |
| ग) ............रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. .......... ले | | | |
| १.४ प्रस्तावित बोनस शेयर | | - | - |
| १.५ कल्स इन एडभान्स | | - | - |
| **१.६ जम्मा रकम** | **१९१,२२५,४००.००** | **१७४,०४९,५००.००** | **१६१,३८०,०००.००** |

| शेयर स्वामित्व विवरण | आषाढ मसान्त २०८० | | आषाढ मसान्त २०७९ | | आषाढ मसान्त २०७८ | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | शेयर पुँजी | प्रतिशत | शेयर पुँजी | प्रतिशत | शेयर पुँजी |
| **१. स्वदेशी स्वामित्व** | **१००** | **१९१,२२५,४००.००** | **१००** | **१७४,०४९,५००.००** | **१००** | **१६१,३८०,०००.००** |
| १.१ नेपाल सरकार | | | - | - | - | - |
| १.२ "क" वर्गका इजाजतपत्र प्राप्त संस्थाहरू | | | - | - | - | - |
| १.३ अन्य इजाजतपत्र प्राप्त संस्थाहरू | | | - | - | - | - |
| १.४ अन्य संस्थाहरू | | | - | - | - | - |
| १.५ सर्वसाधारण | १०० | १९१,२२५,४००.०० | १०० | १७४,०४९,५००.०० | १०० | १६१,३८०,०००.०० |
| १.६ अन्य | | | - | - | - | |
| २. वैदेशिक स्वामित्व | | | - | - | - | - |
| **जम्मा** | | **१९१,२२५,४००.००** | **१००** | **१७४,०४९,५००.००** | **१००** | **१६१,३८०,०००.००** |

## ४.१७ अन्य कोषहरू

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|
| १. NFRS समायोजन कोष | २१,२११,२८०.०० | १५,८९५,७१२.०० | २१,०३५,०५३.२९ |
| २. बीमांकिक कोष | - | - | - |
| **३. अन्य जगेडा तथा कोष** | **१०,५६२,९४५.२४** | **३४,४१८,३६८.१९** | **२९,२३८,३०६.७३** |
| शेयर लाभांश कोष | १,२०८,६८५.०३ | १६,७५०,५१०.३३ | १४,३५२,०००.०० |
| घाटापूर्ति कोष | १२०,८६८.५० | ३,८६५,५०२.३८ | ७,३७१,३९२.६० |
| सहकारी शिक्षा कोष | ४९१,६१०.९३ | २,०४७,५८०.४३ | ८९६,७८७.०० |
| सहकारी विकास कोष | १२०,८६८.५० | १,६१०,६२५.९९ | ८८५,०००.०० |
| सामुदायिक विकास कोष | १,४११,७५७.४९ | १,६१०,६२५.९९ | ८८५,०००.०० |
| अन्य जोखिम व्यवस्थापन कोष | १२०,८६८.५० | १,६१०,६२६.०१ | ८८५,०००.०० |
| सदस्य हित कोष | १,७४०,५०२.०६ | ३,५२४,४०४.०६ | ३,९०३,१२७.१३ |
| घातक रोग उपचार कोष | ५,३२७,७८४.२१ | १,९३८,४९३.०० | - |
| छात्रवृति कोष | ०.०० | १,४४०,०००.०० | ४०,०००.०० |
| उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार | २०,०००.०० | २०,०००.०० | २०,०००.०० |
| ४. सञ्चित नाफा/नोक्सान | - | (३,९१६,३०८.२२) | (१,९३५,५२८.९७) |
| ५. सटही घटबढ कोष | | - | |
| **जम्मा** | **३१,७७४,२२५.२४** | **४६,३९७,७७१.९७** | **४८,३३७,८३१.०५** |

## ४.१८ सम्भावित दायित्व र प्रतिवद्धता

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|
| सम्भावित दायित्व | - | - | - |
| वितरण नागरिएको सुविधाहरू | - | - | - |
| पुँजी प्रतिवद्धता | - | - | - |
| पट्टा प्रतिवद्धता | - | - | - |
| मुद्दा मामिला | - | - | - |
| **जम्मा** | - | - | - |

## ४.१८.१ सम्भावित दायित्व

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|
| स्वीकार्यता तथा डकुमेन्ट्री क्रेडिट | - | - | - |
| बिल्स फर कलेक्सन | - | - | - |
| अग्रिम विनिमय सम्झौता | - | - | - |
| जमानत | - | - | - |
| प्रत्याभूति प्रतिवद्धता | - | - | - |
| अन्य | - | - | - |
| **जम्मा** | - | - | - |

## ४.१८.२ वितरण नगरिएको सुविधाहरू

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|
| वितरण नगरिएको कर्जा | - | - | - |
| ओभरड्राफ्टको उपयोग नगरिएको सिमा | - | - | - |
| जमानत उपयोग नगरिएको | - | - | - |
| **जम्मा** | - | - | - |

## ४.१८.३ पुँजीगत प्रतिवद्धता

सम्बन्धित अधिकारीद्वारा स्वीकृत गरिएको तर वित्तीय विवरणमा नगरिएको पुँजीगत खर्च ।

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|
| **सम्पत्ति तथा उपकरणको लागि पुँजी प्रतिवद्धता** | - | - | - |
| स्वीकृत र सम्झौता गरिएको | - | - | - |
| स्वीकृत गरिएको तर सम्झौता नगरिएको | - | - | - |
| **जम्मा** | | | |
| अमुर्त सम्पत्तिको लागि पुँजी प्रतिवद्धता | - | - | - |
| स्वीकृत र सम्झौता गरिएको | - | - | - |
| स्वीकृत गरिएको तर सम्झौता नगरिएको | - | - | - |
| **जम्मा** | - | - | - |
| **कुल जम्मा** | - | - | - |

## ४.१८.४ पट्टा प्रतिवद्धता

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|
| सञ्चालित पट्टा प्रतिवद्धता | - | - | - |
| सहकारीले पट्टा लिएको खण्डमा रद्ध गर्न नसकिने पट्टा सम्झौता अनुसार घटीमा तिर्नुपर्ने भविष्यको रकम | - | - | - |
| १ वर्ष ननाघेको | - | - | - |
| १ वर्ष भन्दा बढी ५ वर्ष भन्दा कम | - | - | - |
| ५ वर्ष माथिको | - | - | - |
| **जम्मा** | - | - | - |

| | | | |
|---|---|---|---|
| वित्तीय पट्टा प्रतिवद्धता | - | - | - |
| सहकारीले पट्टा लिएको खण्डमा रद्ध गर्न नसकिने पट्टा सम्झौता अनुसार घटीमा तिर्नुपर्ने भविष्यको रकम | - | - | - |
| १ वर्ष ननाघेको | - | - | - |
| १ वर्ष भन्दा बढी ५ वर्ष भन्दा कम | - | - | - |
| ५ वर्ष माथिको | - | - | - |
| **जम्मा** | - | - | - |

सहकारीको सबै पट्टा सम्झौता रद्ध गर्न मिल्ने खालका छन् ।

## ४.१९ ब्याज आम्दानी

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| **क. ऋण सापटमा** | **३०५,१०२,९९६.७७** | **२४६,०९४,२७७.०६** |
| १. ऋण सापट | ३०४,३१६,२००.२८ | २४५,५९९,८४५.७२ |
| २. कर्मचारी ऋण सापट | ७८६,७९६.४९ | ४९४,४३१.३४ |
| ३. ऋण चार्ज आम्दानी | | - |
| **ख. लगानीमा** | **-** | **-** |
| १. नेपाल सरकारको ऋणपत्र | - | - |
| (क) ट्रेजरी बिल्स | - | - |
| (ख) विकास ऋणपत्र | - | - |
| (ग) राष्ट्रिय बचत पत्र | - | - |
| २. विदेशी ऋणपत्र | - | - |
| (क) | - | - |
| (ख) | - | - |
| ३. नेपाल राष्ट्र बैंकको ऋणपत्र | - | - |
| ४. शेयर, डिवेन्चर तथा बण्ड | - | - |
| (क) बैंक/वित्तीय संस्थाहरू | - | - |
| (ख) अन्य संस्थाहरू | - | - |
| **ग. एजेन्सी मौज्दातमा** | **-** | **-** |
| १. स्वदेशी बैंक/वित्तीय संस्थाहरू | - | - |
| २. विदेशी बैंकहरू | - | - |
| **घ. माग तथा अल्प सुचनामा प्राप्त हुने मौज्दातमा** | **-** | **-** |
| १. स्वदेशी बैंक/वित्तीय संस्थाहरू | - | - |
| २. विदेशी बैंकहरू | - | - |
| **ङ. अन्यमा** | **६०,१२१,२६३.६३** | **४४,०५८,६००.१३** |
| १. सर्टिफिकेट अफ डिपोजिट | - | - |
| २. अन्तर बैंक/वित्तीय संस्था कर्जा | - | - |
| ३. बैंक तथा वित्तीय संस्थाको मौज्दातमा | ६०,१२१,२६३.६३ | ४४,०५८,६००.१३ |
| **जम्मा** | **३६५,२२४,२६०.४०** | **२९०,१५२,८७७.१९** |

आषाढ मसान्त २०८० मा कर्जामा (कर्मचारी कर्जाको समेत) असुल गर्न बाँकी ब्याजलाई ब्याज मुल्तबी रकमसँग राफसाफ नगरी कर्जा तथा सापटमा देखाइएको छ । कर्जामा असुल गर्न बाँकी ब्याजलाई Transition date १ श्रावण २०७८ मा इक्विटीमा पुनवर्गीकरण गरिएको छ र त्यस पश्चात्त नाफा नोक्सान हिसाबमा देखाइएको छ ।

## ४.२० ब्याज खर्च

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| **क. बचत तथा निक्षेप दायित्वमा** | **२८०,९४३,७७१.७६** | **१९८,६६५,३३६.८९** |
| १. मुद्दती निक्षेप | १४३,६६४,४०१.७२ | १४७,८०५,१०२.८३ |
| १.१ स्वदेशी मुद्रा | १४३,६६४,४०१.७२ | १४७,८०५,१०२.८३ |
| १.२ विदेशी मुद्रा | - | - |
| २. बचत निक्षेप | १३७,२७९,३७०.०४ | ५०,८६०,२३४.०६ |
| २.१ स्वदेशी मुद्रा | १३७,२७९,३७०.०४ | ५०,८६०,२३४.०६ |
| २.२ विदेशी मुद्रा | - | - |
| ३. मागेको बखत तिर्नुपर्ने निक्षेप | - | - |
| ३.१ स्वदेशी मुद्रा | - | - |
| ३.२ विदेशी मुद्रा | - | - |
| ४. सर्टिफिकेट अफ डिपोजिट्स | - | - |
| **ख. कर्जा सापटमा** | **२,९१०,८५९.२५** | **४,१७३,३३९.४१** |
| १. ऋणपत्र तथा बण्ड | - | - |
| २. नेपाल राष्ट्र बैंकबाट प्राप्त ऋण | - | - |
| ३. अन्तर बैंक/वित्तीय संघ संस्था ऋण | २,९१०,८५९.२५ | - |
| ४. अन्य संगठित संस्था | - | ४,१७३,३३९.४१ |
| ५. अन्य ऋण | - | - |
| **ग. अन्यमा** | **९१५,१८२.००** | **९६६,०२९.२६** |
| १. कोष परिचालन खर्च | - | - |
| २. पट्टा दायित्वमा ब्याज खर्च | ९१५,१८२.०० | ९६६,०२९.२६ |
| **जम्मा** | **२८४,७६९,८१३.०१** | **२०३,८०४,७०५.५६** |

## ४.२१ शुल्क तथा कमिशन आय

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| **क. शुल्क** | **१७,३६४,५५२.०९** | **१७,१४३,९८५.३९** |
| १. कर्जा व्यवस्थापन शुल्क | १४,५९५,६७३.०० | १२,४६२,७२६.०० |
| २. धितो मुल्यांकन शुल्क | ४५९,८८८.०० | ४६९,०००.०० |
| ३. ए.टि.म सेवा शुल्क | २५२,९६६.४२ | १८१,२१९.३९ |
| ४. अन्य सदस्य सेवा शुल्क | ३६,७२०.०० | ७३,०५८.०० |
| मोबाईल बैंकिङ् | ४२०,९२७.८० | १४,४००.०० |
| हर्जना | १,३९६,२७६.८७ | ३,७९१,५८२.०० |
| प्रवेश शुल्क | २०२,१००.०० | १५२,०००.०० |
| **ख. कमिशन** | **१,११४,६६९.७४** | **१,१०५,५९५.०२** |
| १. लघु अमृत बीमा कमिशन | - | - |
| २. रेमिटेन्स तथा कारोवार कमिशन | १,११२,५१०.४८ | १,०९५,७४२.१६ |
| ३. ए.टि.म कार्ड | - | - |
| ४. मोबाईल बैंकिङ् कमिशन | २,१५९.२६ | ९,८५२.८६ |
| **ग. अन्य** | | - |
| **जम्मा** | **१८,४७९,२२१.८३** | **१८,२४९,५८०.४१** |

## ४.२२ शुल्क तथा कमिशन खर्च

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| परामर्श सेवा शुल्क | ८६,६००.०० | २१५,६००.०० |
| एस.एम.एस सेवा शुल्क | १९८,३७६.०० | २७१,२८१.०० |
| **जम्मा** | **२८४,९७६.००** | **४८६,८८१.००** |

### ४.२३ खुद व्यापार आम्दानी

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| व्यापारिक सम्पत्तिको फेयर भ्यालुमा फेरबदल/परिर्वतन | - | - |
| व्यापारिक सम्पत्तिको निसर्गमा भएको नाफा/(नोक्सान) | - | - |
| व्यापारिक सम्पत्तिमा ब्याज आम्दानी | - | - |
| व्यापारिक सम्पत्तिमा लाभांश आम्दानी | - | - |
| डिडि/टिटि/स्विफ्ट शुल्क | - | - |
| अन्य | - | - |
| जम्मा | - | - |

### ४.२४ अन्य सञ्चालन आम्दानी

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| संरक्षित पुँजी फिर्ता कोषबाट आम्दानी | ७०९,१९२.९० | ७३६,११८.८३ |
| लाभांश आम्दानी | २,५३६,६०४.१२ | १,९६१,७५०.०० |
| अन्य | २२१,६३५.५४ | १५०,९६२.६६ |
| जम्मा | ३,४६७,४३२.५६ | २,८४८,८३१.४९ |

### ४.२५ कर्जाको क्षती प्रभार/(विपयर्य) तथा अन्य हानी

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| सदस्यलाई दिने कर्जा तथा सापटीमा व्यवस्था | ४०,४७६,३८४.७४ | १०,०००,०००.०० |
| वित्तीय लगानीमा व्यवस्था | - | - |
| बैंक तथा वित्तीय संस्थाको मौज्दातमा व्यवस्था | - | - |
| सम्पत्ति र उपकरणमा व्यवस्था | - | - |
| साख तथा अभौतिक सम्पत्तिमा नोक्सानी व्यवस्था | - | |
| लगानी सम्पत्तिमा व्यवस्था | - | - |
| जम्मा | ४०,४७६,३८४.७४ | १०,०००,०००.०० |

### ४.२६ कर्मचारी खर्च

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| (क) तलब | २४,३२८,२५८.०० | १९,३५३,४२२.०० |
| (ख) सामाजिक सुरक्षा कोष भत्ता | १,६८७,७११९.०० | १,०२०,१११.९६ |
| (ग) भत्ता | - | १५३,०००.०० |
| (घ) सञ्चयकोषमा थप | - | ९३,१९२.०० |
| (ङ) पोशाक | ४७०,०००.०० | ४२०,०००.०० |
| (च) कर्मचारी विदा खर्च | १,२२२,६७६.०० | ८८१,५३५.०० |
| (५) लघुवित समूह सञ्चालन कर्मचारी यातायात खर्च | १६६,६००.०० | |
| (ज) अन्य (उत्पादक्त्व भत्ता) | - | - |
| (झ) NFRS अन्तर्गत कर्मचारी ऋण खर्च | ६३,१८३.४९ | ४७४,०३१.२३ |
| जम्मा | २७,९३८,४३६.४९ | २२,३९५,२९२.१९ |
| कर्मचारी बोनस | - | - |
| कुल जम्मा | २७,९३८,४३६.४९ | २२,३९५,२९२.१९ |

### ४.२७ अन्य सञ्चालन खर्च

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| कार्यलय व्यवस्थापन खर्च | ८,५३९,६६१.४६ | ७,३६२,८६६.१४ |
| बहाल खर्च | (०.००) | १२८,७००.०० |
| इन्धन खर्च | १,१४४,०९७.०० | १,००९,५८५.०० |
| मसलन्द | ९१३,२८५.९५ | ९३२,८५४.२३ |
| विविध | २६,०१२.०० | ३१,७०९.३९ |

| | | |
|---|---|---|
| सुरक्षा खर्च | ८७५,८३४.०० | ८४७,४६२.०० |
| परिवहन खर्च | २८९,६५०.०० | १०३,७००.०० |
| समिति/उपसमिति भत्ता | ७५२,०००.०० | ७३६,५००.०० |
| बैठक सञ्चालन खर्च | - | १५,४६१.०० |
| विद्युत तथा पानी महसुल | ५७८,४०३.०० | ५६३,०९९.०० |
| प्रकाशन तथा छपाई | १,०९२,४१९.०० | ८८३,४९४.०० |
| बीमा खर्च | ६२३,८०३.३२ | ४३७,३२५.५२ |
| सञ्चार खर्च | ३५६,२६७.१८ | ४०८,९१६.०० |
| ज्याला | ७०,५००.०० | ९६,०७१.०० |
| अतिथि सत्कार तथा चिया खाजा | ४०३,२६१.०० | १८०,५४७.०० |
| कानूनी तथा अन्य परामर्श शुल्क | ३७८,९४०.०० | - |
| नवीकरण तथा दर्ता | १४७,१३९.०० | १५४,९४९.०० |
| बाह्य लेखा परीक्षण शुल्क | १६९,५००.०० | १५०,०००.०० |
| आन्तरिक लेखापरीक्षण शुल्क | ३२६,०००.०० | |
| धितो निरीक्षण तथा मुल्यांकन खर्च | ०.०० | १४८,९००.०० |
| लघुवित्त हित कोष | ०.०० | - |
| परिवहन तथा दैनिक भ्रमण खर्च | ०.०० | - |
| सूचना प्रकाशन | ३१,९३७.०० | १७६,७१६.०० |
| सरसफाइ खर्च | ७४,७०४.०० | ७०,३१०.०० |
| सहयोग तथा चन्दा | ११,०००.०० | ५८,४१०.०० |
| पत्रपत्रिका खर्च | ३१,३०४.०१ | २५,७८८.०० |
| बैंक चार्ज | २०,०२४.०० | १७,११४.०० |
| लेखापरीक्षण खर्च | २७,६००.०० | ४,०८०.०० |
| कार्यालय चिया तथा खाजा खर्च | ७६,७८१.०० | १२८,८३८.०० |
| नखप्ने सामान | ११९,२००.०० | ५२,३३७.०० |
| अन्य सञ्चालन खर्च | ७,०२८,०८५.०० | ६,९७५,६६७.०० |
| साधारण सभा खर्च | ६,२७२,६४१.०० | ५,९४०,३८३.०० |
| योजना तथा कार्यशाला | ४७५,३६४.०० | ५३३,९५८.०० |
| तालिम खर्च | ५३,२००.०० | २,५००.०० |
| बाह्य ऋणमा सेवा शुल्क | - | ४६,५००.०० |
| कार्यालय पूजा खर्च | १६,०७५.०० | २४,०४०.०० |
| सेवाकेन्द्र उद्‌घाटन समारोह खर्च | - | १७५,७१६.०० |
| वार्षिक कार्यक्रम खर्च | - | ४१,१३०.०० |
| लघुवित्त हित कोष खर्च | ४०,७००.०० | ११९,१५५.०० |
| कोभिड १९ सुरक्षा तथा शतर्कता | - | १६,३३५.०० |
| रक्तदान कार्यक्रम खर्च | १०६,०००.०० | १६,२७५.०० |
| एक्सेस ब्रान्डिङ्ग शुल्क | ६४,१०५.०० | ५९,६७५.०० |
| मर्मत सम्भार खर्च | १,२७४,०७४.५२ | १,५४३,५७४.०० |
| अन्य मर्मत सम्भार खर्च | ७०४,६५९.९८ | ८६१,८०८.०० |
| वार्षिक मर्मत सम्भार खर्च | ५६९,४१४.५४ | ६८१,७६६.०० |
| **जम्मा** | **१६,८४१,८२०.९८** | **१५,८८२,१०७.१४** |

## ४.२८ ह्रासकट्टी र परिशोधन (Depreciation & Amortization)

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| सम्पत्ति तथा सामग्रीमा ह्रासकट्टी | ६,१३५,०९५.९८ | ५,४६८,६६८.०२ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी | - | - |
| अमुर्त सम्पत्तिको परिशोधन | ७७,८६०.१२ | ७२,८२९.३० |
| **जम्मा** | **६,२१२,९५६.१०** | **५,५४१,४९७.३२** |

## ४.२९ गैर सञ्चालन आम्दानी

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| घर भाडा आम्दानी | २,२७८,१३०.०० | १,८५१,३०७.०० |
| एम्बुलेन्स सञ्चालन आम्दानी | १,२३४,४७०.०० | १,३४८,५६०.०० |
| भ्यान सञ्चालन आम्दानी | ४०८,१८५.०० | ३४८,२७०.०० |
| शवबाहन सञ्चालन आम्दानी | ३५१,०३५.०० | ३६९,६१०.०० |
| सामान बिक्रीबाट आम्दानी | ४९,०००.०० | - |
| **जम्मा** | **४,३२०,८२०.००** | **३,९१७,७४७.००** |

## ४.३० गैर सञ्चालन खर्च

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| स्थिर सम्पत्ति बिक्रीबाट नोक्सानी | | २५८,७०९.०६ |
| पट्टा दायित्व समायोजन खर्च | ६१,३१०.४९ | - |
| पूनर्सरचना खर्च | - | - |
| अन्य खर्च | - | - |
| **जम्मा** | **६१,३१०.४९** | **२५८,७०९.०६** |

## ४.३१ आयकर खर्च

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| **चालु कर खर्च** | **१,३८४,१३५.३८** | **६,५९४,९८९.७४** |
| यस वर्ष | १,३३४,१७७.२३ | ६,५९४,९८९.७४ |
| पछिल्लो वर्षहरूको समायोजन | ४९,९५८.१५ | - |
| **स्थगन कर खर्च** | **(९६,१९१.९९)** | **(३२६,०६७.६४)** |
| अल्पकालिन भिन्नताहरूको शुरूवात र रिभर्सल | ५५८,८१८.१८ | (३२६,०६७.६४) |
| कर दरमा परिवर्तन | (६५५,०१०.१७) | - |
| पहिले लेखांकन नगरिएको कर घाटा | - | - |
| **जम्मा आयकर खर्च** | **१,२८७,९४३.३९** | **६,२६८,९२२.१०** |

## ४.३१.१ कर खर्च र लेखांकन नाफाको मिलान

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| कर अघिको नाफा | १४,८४६,२०८.९८ | ५६,७९९,८४३.८२ |
| कर ५ प्रतिशतको दरले | ७४२,३१०.४५ | ५,६७९,९८४.३८ |
| जोड्नेः करको निम्ति घटाउन नमिल्ने खर्चहरूले करमा पर्ने असर | ३६२,४२६.९१ | ७३३,९७७.०६ |
| घटाउनेः करको निम्ति घटाउन मिल्ने खर्चहरूले करमा पर्ने असर | -४०३०५५.८६८५ | (७४८,३५५.६२) |
| घटाउनेः छुट आम्दानीमा करको असर | -१६२२८९.८५१ | (२१७,८००.००) |
| जोड्नेः छुट नहुने आम्दानीमा करको असर | ७९४७८५.६ | १,१४७,१८३.९१ |
| घटाउनेः अल्या गरिएको नोक्सानीमा करको असर | | - |
| जम्मा आय कर खर्च | १,३३४,१७७.२३ | ६,५९४,९८९.७४ |
| **प्रभावकारी कर दर** | **८.९९%** | **११.६१%** |

**सुमित्रा त्रिपाठी**
बरिष्ठ अधिकृत

**कृष्णकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**शरद कुँवर**
सहसचिव

**मिनाकुमारी पाठक**
कोषाध्यक्ष

**अज्युतकुमार कार्की**
सचिव

**हरिहर सिग्देल**
उपाध्यक्ष

**योगेन्द्रकुमार कुँवर**
अध्यक्ष

**सिए. विनय फुयाल**
पि. विनय एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि नगरपालिका वडा नं. ७, थानकोट, महादेवस्थान, काठमाडौं

२०८० साल आषाढ मसान्तको

## वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरू

**१. सामान्य जानकारीः**

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि २०५७ साल पौष २७ गते स्थापना भई २०५८ साल वैशाख ६ गते सहकारी ऐन २०४८ अनुसार साविक डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता भएको संस्था हो । काठमाडौंको पश्चिम तर्फ रहेको चन्द्रागिरि पहाडको उत्तरी काखमा अवस्थित यस संस्था तत्कालिन महादेवस्थान गा.वि.स. तथा यसका आसपासका २५ जना किसान, विभिन्न पेशासँग आवद्ध तथा सामाजिक अभियन्ताहरू मिली स्थापना गरिएको थियो । स्थापना गर्दा यसको नाम चन्द्रागिरि ग्रामीण विकास सहकारी संस्था लि. रहेको थियो । यसले मिति २०५८ बैशाख १३ गतेदेखि औपचारिक कारोवार प्रारम्भ गरेको थियो । सुरूदेखि नै समुदायमा आधारित रहेर सञ्चालन भएको यस संस्थाको मुख्य कार्यालय चन्द्रागिरि न.पा. वडा नं ७ थानकोट महादेवस्थानमा अवस्थित छ भने चन्द्रागिरि न.पा. १२, सृजनाचोकमा दहचोक सेवाकेन्द्र र ललितपुर महानगरपालिका वडा नं १४ मा शुभतारा सेवाकेन्द रहेका छन् । संस्थाले सदस्यहरूलाई बचत, ऋण, सामाजिक सुरक्षा, डिजिटल बैंकिङ्ग सेवा र अन्य सेवाहरूको साथमा विभिन्न सुविधाहरू प्रदान गर्दै आइरहेको छ । यस संस्थाको दर्ता नं. ७२४/०५७/०५८ र स्थायी लेखा नं. (PAN) ३०१९५२८०४ रहेको छ ।

**१.१ आवद्धताः**

यस संस्था सहकारी अभियानको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छाता संघ संस्थाहरूमा आवद्ध रहेको छ । संस्था आवद्ध रहेको संघ संस्थाको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.स. | आवद्ध रहेको संघ/संस्था | कैफियत |
|---|---|---|
| १ | एशियाली ऋण महासंघ (ACCU) | Supporter Member |
| २ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कून) लि. | |
| ३ | राष्ट्रिय सहकारी बैंक लि. | |
| ४ | बागमती प्रदेश सहकारी संघ लि. | |
| ५ | बागमती प्रोस्कुन लि. | |
| ६ | जिल्ला सहकारी संघ लि. काठमाडौं लि. | |
| ७ | काठमाडौं बचत तथा ऋण सहकारी संघ लि. | |
| ८ | सम्मृद्धि आवास विशिष्टीकृत सहकारी संघ लि. | |
| ९ | महामञ्जुश्री आवास तथा हाउजिङ विशिष्टीकृत सहकारी संघ लि. | |

**१.२. सम्मान तथा पुरस्कारः**

यस संस्थाले हालसम्म विभिन्न निकायहरूबाट तपसिल अनुसारका पुरस्कार तथा सम्मान प्राप्त गरेको छ ।

| क्र.स. | सम्मान तथा पुरस्कार | सम्मान/पुरस्कार प्रदान गर्ने संघ संस्था/निकाय |
|---|---|---|
| १ | उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) पुरस्कार, २०८० | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि. (नेफ्स्कून) |
| २ | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७६ | राष्ट्रिय सहकारी महासंघ |
| ३ | नेफ्स्कून प्रशंसा पुरस्कार, २०७८ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि. |

| | | |
|---|---|---|
| ४ | उत्कृष्ट उत्कृष्ट साकोस सम्मान, २०७७ | काठमाडौं बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (कास्कुन) |
| ५ | सर्वोत्कृष्ट बचत र नवीकरण शुल्क सम्मान, २०७६ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि. |
| ६ | शाखा स्तरीय उत्कृष्ट कारोवार सम्मान २०७९ | राष्ट्रिय सहकारी बैंक |
| ७ | उत्कृष्ट संस्था सम्मान, २०७२ | ५९ औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |
| ८ | उत्कृष्ट संस्था सम्मान, २०६७ | ५४ औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |

## १.३. सक्रिय सदस्य विवरणः

| विवरण | २०८० असार मसान्त | २०७९ असार मसान्त | २०७८ असार मसान्त |
|---|---|---|---|
| महिला सदस्य | १०,९८२ | ९,७४९ | ८,८२५ |
| पुरूष सदस्य | ६,५७१ | ६,०४३ | ५,३१६ |
| संस्थागत सदस्य | ८७ | ९२ | ७९ |
| **जम्मा** | **१७,६४०** | **१५,८८४** | **१४,२२०** |

## २. लेखांकनका आधारः

## २.१. अनुपालन सम्बन्धी उद्घोषणः

संस्थाको आर्थिक वर्ष २०७९/८० को वार्षिक वित्तीय विवरणहरू नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal- ASBN) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal - ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएको नेपाल वित्तीय प्रतिवेदन मानमा (Nepal Financial Reporting Standard-NFRS) भएका व्यवस्था अनुसार पहिलो पटक तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरू संघीय सहकारी ऐन २०७४, संघीय सहकारी नियमावली २०७५ त्यसैगरी बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली २०७६ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशनहरूका अधिनमा रही तयार पारिएका छन् ।

उक्त वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरू बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

### २.१.१ Reporting Pronouncement:

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अन्तर्राष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) जारी गरेको हो । नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा NFRS बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरू पहिलो पटक नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएका छन् ।

यसरी नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७९/८० को वार्षिक विवरणहरू तथा सो सँग तुलनात्मक रूपमा एकरूपता ल्याउन मिति २०७८/०४/०१ र २०७९/०३/३२ का वित्तीय विवरणहरू सोही प्रावधान बमोजिम पुनर्लेखन तथा पुनवर्गीकरण गरिएका तथा सोही मितिमा अगाडिको Generally Accepted Accounting Principles (GAAP) बमोजिम तयार गरिएका वित्तीय विवरणहरूसँग तुलनात्मक विवरण बुँदा नं ५.७ मा प्रस्तुत गरिएको छ ।

### २.१.२ नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्थाः

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लिखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरूको लागि मात्र व्यवस्था गरिएता पनि यस सहकारी संस्थाले व्यवहारिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल

वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ ।

(क) NFRS 9- **वित्तीय उपकरणः पहिचान, लेखांकन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी):**
NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋणनोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं २/०७७ बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखांकन गर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमनभन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी विभागद्वारा जारी एकीकृत निर्देशनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखांकन गरेको छ ।

(ख) NFRS 9 - **वित्तीय उपकरण - पहिचान तथा मापन (समायोजित ब्याजदर** - Effective Interest rate **सम्बन्धी):**
NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋणलगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याजदर (Effective Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिनेछ । वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखांकनको लागि समायोजित ब्याजदरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखांकनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखांकन गर्न सकिने छ । सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

२.१.३. **प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृतिः**
संस्थाले नेपाली क्यालेण्डर अनुसार नेपाली आर्थिक वर्षको शुरूवात २०७९ श्रावण १ गते र अन्त्य २०८० असार ३१ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ । संस्थाको सञ्चालक समितिले आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरण २०८०/०६/०८ गतेका दिन पारित गरेको साथै शेयरधनी सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिश गरिएको छ ।

२.२. **वित्तीय विवरणको उत्तरदायित्वः**
संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरे बमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरू समावेश गरिएका छन् ।

(क) संस्थाको आषाढ मसान्त, २०८० मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संस्थाको आर्थिक वर्ष २०७९/८० को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०७९/८० मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity), तथा

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरू र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरू समेटिएको लेखा सम्बन्धी टिप्पणीहरू ।

**२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्राः**

वित्तीय विवरणहरू संस्थाको कार्यात्मक मुद्रा नेपाली रूपैयाँमा प्रस्तुत गरिएको छ । वित्तीय स्थितिमा सम्पत्ति र दायित्वलाई तरलताको क्रममा प्रस्तुत गरिएको छ । विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई तिनका प्रकृतिका आधारमा वर्गीकरण गरिएको छ । अंकहरू निकटतम रूपैयाँमा परिणत गरी देखाइएको छ । यसले गर्दा हरेक अंकहरूको योग प्रस्तुत गरिएको योगफलसँग अलग हुन सक्दछ । यस बाहेक सबै प्रतिशतहरूलाई Rounding off गरी प्रस्तुत गरिएको छ ।

**२.४. महत्वपूर्ण लेखांकन निर्णय र अनुमानः**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरूलाई आधार बनाइएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मुल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गीकरण (Classification of Investment Property)

**२.४.१ वित्तीय उपकरणको बजार मुल्य निर्धारण (Fair Value of Financial Instrument):**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मुल्य निर्धारण बुँदा नं ५.१ मा उल्लिखित मुल्यांकन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मुल्यांकन विधि तथा Statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Asset and Liabilities):**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुति र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मुल्य मध्ये कुनै एकमा आधारित मुल्यांकन विधिका अनुसार गरी निम्न वर्गहरूमा वर्गीकृत गरिएको छ :

- Amortized Cost (परीशोधित मुल्य) मा वर्गीकरण गरिएको,
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको,

- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएको

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मुल्यांकन र लेखांकन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुति तथा मुल्यांकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ ।

**२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets):**

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिम वा NFRS 9 को Para 5.5 को 'Expected Credit Model' मध्ये जुन रकम बढी हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याइएको छ ।

NFRS 9 को Para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरूमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरू अवलम्बन गरेको छ :

- नोक्सानी व्यवस्था मुल्यांकनको लागि उपयुक्त पद्धतिको छनौट
- एकल रूपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- नोक्सानी व्यवस्थाको मुल्यांकन गर्ने प्रश्नहरू
- भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरूलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको

नोक्सानी व्यवस्थाको मुल्यांकनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मुल्यांकनको अभिन्न अंग हुन्छ र यसरी मुल्यांकन गर्दा व्यवस्थापनले उपलब्ध तथ्यांक औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

सहकारीको वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्था सम्बन्धी विवरण लेखा नीतिको बुँदा ३.४.८ मा प्रस्तुत गरिएको छ ।

**२.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था:**

सहकारीले आवधिक रूपमा गैर वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्थाको परीक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मुल्यमा ल्याई "Value in Use" मापन गर्नुपर्ने हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१९ मा प्रस्तुत गरिएको छ ।

**२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि:**

सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रूपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मुल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

**२.४.६ कर तथा स्थगन कर:**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

**(क) चालु कर:**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु

पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**(ख) स्थगन करः**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानूनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रूपमा लेखांकन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वंसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन ।

**२.४.७ सम्भावित दायित्वको लागि व्यवस्थाः**

सम्भावित दायित्वहरूमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरू जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरूले निर्क्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएको दायित्वहरू पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा,
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको,
- यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१८ मा प्रस्तुत गरिएको छ ।

**२.४.८ लगानी सम्पत्तिको वर्गीकरणः**

कुनै सम्पत्ति लगानी सम्पत्तिको रूपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रूपले प्रयोग गर्न मापदण्डहरूको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पुँजीको मुल्य वृद्धिको लागि राखिएको छ वा दुवै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरू भन्दा स्वतन्त्र रूपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रूपमा वर्गीकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन सञ्चालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रूपमा प्रत्यक्ष नगद प्रवाहहरू उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रूपमा वर्गीकरण गरिन्छ । सहकारीले वार्षिक रूपमा आफ्ना सम्पत्तिहरूको वर्तमान उपयोगलाई ध्यानमा राखी सम्पत्तिको वर्गीकरण गर्दछ ।

**२.५ लेखा नीतिमा परिवर्तनः**

संलग्न वित्तीय प्रतिवेदनहरू पहिलो पटक NFRS को अनुपालनमा बनाईएका वार्षिक वित्तीय प्रतिवेदनहरू हुन् । पहिलो पटक NFRS बमोजिम वित्तीय प्रतिवेदनहरू तयार गर्दा NFRS 1 मा भएको व्यवस्था बमोजिम विगतमा NFRS लागु हुनु अघिको GAAP बमोजिम तयार गरिएका वित्तीय विवरणहरूलाई NFRS अनुसार पूनरलेखन गर्नु पर्दा सो को वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरणमा पर्न जाने प्रभावको बारे बुँदा नं ५.७ मा प्रस्तुत गरिएको छ ।

**२.६ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरूः**

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण

लेखांकन, मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटिकरण लागू गरिएको छ । वित्तीय उपकरणहरूको वर्गीकरणको लागि NFRS 9 अनुपालना गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषणपछि IASB बाट केही नयाँ लेखामान र वर्तमान लेखामानमा संशोधन र व्याख्या जारी भएको छ । IASB नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी प्रावधानहरू लागू गरिएको छ । ICAN ले NFRS 2018 घोषणा गरी लागू गरेको छ ।

**२.७ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern):**

सहकारीको व्यवस्थापनले सहकारी संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मुल्यांकन गर्दा सहकारी संस्था अविछिन्न रूपमा सञ्चालन हुन सक्ने पाइएको छ । साथै व्यवस्थापनले सहकारीको अविछिन्न रूपमा सञ्चालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था ल्याएको पाइएको छैन । तसर्थ वित्तीय विवरण संस्थाको निरन्तरता र अविछन्नतामा आधारित रहेर वित्तीय विवरणहरू तयार पारिएको छ ।

**२.८ तुलनात्मक जानकारी**

लेखा नीतिहरू सबै अवधिमा समान रूपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरूलाई आवश्यकता अनुसार पुनवर्गीकरण गरिएका छन् ।

**२.९ वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरू**

आर्थिक वर्षको अन्त्यदेखि वार्षिक वित्तीय विवरण (मिति आषाढ ३१, २०८० को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरू) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधिमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरूलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरू भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 “Events after reporting date” भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

**३ प्रमुख लेखा नीतिहरू**

**३.१ मापनको आधार**

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ :

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्विटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मुल्यमा मापन गरिएको छ ।
- परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको आधारमा मापन गरिएको छ ।

**३.२ व्यवसाय प्राप्ति र साखः**

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम “Acquisition Method” अनुसार लेखांकन गरिएको छ :

उक्त Acquisition Method को लागिः

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनुपर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनुपर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनुपर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनुपर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखांकनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रूपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । NFRS 3 को उक्त प्रावधानहरू सहकारीको पहिलो पटक NFRS बमोजिमको वित्तीय विवरण बनाएको मिति पश्चातका व्यवसाय प्राप्ति गर्दा मात्र लागु हुने हुँदा, सहकारीले प्रस्तुत वित्तीय विवरणहरू बनाउनु भन्दा पहिले गरिएका कुनै पनि व्यवसाय प्राप्तिका कारोवारहरूमा भएका कुनै पनि साख वा प्राप्ति गर्दाको लाभलाई मापन तथा लेखांकन गरेको छैन ।

**३.३ नगद र नगद समान:**

नगद र नगद समान भन्नाले खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेसमेन्टलाई जनाउँदछ । प्रतिवन्धित मौज्दातलाई नगद र नगद समान समावेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line Item) प्रस्तुत गरिएको छ ।

**३.४ वित्तीय सम्पत्ति तथा दायित्व**

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्विटी उपकरणको स्वामित्वबाट सिर्जित सम्पत्ति वित्तीय सम्पत्ति अन्तर्गत पर्दछ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा इक्विटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋण लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

**३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मिति**

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रूपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

**३.४.२ वित्तीय उपकरणको शुरूवाती पहिचान तथा मापन**

सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरू सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मुल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मुल्यमा मापन गरिएको छ ।

**३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चातको मापन**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भइसके पश्चात सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । शुरूवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- परिशोधित मुल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति ।
- बजार मुल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति ।

उक्त वर्गीकरण तथा तत्पश्चातको मापन निम्न दुई मापदण्डहरूको आधारमा गरिन्छ :

- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model) ।
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति ।

**३.४.३.१ परिशोधित मुल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति**

निम्न लिखित दुवै मापदण्डहरू पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मुल्यमा वर्गीकरण गरी मापन गरिन्छ ।

१. **Business Model परीक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्देश्य भएको ।

२. **नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षणः**

सम्झौता गरिएको शर्त नामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परीक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सबै ऋणपत्र उपकरणहरू (Debt Instrument) प्रभावकारी ब्याजदर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मुल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षीण हुँदा वा बजार मुल्यमा पुनर्वर्गीकृत हुँदा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**३.४.३.२ बजार मुल्यमा** (Fair Value) **मापन गरिएका वित्तीय सम्पत्ति**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरू बजार मुल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मुल्य भित्र निम्न दुई उपवर्ग रहेका छन् :

१. नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूको आवधिक मुल्यांकन गरिन्छ तथा यसरी मुल्यांकन गर्दा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ ।

**३.४.३.३ अन्य विस्तृत आयमा बजार मुल्य समायोजन हुने प्रकृतिको इक्विटी शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्ति (FVTOCI)**

छोटो समयमा खरिद बिक्री गरी फाइदा आर्जन गर्ने उद्देश्य राखी लगानी गरिएका बाहेक इक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गीकृत इक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा

नोक्सान खातामा देखाउने गरिन्छ । यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनमुल्यांकन गर्दा बजार मुल्यमा भएको परिवर्तनले हुने फाइदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धीको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई भ्त्रगष्तथ मा भएको परिर्वतन सम्बन्धीको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये बिक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व. को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ । तथापि सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ । अन्य विस्तृत आयमा बजार मुल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

**३.४.४ वित्तीय दायित्वको वर्गीकरण तथा मापन**

NFRS 9 – "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरूलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

- नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व ।
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व ।

**३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूको आवधिक मुल्यांकन गरिन्छ तथा यसरी मुल्यांकन गर्दा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

**३.४.४.२ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । शुरूवाती मापन पश्चात परिषोधित लागतमा लेखांकन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाइदा वा घाटालाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पुनवर्गीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको पुनवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पुनवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यवसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित सम्पत्तिलाई पुनवर्गीकरण गर्न बन्देज लगाएको छ । व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पुनवर्गीकरण गर्नु जरूरी देखिएमा यस्तो पुनवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरू सो पुनवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पुनर्लेखन गरिँदैन । कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पनवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मुल्यमा मापन र

लेखांकन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मुल्य र पुनवर्गीकरण गर्दाको बजार मुल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

**३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग**

**३.४.६.१ वित्तीय सम्पत्तिको निसर्ग**

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछः

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मुल्य र सो निसर्गबाट प्राप्त मुल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाइदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**३.४.६.२ वित्तीय दायित्वको निसर्गः**

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरू समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मुल्य र निसर्ग हुँदा तिरेको मुल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण**

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासलातको मितिको बिड (bid) अथवा प्रस्तावित अन्तिम मुल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरूको फेयर भ्यालु विभिन्न मुल्य निर्धारण विधिहरू (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरूलाई चाहिने निवेशहरू (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्यांकबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मुल्य निर्धारण विधिहरूको प्रयोग गरी मापन गरिन्छ । यस प्रक्रिया अन्तर्गत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट" (छुट) गर्नु पर्दछ । यी उपकरणहरूको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट (बजार) तथ्यांकको धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरू (assumptions) अन्तर्गत मानहरू पनि महत्वपूर्ण रूपले (significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ ।

**स्तर–१** :- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मुल्यहरू (Unadjusted) ।

**स्तर–२** :- अवलोकन योग्य निवेशहरू (observable inputs) को आधारमा या त सिधै (मुल्यको रूपमा) वा अप्रत्यक्ष रूपमा (मुल्यबाट प्राप्त) मुल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरूको मुल्य निम्न तरिकाहरू प्रयोग गरी निर्धारण गरिन्छ :

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मुल्य वा

(ख) सक्रिय बजारभन्दा कम मानिने बजारहरूमा समान उपकरणका लागि उद्धृत मुल्य वा

(ग) अन्य मुल्य निर्धारण विधिहरू जहाँ सबै महत्वपूर्ण निवेशहरू (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बजार तथ्यांकबाट निरीक्षण गर्न सकिन्छ ।

**स्तर-३ :-** निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरू (signficant unobservable inputs) प्रयोग गरिने मुल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत समान उपकरणहरूको उद्धृत मुल्यलाई आधार मानी मुल्य निर्धारण गरिने उपकरणहरू पर्दछन् । यसरी मुल्यांकन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (significant unobservable adjustments) वा धारणाहरू (assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मुल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

### ३.४.८ वित्तीय सम्पत्तिमा हुने नोक्सानी

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरूको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरू यस प्रकार रहेका छन्:

- खराब वित्तीय अवस्था ।
- सम्झौताका शर्तहरूको उल्लंघन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता ।
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका ।
- वित्तीय सम्पत्तिबाट शुरूवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहभन्दा हाल गरिएको आंकलन कम भएमा ।

### ३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मुल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखांकन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले Discounting गर्दा हुन आउने रकमबिचको फरकलाई जनाइन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मुल्यबाट उक्त नोक्सानी वरावरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ । नोक्सानी व्यवस्था गर्नुपर्ने भनी उजागर गर्ने प्रमाणहरूले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मुल्यलाई फिर्ता भए वरावरको रकमले बढाएर देखाइन्छ ।

### ३.४.८.२ एकल ऋणको नोक्सानी व्यवस्था:

एकल रूपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरूलाई मध्यनजर गरिएको हुन्छः

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम ।
- सदस्यको व्यापार व्यवसायको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता ।
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति ।

- धितोबाट उठ्न सक्ने अनुमानित रकम ।

**३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्थाः**

उस्तै प्रकृतिका ऋणहरूलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन सांख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा विगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरूलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रूपमा पुनरावलोकन गर्ने गरिन्छ ।

**३.४.८.४ पुनरसंरचना र पुनर्तालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्थाः**

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पुनरतालिकीकरण अथवा पुनसंरचना गरिएको हुन्छ । यसरी पुनर्तालिकीकरण वा पुनर्संरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको शुरूवातको समायोजित ब्याजदर कै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रूपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रूपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

**३.४.८.५ NFRS 9 - वित्तीय उपकरण – पहिचान, लेखांकन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२ (क) मा प्रस्तुत गरिएको वैकल्पिक व्यवस्थाको उपयोग गरिएको छ । तद अनुरूप, संस्थाले कर्जा लगानीमा रू. ८,४०,००,१०० कर्जा नोक्सानी व्यवस्था गरेको छ जुन NFRS 9 को para 63 अनुसार रू. ४५,६८१,०३८.०१ मात्र हुन आउँछ । दुवै व्यवस्था अनुसारको नोक्सानी व्यवस्थाको विवरण यस प्रकार छ ।

| कर्जा नोक्सानी व्यवस्था | ३१ आषाढ २०८० | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|---|
| कर्जा जोखिम व्यवस्था गरिएको | ८४,०००,१०० | ४३,५२३,७१५.२६ | ३२,१०५,२५७.७१ |
| NFRS 9 को अनुसूची ६३ बमोजिम | ४५,६८१,०३८.०१ | ४३,०५४,१८१.१८ | ३१,४७२,१७९.६५ |
| एकीकृत निर्देशनको बुँदा नं २५ बमोजिम | १२७,३५७,४९८ | १३१,७०८,६५१.२५ | १८७,९२६,९२९.९९ |

**३.४.९ प्रचलित ब्याजदरभन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी :**

संस्थाले आफ्ना कर्मचारीहरूलाई मानव संशाधन व्यवस्थापन नीतिको प्रावधानभित्र रही सहुलियत ब्याजदर मा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भुक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याजदरले Discounting गरी सो ऋणको बजार मुल्य निर्धारण गरिन्छ । ऋणको शुरूवाती Transaction Price तथा उक्त बजार मुल्यको फरक कर्मचारी सुविधाको रूपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रूपमा Amortized Cost मा मापन गर्ने गरी लेखांकन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मुल्यमा समायोजित ब्याजदर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रूपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखांकन गरिएको छ ।

**३.४.१० Amortized Cost को मापन**

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रूपमा सो को शुरूवाती किताबी मुल्यमा साँवा

भुक्तानीको रकम, सञ्चित परिशोधन खर्च तथा सञ्चित नोक्सानी व्यवस्थाको रकम समायोजन गरेपछिको रकमलाई जनाइन्छ । कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मुल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मुल्य वरावर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याजदरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

**३.५ लगानी सम्पत्ति (Investment Properties)**

NFRS 16 (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS 5 (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको सञ्चालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुवै लगानी सम्पत्ति हुन् । हाल संस्थामा कुनै प्रकारको लगानी सम्पत्ति रहेको छैन ।

**३.६ सम्पत्ति तथा उपकरण**

सम्पत्ति तथा उपकरणहरू एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरूको पहिचान, मापन तथा लेखांकन गर्ने गरेको छ । संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरूको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

**३.६.१ पहिचानको आधार**

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले रू. ३,००० सम्म मुल्य पर्ने सम्पत्तिहरूलाई पुँजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ । संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार आर.ओ.यू. सम्पत्ति लाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ ।

**३.६.२ मापनको आधार**

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखांकन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पुँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रूपमा लेखांकन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरूलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**३.६.३ लागत मोडल (Cost Model)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई "लागत Model" मा लेखांकन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

**३.६.४ पुनर्मुल्यांकन मोडल (Revaluation Model)**

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पुनर्मुल्यांकन Model अपनाएको छैन ।

**३.६.५ निसर्ग (Derecognition)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मुल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.६.६ पुँजीकृत नगरिएका स्थिर सम्पत्ति**

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शीर्षक अन्तर्गत देखाइन्छ । यस्ता खर्चहरूलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शीर्षकबाट स्थिर सम्पत्तिको लागतको रूपमा रकमान्तर गरी पुँजीकृत गरिन्छ ।

**३.६.७ ह्रासकट्टी**

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| भवन | ५० वर्ष |
| कम्प्युटर तथा अन्य सामग्री | ५ वर्ष |
| कार्यालय उपकरण | १० वर्ष |
| परिवहन साधन | २० वर्ष |
| फर्निचर तथा फिक्सर | १० वर्ष |
| अन्य सम्पत्ति | ५ वर्ष |
| आर.ओ.यू सम्पत्ति | पट्टाको अवधि |
| लीज होल्ड सम्पत्ति | पट्टाको अवधि |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा बिक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मुल्य (Residual Value) को आवधिक रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

**३.६.८ अनुमानमा परिवर्तन**

सम्पत्तिको बाँकी रहने मुल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरू समय सापेक्ष राख्न नियमित रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

**३.७ साख तथा अभौतिक सम्पत्ति लेखांकन:**

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखांकन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मुल्यलाई विश्वसनीय ढङ्गले मुल्यांकन गर्न सकिन्छ । शुरूमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखांकन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित

खर्च जुन अगाडिकै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखांकन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरूलाई अमूर्त सम्पत्तिको रूपमा पुँजीकरण गरिदैन ।

**३.७.१ साख (Goodwill)**

व्यापार संयोजन गर्दाको साख भन्नाले अर्को संस्था प्राप्तिको लागि तिरेको मुल्य, नियन्त्रणमा नभएको शेयर स्वामित्व (Non Controlling Interest) तथा यसरी प्राप्ति गर्नु अगाडिको शेयर स्वामित्व को योगफलबाट उक्त प्राप्ति गर्न लागेको संस्थाको खुद जायजेथा घटाएपछि आउने रकमलाई जनाउँछ । साखलाई सोको लागत मुल्यबाट सोमा भएको सञ्चित क्षयीकरण नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिएको हुन्छ । साख आवंटित गरिएको नगद उत्पादक इकाईको तलका दुवै अवस्थामा हानीको परीक्षण गर्ने गरिन्छ ।

- वार्षिक अथवा
- हानीको कुनै संकेत भेटिएमा

साखको क्षयीकरण नोक्सानीको मापन गर्न साख सहित नगद उत्पादक इकाईको प्राप्ति योग्य रकमसँग इकाईको किताबी मुल्यसँग तुलना गरी गर्ने गरिन्छ । यसरी तुलना गर्दा यदि इकाईको प्राप्ति योग्य रकम इकाईको किताबी मुल्य भन्दा बढी भएको अवस्थामा साखमा क्षयीकरणको पहिचान गरिछ । प्राप्ति योग्य रकम भन्नाले कुनै पनि सम्पत्ति वा नगद उत्पादक इकाईको उचित मुल्य रहित लागत को निपटान (Fair Value less cost to sell) र उपयोग को मुल्य मध्ये जुन बढी हुन्छ त्यसलाई मान्ने गरिन्छ । प्रस्तुत वित्तीय विवरणमा कुनै प्रकारको साखको लेखांकन गरिएको छैन ।

**३.७.२ अभौतिक सम्पत्तिः**

अभौतिक सम्पत्तिको लेखांकनको लागि संस्थाले NAS 38 को प्रावधानलाई अपनाएको छ । संस्थाले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखांकन गर्ने गरेको छ :

- लागतको मापन गर्न सकिने भएको ।
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएमा ।
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएमा ।

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयरलाई अमुर्त सम्पत्तिको रूपमा लेखांकन गरिएको छ ।

**३.७.३ कम्प्युटर सफ्टवेयर**

कम्प्युटर सफ्टवेयरलाई सो को लागतबाट सञ्चित क्षयीकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रूपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ ।

**३.७.४ अभौतिक सम्पत्तिको निसर्ग**

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मुल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.७.५ अमुर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी**

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख (Goodwill) बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्धति (Straight

Line Basis) अनुसार परिशोधन गरिएको छ । अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधिपछिको कायम रहने बाँकी मुल्यलाई हरेक आर्थिक वर्ष पुनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ । संस्थाले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक सम्पत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा राखेको छ ।

| अभौतिक सम्पत्तिको वर्ग | अनुमानित उपयोग अवधि |
|---|---|
| सफ्टवेयर | ५ वर्ष |

**३.८ आयकरः**

संस्थाले आयकर लेखांकन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धिको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोवारमा सृजित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ । चालु आयकर सम्बन्धी थप जानकारी बुँदा नं ४.३१ मा तथा स्थगन कर सम्बन्धीको थप जानकारी बुँदा नं ४.९ मा प्रस्तुत गरिएको छ ।

**३.८.१ वित्तीय विवरण अवधिको कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर कर सम्बन्धी कानून बमोजिम वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ । आ.व २०७९/८० देखि संस्थाले आयकर ऐनमा व्यवस्था भए बमोजिम नगरपालिका क्षेत्रमा सञ्चालित आफ्नो कारोवारको आम्दानीमा नगरपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थालाई लागु हुने प्रचलित आयकर दरको हिसाबले आयकर व्यवस्था गर्ने र महानगरपालिकमा सञ्चालित आफ्नो कारोवारको आम्दानीमा महानगरपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थालाई लागु हुने प्रचलित आयकर दरको हिसाबले आयकर व्यवस्था गरिएको छ ।

**३.८.२ स्थगन करः**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रूपमा लेखांकन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को लेखांकन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ । यस कारण आर्थिक वर्ष २०७९/८० को लागि यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागू हुने परिर्वतित आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

संस्थाको नीति अनुसार स्थगन कर कोषमा कुल स्थगन कर सम्पत्तिको हिसाब वरावरको रकम छुट्याइएको छ ।

### ३.९ पट्टा दायित्वः

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखांकन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रूपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मुल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अन्तर्निहित सम्पत्ति कम मुल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधिभर समदर गणना विधि (Straight Line Basis) अनुसार गरिएको छ भने अन्य पट्टाहरूको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रूपमा लेखांकन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण ४.७ अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

#### पहिचान

पट्टाको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ । NFRS 16 अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरूको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरूको लागि पट्टा अवधि भरी आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

छुटको सुविधा लिन सकिने पट्टाहरू :

- छोटो अवधि (१२ महिनाभन्दा कम) वा ।
- अन्तर्निहित सम्पत्तिको मुल्य कम भएको ।

संस्थाले आर्थिक वर्ष २०७८/७९ मा रू १,२८,७०० वरावरको छोटो अवधि (१२ महिनाभन्दा कम) को पट्टामा तिरेको भुक्तानीलाई सिधै अन्य सञ्चालन खर्च अन्तर्गत प्रस्तुत गरेको छ ।

#### प्रारम्भिक मापन

#### पट्टा दायित्वको मापन

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधिभरि भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टामा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मुल्यमा मापन गर्नुपर्छ ।

संस्थाले पट्टेदारको वृद्धिशील उधार दर १० प्रतिशतको दरले पट्टा दायित्वको मापन गरेको छ ।

#### आर.ओ.यू सम्पत्ति

आर.ओ.यू सम्पत्तिलाई शुरूमा लागतमा लेखांकन गरिन्छ । आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरू जोडिएका हुन्छन् ।

- आर.ओ.यू सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्ने, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी – प्राप्त पट्टा प्रोत्साहन

#### पछिको मापन (Subsequent Measurement)

#### आर.ओ.यू सम्पत्ति

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्यांकंन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टी र सञ्चित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन वापतको रकम समायोजन

गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टीको लेखांकन गर्ने गरिएको छ ।

**पट्टा दायित्व**

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखांकन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात निम्न हिसाबले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र

कुनै प्रकारको पुनर्मुल्यांकन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्वित गर्ने खालको पुनः निर्धारित रकम ।

**खर्चको पहिचान र मापनः**

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरूको पहिचान गर्ने गर्दछ ।

- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टी
- पट्टा दायित्वमा ब्याज खर्च
- आर.ओ.यू सम्पत्तिको हानी
- परिर्वतनशील पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टी खर्च र हानीलाई नाफा नोक्सान विवरणको ४.२८ ह्रासकट्टी र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणको ४.२० अन्तर्गत प्रस्तुत गरिएको छ ।

**३.१० सम्भावित दायित्वहरूः**

संस्थाले सम्भावित दायित्वहरूको पहिचान तथा लेखांकन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरूमा देहाय बमोजिमका विषयहरू समावेश गरिएका छन्:

३.१०.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरू जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरूले निर्क्यौल गर्दछ ।

३.१०.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएका दायित्वहरू

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको ।
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

**३.११ आयको पहिचानः**

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखांकन गर्ने गरेको छ ।

**३.११.१ ब्याज आम्दानीः**

ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका

सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरू समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुँदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको "खुद प्राप्ति मुल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संस्थाले आ.व २०७९/८० मा रू. ७,६४,७९,७९९ र आ.व २०७८/७९ मा रू. ८,३६,९२,१६५ ब्याज आम्दानीमा लेखांकन गरेको छैन ।

ब्याज आम्दानी सम्बन्धी थप विवरण बुँदा नं. ४.१९ मा प्रस्तुत गरिएको छ ।

**३.११.२ शुल्क तथा कमिशन आय**

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखांकन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरू सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखांकन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख) मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

शुल्क तथा कमिशन आय सम्बन्धी थप विवरण बुँदा नं. ४.२१ मा प्रस्तुत गरिएको छ ।

**३.११.३ लाभांश आम्दानी:**

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखांकन गरिन्छ ।

बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा कर कट्टी गरिए पश्चात बाँकी रहेको खुद रकमका आधारमा लेखांकन गरिन्छ ।

संस्थाले प्राप्त गरेको लाभांश आम्दानीको विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

**३.११.४ खुद व्यापारिक आम्दानी :**

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मुल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल संस्थाको कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन ।

यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ ।

**३.११.५ अन्य सञ्चालन आम्दानी:**

विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाइदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, संरक्षित पुँजी फिर्ता कोष वापत प्राप्त आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

**३.११.६ गैर सञ्चालन आम्दानी:**

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी, व्यापारिक आम्दानी तथा अन्य सञ्चालन आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ । घर भाडा आम्दानी, एम्बुलेन्स सञ्चालनबाट आम्दानी, भ्यान सञ्चालनबाट आम्दानी, शव वाहन सञ्चालनबाट आम्दानी तथा सामान बिक्रीबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२९ मा प्रस्तुत गरिएको छ ।

**३.११.६.१ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान):**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ । यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मुल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मुल्यको फरकलाई जनाउने गर्छ ।

**३.१२ ब्याज खर्चः**

सदस्यहरूको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखांकन गरिन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ४.२० मा प्रस्तुत गरिएको छ ।

**३.१३ कर्मचारी खर्चः**

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा वापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालिन तथा दीर्घकालिन प्रकृतिका कर्मचारी खर्चहरू रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखांकनको लागि संस्थाले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ । संस्थाले कर्मचारीहरूबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरू पर्दछन्ः

**३.१३.१ अल्पकालिन कर्मचारी खर्चहरूः**

तलब, भत्ता, विदा वापतको रकम भुक्तानी तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरू (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालिन कर्मचारी खर्चहरूमा पर्दछन् । अल्पकालिन कर्मचारी खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरे पश्चात वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरू (पारितोषिक) प्राप्त गर्ने अधिकारको सिर्जना भएमा गरिन्छ ।

**३.१३.२ रोजगारपछिको सुविधा जस्तैः**

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी) ।
- अन्य रोजगारपछिको लाभ जस्तै रोजगारपछिको जीवन बीमा, रोजगारपछिको औषधोपचार सेवा

**३.१३.२.१ परिभाषित योगदान योजनाः**

- NAS 19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगारपछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरूको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानूनी र निर्मित दायित्व आउँदैन ।
- परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नुपर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखांकन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रूपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले १ वर्ष प्रशिक्षण अवधि पूरा भएका प्रत्येक

कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरू NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

**३.१३.२.२ परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगारपछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ । संस्थाले आफ्नो सबै कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गराई सकेको हुनाले कर्मचारी उपदान वापतको सेवा सुविधा रहेको छैन ।

**३.१३.३ अन्य दीर्घकालिन कर्मचारी सुविधा**

**कर्मचारी विदा वापतको खर्च**

(क) संस्थाको स्वीकृत नियमावली बमोजिम कर्मचारीहरूलाई वार्षिक घर विदा, बिरामी विदा, भैपरी विदा, सुत्केरी विदा, सट्टा विदा तथा क्रिरिया विदा वापत प्रदान गरिने क्षतिपूर्तिहरू कर्मचारी विदा वापतको खर्चमा समावेश गरिन्छ ।

ख) विदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्:

- सञ्चित हुने, र
- सञ्चित नहुने ।

ग) संस्थाले हाल आफ्नो कर्मचारीहरूको कुनै पनि विदा सञ्चित नहुने नीति लिएको छ र सोही अनुरूप कर्मचारीको बाँकी रहेको विदा सोही आर्थिक वर्षमा नै भुक्तानी गरी वा दायित्व सिर्जना गरी राफसाफ गर्ने गरेको छ । उक्त विदा वापतको खर्च अल्पकालिन कर्मचारी खर्च अन्तर्गत वित्तीय विवरणमा प्रस्तुत गरिएको छ ।

**३.१४ पट्टा:**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखांकन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मुल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधि भर समदर गणना विधि (Straight Line Basis) अनुसार गरिएको छ भने अन्य पट्टाहरूको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रूपमा लेखांकन गर्ने गरेकोछ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

**३.१५ विदेशी विनिमय कारोवार:**

विदेशी विनिमय मुद्रामा भएको कारोवारलाई सो कारोवार भएको दिनको विनिमय दरका आधारमा नेपाली रूपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रूपैयाँमा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.१६. शेयर पुँजी र जगेडा कोषहरू:**

शेयर पुँजीलाई चुक्ता मुल्यमा लेखांकन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था

अनुसार संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने १६ वर्ष उमेर पूरा गरेका नेपाली नागरिकहरू कम्तीमा एक थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन् । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर, Convertible Instrument आदि रहेको छैन । संस्थाले निम्न प्रकारका जगेडा तथा कोष कायम गरेको छ ।

**३.१७. कोषहरू:**

कोष अन्तर्गत साधारण जगेडा कोष, सदस्य शिक्षा कोष, संस्था विकास कोष, शेयर लाभांश कोष, कर्मचारी बोनस कोष, घाटापूर्ति कोष, सामुदायिक विकास तथा सदस्य सुरक्षण कोष, अन्य जोखिम व्यवस्थापन कोष, NFRS समायोजन कोष आदि पर्दछन् ।

**३.१७.१ NFRS समायोजन कोष**

संस्थाले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण बाँडफाँड योग्य नभएको मुनाफा सिर्जना भएको खण्डमा यस NFRS समायोजन कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ । यस कोष अन्तर्गत ब्याज मुल्तवीबाट जनाइएको ब्याज आम्दानी, स्थगन कर सम्पत्ति वरावरको रकम र एनएफआरएस बमोजिम जनाइएको ख्याति पर्दछन् ।

**३.१७.२ सञ्चित नोक्सानी कोष**

संस्थाले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोको कारण सम्पत्ति तथा दायित्वको मुल्यांकनमा देखिने भिन्नतालाई यस सञ्चित नोक्सानी कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ ।

**३.१७.३ साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफा रकमको कम्तीमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडफाँडपछिको रकमको कम्तीमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ ।

**३.१७.४ संरक्षित पुँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँडपछिको रकमको २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ । संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकम कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्ने हुनाले उक्त रकमलाई ४.१५ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ ।

**३.१७.५ सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँड पछिको

रकमको ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति लिएको छ । सहकारी प्रवर्द्धन कोषमा रहेको रकम सहकारी ऐन, २०७४ को दफा ७० अनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको कोषमा जम्मा गनुपर्ने हुनाले उक्त रकमलाई ४.१५ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ ।

**३.१७.६ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष**

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तीमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरू: सामुदायिक विकास कोष, स्थिरिकरण कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस तथा कल्याण कोष, संस्था विकास कोष र सदस्य शिक्षा कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ तर संस्थाले NFRS खुद मुनाफाबाट सञ्चित नोक्सानी, NFRS समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्द्धन कोष र संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँड पछिको रकमलाई निम्न प्रतिशतको आधारले प्रत्येक माथि उल्लेखित कोषहरूमा बाँडफाँड गर्ने नीति लिएको छ ।

| कोष | प्रतिशत |
|---|---|
| सदस्य शिक्षा कोष | ५% |
| संस्था विकास कोष | ५% |
| कर्मचारी बोनस कोष | २०% |
| घाटापूर्ति कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% |
| शेयर लाभांश कोष | ५०% |
| **जम्मा** | १००% |

**३.१७.७ अन्य कोष :**

संस्थाको नीति अनुसार विभिन्न उद्देश्य हासिल गर्न निम्न स्वतन्त्र कोषहरू खडा गरेको छ ।

**३.१७.७.१ घातक रोग उपचार कोष:**

सदस्यहरूलाई विभिन्न प्राण घातक रोगहरू लागेको अवस्थामा संस्थाको तर्फबाट वित्तीय सहायता उपलब्ध गराउने उद्देश्यले सदस्यहरूको योगदानमा आधारित रहने गरी संस्थाले घातक रोग उपचार कोष खडा गरी सञ्चालन गरेको छ । उक्त कोष सम्बन्धी संस्थाको नीति बमोजिम १८ विभिन्न घातक रोगहरूमा कारोवारको आधारमा अधिकतम रू. ५,००,००० सम्म सुविधा प्रदान गर्ने व्यवस्था गरिएको छ । सम्पूर्ण सुविधाहरू सदस्यहरूले वर्षभरि गरेको कारोवार तथा नियमित रूपमा जम्मा गरिएको मासिक बचतको आधारमा गणना गरी भुक्तानी गर्ने नीति लिइएको छ ।

**३.१७.७.२ उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार कोष:**

संस्थाले वि.स. २०७६ सालमा राष्ट्रिय सहकारी महासंघबाट यस संस्थाले उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्राप्त गर्ने क्रममा भुक्तानी प्राप्त भएको नगद रकम उक्त कोषमा जम्मा गरी वित्तीय प्रतिवेदनमा प्रस्तुत गर्ने नीति लिइएको छ ।

**३.१८ प्रतिशेयर आम्दानी :**

संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति शेयर आम्दानी (EPS) तथ्यांकलाई प्रस्तुत गर्छ । आधारभूत EPS साधारण शेयरधनीहरूको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ तर संस्थाले भारित

औसत शेयरधनीको संख्याको सट्टा आर्थिक वर्षको अन्त्यमा रहेको शेयरधनीको संख्याको प्रयोग गरेको छ । Diluted EPS साधारण शेयरधनीहरूका लागि रहेको नाफा वा नोक्सान र भारित औसत शेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ ।

**३.१९ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था**

संस्थाले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ । उक्त सम्पत्तिको किताबी मुल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढी भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ । नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ । यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढी हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ ।

**३.२० नगद प्रवाह विवरण:**

संस्थाले नगद प्रवाहको विवरण NAS 07 – Statement of Cash Flows को Direct Method अनुसार तयार गरेको छ । नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रित गरेको हुन्छ ।

प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ :

- सञ्चालन कारोवारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोवारबाट भएको नगद प्रवाह

**३.२१ प्रस्तावित लाभांश:**

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखांकन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणापछि संस्थाको अधिकारमा नरहे पश्चात इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ्ग मितिपछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चात्को घटना भनेर देखाइन्छ ।

**३.२२ तुलनात्मक रकम**

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरू पुनवर्गीकरण गरिएका छन् ।

**३.२३ आन्तरिम वित्तीय रिपोर्टिङ्ग**

वित्तीय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरू नियामक रिपोर्टिङ्ग आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ । ती रिपोर्टहरू आवश्यकता अनुसार प्रकाशित गरिएको छ तर संस्थाले अन्तरिम रिपोर्टहरूका तथ्यांकहरूलाई NFRS अनुसार लेखांकन गरी प्रस्तुत गर्ने गरेको छैन ।

**४. वित्तीय विवरण:**

वित्तीय विवरणहरू ४.१ देखि ४.३१ सम्म संलग्न गरिएको छ ।

**५. प्रकटीकरण तथा थप जानकारी**

**५.१ वित्तीय सम्पत्ति तथा दायित्वको बजार मुल्य**

**५.१.१ बजार मुल्य मापनको श्रेणीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मुल्यको मापन गर्न सो मुल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छः

**श्रेणी १**

यस श्रेणीमा बजार मुल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रूपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मुल्यलाई कुनै समायोजन विना लिइन्छ ।

यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्ति बिच खरिद बिक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको बजार मुल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी २**

यस श्रेणीमा बजार मुल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपलब्ध हुने उपयुक्त तथ्यांकका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्यांक निम्न प्रकारका रहेका छन्ः

सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मुल्यः

- तुलनात्मक रूपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मुल्य ।
- वित्तीय उपकरणहरूको बजार मुल्यको मापन गर्दा सो को मुल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्यांक उपलब्ध हुँदा मात्र गरिन्छ ।

यदि कुनै वित्तीय उपकरणको बजार मुल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा, सहकारीले सो को बजार मुल्य मुल्यांकनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मुल्यांकन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरूपता भएको वित्तीय सम्पत्तिको बजार मुल्यलाई लिएर उचित र आवश्यक समायोजन गरी मुल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको शुरूवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोवार मुल्यलाई बजार मुल्यको रूपमा लिइन्छ ।

**श्रेणी ३**

बजार मुल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मुल्यांकनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मुल्यांकन पद्धतिबाट आएको मुल्यलाई बजार मुल्यको रूपमा लिने गरिन्छ । मुल्यांकन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरूपता भएको वित्तीय सम्पत्तिको Net Present Value र Discounted Cash Flow Model अनुसारको मुल्यलाई समेत तुलनात्मक रूपमा हेरिन्छ ।

### ५.१.२ बजार मुल्यमा लेखांकन गरिएका वित्तीय उपकरणः

सहकारीले निम्न बमोजिमका वित्तीय उपकरण बजार मुल्यमा लेखांकन र प्रस्तुत गर्ने गरेको छः

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका इक्विटीमा भएका लगानी

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका इक्विटीमा भएको लगानी यदि स्वतन्त्र सक्रिय बजारमा सो वित्तीय उपकरणको सूचिकृत मुल्य उपलब्ध भएसम्म सो मुल्यमा अन्यथा श्रेणी ३ अनुसार उपलब्ध हुने तथ्यांकका आधारमा गरिन्छ ।

संलग्न वित्तीय विवरणमा प्रस्तुत गरिएको वित्तीय उपकरणको बजार मुल्य तथा सो को निर्धारणको लागि छनौट गरिएको श्रेणीहरू निम्न प्रकार रहेका छन् :

| विवरण | २०८० आषाढ मसान्त | २०७९ आषाढ मसान्त | २०७८ आषाढ मसान्त | श्रेणी |
|---|---|---|---|---|
| इक्विटी उपकरणहरू | | | | |

| | | | | |
|---|---|---|---|---|
| सूचिकृत शेयर | - | - | - | श्रेणी १ |
| सूचिकृत नगरिएको शेयर | २३,१४९,५००.०० | २३,१४९,५००.०० | २३,१३९,५००.०० | श्रेणी ३ |
| कुल लगानी | २३,१४९,५००.०० | २३,१४९,५००.०० | २३,१३९,५००.०० | |

## ५.२ सम्बन्धित पक्षहरूको विवरणः

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय वा सञ्चालन सम्बन्धी निर्णयहरूलाई प्रभाव पार्न सक्ने भएमा ती पक्षहरू सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरूमा सहायक कम्पनीहरू, सम्वद्ध कम्पनीहरू, संस्थाका मुख्य शेयरधारकहरू, सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकहरू र उनीहरूका नजिकका पारिवारिक सदस्यहरू पर्दछन् । संस्थाले जसरी दुई असम्बन्धित पक्षहरू भएको खण्डमा कारोवार गर्दछ, त्यसरी नै आफ्नो सम्बन्धित पक्षहरूहरूसँग त्यस्तै शर्तहरूमा कारोवार गर्दछ ।

### ५.२.१ संस्थाका सञ्चालकहरू र प्रमुख कार्यकारी अधिकृत

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरू तथा उनीहरूका नजिकका परिवारिक सदस्यहरू पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 “Related Party Disclosures” अनुसार संस्थाको गतिविधिहरू सम्बन्धी योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरूलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरूको रूपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरूप संस्थाको सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण उच्च व्यवस्थापन तहका कर्मचारीहरूलाई संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरूको रूपमा पहिचान गरेको छ ।

आषाढ मसान्त २०८० मा संस्थाको सञ्चालक समितिका सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरू हुन् :

| क्र.स. | सदस्य नं. | नाम थर | पद |
|---|---|---|---|
| १ | ६ | योगेन्द्रकुमार कुँवर | अध्यक्ष |
| २ | २६२ | हरिहर सिग्देल | उपाध्यक्ष |
| ३ | ९ | अच्युतकुमार कार्की | सचिव |
| ४ | ६३ | मीनाकुमारी पाठक | कोषाध्यक्ष |
| ५ | ४० | शरद कुँवर | सह-सचिव |
| ६ | ५ | शिवशंकर मानन्धर | सदस्य |
| ७ | १३३९२ | ऋषिराम घिमिरे | सदस्य |
| ८ | ४५ | लक्ष्मीबहादुर महर्जन | सदस्य |
| ९ | २५१ | दिलकुमारी महर्जन | सदस्य |
| १० | १२१ | गोविन्द बस्नेत | सदस्य |
| ११ | ५९५२ | रबिना महर्जन | सदस्य |
| १२ | ११६० | सुबास श्रेष्ठ | सदस्य |
| १३ | १०७६९ | कृष्णकुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |

## ५.३ मर्जर तथा एक्विजिसन

सहकारीले आर्थिक वर्ष २०७९/८० मा कुनै मर्जर तथा एक्विजिसन गरेको छैन ।

## ५.४ रिपोर्टिङ अवधि पछिका घटनाहरूः

रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरिने मितिको बिचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरूलाई रिपोर्टिङ अवधिपछिका घटनाहरू भनिन्छ ।

रिपोर्टिङ अवधिपछिका घटनाहरूको लेखांकन र रिपोर्टिङको लागि NAS-10 "Events after the Reporting Period" को पालना गरिन्छ ।

**रिपोर्टिङ अवधिपछिका समायोजन हुने घटनाहरू**

रिपोर्टिङ अवधिपछि समायोजन गर्नुपर्ने घटनाहरू कुनै रहेको छैन ।

## ५.५ भारित औसत ब्याजदरको अन्तरः

| विवरण | दर |
|---|---|
| ऋण तथा सापटीमा भारित औषत ब्याजदर | १५.१८% |
| निक्षेप तथा ऋणमा भारित औषत ब्याजदर | ११.६५% |
| खुद भारित औषत ब्याजदर अन्तर | ३.५३% |

## ५.६ पर्ल्स (PEARLS) अनुपात

**तुलनात्मक पर्ल्स विश्लेषण प्रतिवेदन, २०८० आषाढ मसान्त**

| सूचांक | | लक्ष्य | अनुपात | | २०८० आषाढ | २०७९ आषाढ |
|---|---|---|---|---|---|---|
| **P = Protection: (सुरक्षण)** | | | | | | |
| P1 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | ९,५३७,६३१.२१ | ९,५३७,६३१.२१ | १००.००% | १००.०% |
| P1 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था (साविक एच. एण्ड बि.) | १००% | ६५,०१६,६७६.९१ | ८४,०००,०००.०० | ७७.४०% | २१.६% |
| P2 | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | ९,४४५,७९१.८८ | २६,९८७,९७६.८० | ३५.००% | ३५.०% |
| P2X | असल ऋणको लगि व्यवस्था (ने.रा. बैंकको निर्देशन तथा संस्थाको निर्णयानुसार) | १% | - | २,००१,३३२,१५२.९६ | ०.००% | ०% |
| **E = Effective Financial structure: (प्रभावकारी वित्तीय संरचना)** | | | | | | |
| E1 | कुल सम्पत्तिमा खुद ऋणको अनुपात | ७०-८०% | २,०७०,७६५,८४३.९३ | ३,०५०,५९०,२७०.३७ | ६७.८८% | ६६.६०% |
| E5 | कुल सम्पत्तिको अनुपातमा बचत हिसाब | ७०-८०% | २,६७६,०३२,०००.२० | ३,०५०,५९०,२६९.८४ | ८७.७२% | ८२.१४% |
| E6 | कुल सम्पत्तिको अनुपातमा बाह्य ऋण | ५५ भन्दा कम | १२,१००,०००.०० | ३,०५०,५९०,२६९.८४ | ०.४०% | ०.९१% |
